# आवधिक शिक्षा योजना

## २०८१/८२ देखि २०८५/८६ सम्म




## छत्रदेव गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज, अर्घाखाँची

प्रकाशकः
छत्रदेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छत्रगञ्ज, अर्घाखाँची।

सर्वाधिकारः छत्रदेव गाउँपालिका

ISBN:

यस योजना सम्बन्धी सम्पूर्ण अधिकार छत्रदेव गाउँपालिकामा निहित रहेको छ। छत्रदेव गाउँपालिकाको लिखित स्वीकृतिबिना व्यापारिक वा अन्य कुनै प्रयोजनका लागि यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन।

# हाम्रो भनाइ

नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार प्रदत्त अधिकार प्रयोग गरी छत्रदेव गाउँपालिकाले शिक्षा सम्बन्धी पञ्चवर्षीय योजना तयार गरेको छ। संवैधानिक प्रावधानअनुसार देशमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरू क्रियाशील रहेको अवस्थामा तीनै तहका सरकारका कार्यक्रमहरूलाई एकीकृत गरी शैक्षिक गतिविधि सञ्चालन गर्नका लागि यो शिक्षा योजनाले सहयोग गर्ने अपेक्षा रहेको छ।

नेपालको संविधानको धारा ३१ मा रहेको शिक्षा सम्बन्धी हक तथा धारा ५१ मा रहेको राज्यका नीति, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र २४ साथै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ मा भएका व्यवस्था कार्यान्वयनका लागि यो योजना सहयोगी सिद्ध हुनेछ।

नेपाल सरकारले २५ वर्षे दीर्घकालीन सोचको रूपमा समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य राखेको छ। यसका लागि, शिक्षाको माध्यमबाट मानव संसाधनको विकास, प्राकृतिक स्रोतहरूको उचित प्रयोग र अवसरहरूको समुचित उपयोग गर्न सकिन्छ। राष्ट्रिय शिक्षा नीति, राष्ट्रिय विज्ञान प्रविधि र नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक, २०१५ देखि २०३० सम्मको १५ वर्षे दिगो विकास लक्ष्य र १६ औं आवधिक योजनाका लक्ष्यहरू पुरा गर्न तथा कोभिड १९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी शिक्षा योजनाको निर्माण गरिएको छ।

यो योजना निर्माण कार्यमा गाउँ शिक्षा योजना निर्माण समितिका अध्यक्ष तथा छत्रदेव गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डे, सदस्यहरू प्रकाशमणि घिमिरे, कृष्णप्रसाद पौडेल, जिवन कुमार श्रेष्ठ, पशुपति आचार्य, मेनका भुसाल, धनिश्वर पाण्डे र गीता अर्याल तथा सदस्य-सचिव एवम् शिक्षा अधिकृत तुल्सीराम न्यौपानेको महत्त्वपूर्ण भूमिका रहेको छ। शिक्षा सम्बन्धी यस योजनाको ड्राफ्टमा विद्यालयका प्रधानाध्यापक, गाउँ कार्यपालिका सदस्यहरू, गाउँ शिक्षा समिति तथा सरोकारवालाहरूबाट विभिन्न समयमा प्राप्त रचनात्मक सुझावहरू समावेश गरिएको छ। यो योजना निर्माण कार्यमा संलग्न सबैप्रति छत्रदेव गाउँपालिका धन्यवाद प्रकट गर्दछ।

यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवालाहरूको सक्रियताको अपेक्षा गरिएको छ।

छत्रदेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छत्रगञ्ज, अर्घाखाँची

# विषयसूची


**परिच्छेद १: परिचय** १-६

१.१ वर्तमान अवस्था

१.२ मुख्य समस्या र चुनौतीको विश्लेषण

**परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ७-१६

२.१ शिक्षा योजना निर्माणका आधार

२.२ दूरदृष्टि

२.३ लक्ष्य

२.४ उद्देश्य

२.५ रणनीति

२.६ कार्यनीति

२.७ अपेक्षित उपलब्धि

२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य

**परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्र** १७-३३

३.१ प्रारम्भिक बालविकास शिक्षा

३.२ आधारभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र** ३४-५३

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

४.२ शिक्षक व्यवस्थापन र विकास

४.३ शैक्षिक समता र समावेशीकरण

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

**परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन** ५४-५९

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

**परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन** ६०-६३

**परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन** ६४-६५

**अनुसूचीहरू** ६६-८०

# परिच्छेद १
# परिचय

नेपालको संविधानले शिक्षाको अधिकारलाई महत्त्वपूर्ण मानेको छ । वर्तमान संविधानअनुसार सङ्घीय गणतन्त्रात्मक व्यवस्था अन्तर्गत देशमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरू क्रियाशील छन् । यस संविधानले प्रत्येक नागरिकहरूलाई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्नुका साथै माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ। यसका अतिरिक्त संविधानले अपाङ्गता भएका आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा प्राप्त गर्ने हक प्रदान गरेको छ । साथै मातृभाषामा शिक्षा प्राप्त गर्ने हकको पनि व्यवस्था गरिएको छ । यसरी संविधानले शिक्षालाई सर्वसुलभ र समावेशी बनाउने प्रयास गरेको छ । गुणस्तरीय शिक्षा र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति र सामाजिक न्यायलाई साकार गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। यस्तो शिक्षा प्रणालीले मात्र समतामूलक समाज निर्माण गर्न सक्दैन तर मानव संसाधनको विकास गरेर राष्ट्रको आर्थिक समृद्धि र सामाजिक प्रवर्धनमा पनि योगदान पुऱ्याउँछ। यसले असल संस्कृति र सामाजिक समन्वयलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासलाई बलियो बनाउँछ। त्यसैले गुणस्तरीय र समान अवसर प्रदान गर्ने शिक्षा नीति र व्यवस्थापनमा ध्यान दिनु अत्यन्तै आवश्यक छ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा मान्यता दिएको छ र यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कानुनी आधार तयार पारिएको छ। यस सन्दर्भमा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ र यससँग सम्बन्धित नियमावली ल्याइएको छ। यस ऐनले प्रत्येक नागरिकलाई आधारभूत शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गर्दछ र यसको कार्यान्वयनलाई सहज बनाउन मद्दत पुऱ्याउदछ। अर्को तर्फ बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको हक र अधिकारलाई थप मजबुत बनाएको छ, जसमा शिक्षा पनि समावेश छ। यस ऐनले बालबालिकाको सुरक्षा र हितका लागि आवश्यक प्रावधानहरू राखेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले संविधान र कानुनी प्रावधानहरूको आधारमा शिक्षा क्षेत्रमा सुधार र परिवर्तनका लागि मार्गदर्शन प्रदान गरेको छ। यस नीतिले शिक्षा प्रणालीलाई समृद्ध बनाउन र गुणस्तरमा वृद्धि गर्न दिशानिर्देशन दिएको छ। यसरी संविधान र कानुनी दस्तावेजहरूको आधारमा शिक्षा क्षेत्र परिवर्तनको बाटो तर्फ उन्मुख हुँदैछ।

सङ्घीय स्वरूपको राज्य व्यवस्थामा विभिन्न तहका सरकारहरू बिचको आपसी समन्वय र सहकार्यले मात्रै राष्ट्रले परिलक्षित गरेका उद्देश्यहरू प्राप्त गर्न सकिन्छ।

नेपाल सरकारले २५ वर्षे दीर्घकालीन सोचको रूपमा समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य राखेको छ । यसका लागि, शिक्षाको माध्यमबाट मानव संसाधनको विकास, प्राकृतिक स्रोतहरूको उचित प्रयोग र अवसरहरूको समुचित उपयोग गर्न सकिन्छ । राष्ट्रिय शिक्षा नीति, राष्ट्रिय विज्ञान प्रविधि र नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक, २०१५ देखि २०३० सम्मको १५ वर्षे दिगो विकास लक्ष्य र १६ औं आवधिक योजनाका लक्ष्यहरू कोभिड १९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी शिक्षा योजनाको निर्माण गरिएको छ।

हाल, नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वि. सं २०७८ देखि २०८७ सम्मको नयाँ शिक्षा योजना कार्यान्वयनको प्रक्रिया अघि बढाएको छ । यो योजना नेपालको शिक्षा क्षेत्रलाई सन् २०२२ सम्ममा विकासशील मुलुकको रूपमा र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएका मुलुकको रूपमा स्तरोन्नति गर्ने लक्ष्यमा केन्द्रित छ । यसले समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरा गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ । यस सन्दर्भमा, छत्रदेव गाउँपालिकासमेत स्थानीय स्तरमा आधारित शिक्षा योजना निर्माणमा संलग्न छ । तीनै तहका सरकारबिचको समन्वय र सहकार्य, शिक्षा क्षेत्रको योजनाबद्ध विकास र दीर्घकालीन सोचको कार्यान्वयनले नै नेपाललाई समृद्धि र दिगो विकासतर्फ अगाडि बढाउनेछ।

## १.१ वर्तमान अवस्था

छत्रदेव गाउँपालिकाको मौजुदा अवस्थाको यथार्थ चित्रण वर्तमान अवस्थामा गरिएको छ। यस गाउँपालिकाको वर्तमान अवस्था तथ्य र तथ्याङ्कका आधारमा गाउँपालिकाको भौगोलिक अवस्थिति, जनसाङ्ख्यिक विवरण, सामाजिक र सांस्कृतिक अवस्था, आर्थिक

अवस्था र शैक्षिक अवस्था गरी छुट्टाछुट्टै शीर्षकमा प्रस्तुत गरिएको छ। यसले छत्रदेव गाउँपालिकाको वर्तमान अवस्था छर्लङ्ग पारेको छ।

### १.१.१ भौगोलिक अवस्थिति

छत्रदेव गाउँपालिका विश्वमान चित्रमा २८°००' देखि २८°१' उत्तरी अक्षांश र ८३°.१३' देखि ८३°८४' पूर्वी देशान्तरमा नेपालको अर्घाखाँची जिल्लामा अवस्थित पहाडी भूभागमा रहेको छ। ८७.६२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो गाउँपालिका समुन्द्री सतहदेखि करिब १२५० मिटर उचाईमा यो गाउँपालिकाको केन्द्र रहेको छ। साविकका बल्कोट, केरुङ्गा, छत्रगञ्ज, ठुलापोखरा, भगवती गा.वि.स. को सबै भाग र चिदिका गा.वि.स.को १ नं. देखि ८ नं. वडा, अर्घातोष गा.वि.स. को २ नं. देखि ५ नं. वडा र मरेङ्ग गा.वि.स. को ७ नं. देखि ९ नं. वडा सम्मका गा.वि.स.का भू-भागहरूलाई मिलाइ सिङ्गो छत्रदेव गाउँपालिका बन्नुका साथै साविकको छत्रगञ्ज, हाल छत्रदेव-५ यसको प्रशासनिक केन्द्र रहेको छ।

यहाँको हावापानी समशितोष्ण प्रकारको छ। सुख्खा क्षेत्रकै रूपमा चिनिने यस क्षेत्रमा वार्षिक २२०० मिलिमिटर भन्दा कम वर्षा हुन्छ। गाउँपालिकाको प्रशासनिक केन्द्रमा सहज रूपमा पुग्न सकिन्छ भने सबै वडा कार्यालय र बस्तीहरूमा सडक विस्तार भएको छ। पहाडी जिल्ला भएता पनि यातायातको सुविधायुक्त क्षेत्र भन्दा कत्ति पनि अतिसयुक्त हुँदैन।

### १.१.२ जनसाङ्ख्यिक विवरणः

वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको प्रतिवेदनअनुसार छत्रदेव गाउँपालिकामा कुल ६२२८ परिवार सङ्ख्या रहेको छ। छत्रदेव गाउँपालिकाको कुल जनसङ्ख्या २१६११ जना रहेको छ। जसमा पुरूषको जनसङ्ख्या ९४९५ छ भने महिलाको जनसङ्ख्या १२११६ रहेको छ। जसमा कुल जनसङ्ख्याको ५६.१ प्रतिशत महिला र ४३.९ प्रतिशत पुरुषको हुन आउँछ। गाउँपालिकाको साक्षरता दर ७८.८ प्रतिशत रहेको छ। जसमा पुरुषको साक्षरता दर ८७.२ प्रतिशत रहेको छ भने महिलाको ७२.४ प्रतिशत रहेको छ। लैङ्गिक अनुपात हेर्दा प्रति सय महिला बराबर ७८.३७ जना पुरुष रहेको देखिन्छ। यसरी हेर्दा यस गाउँपालिकामा भएका जम्मा ८ वटा वडाहरूमध्ये सबैभन्दा बढी जनसङ्ख्या वडा नं ७ रहेको छ भने सबैभन्दा कम जनसङ्ख्या वडा नं. २ रहेको छ।

उमेरगत हिसाबले हेर्दा ४ वर्ष सम्मको जनसङ्ख्या ७.७ प्रतिशत रहेको छ। ५ वर्षदेखि ९ वर्षसम्मको जनसङ्ख्या ८.८ प्रतिशत छ भने १० वर्षदेखि १४ वर्ष उमेरको जनसङ्ख्या ९.२ प्रतिशत रहेको छ भने १५ वर्षदेखि १९ वर्ष उमेर समूहको जनसङ्ख्या ८.९ प्रतिशत छ। कुल जनसङ्ख्याको ४ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू छन् जसमा ३.६ प्रतिशत महिला अपाङ्गता छन् भने र ४.६ प्रतिशत पुरुष अपाङ्गता भएका व्यक्ति छन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जनसङ्ख्याको वार्षिक वृद्धिदर १.५%ऋणात्मक रहेको छ। यो वृद्धिदरको प्रवृत्ति विश्लेषण गर्दा यस्तो देखिन्छ।

| वर्ष | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८६ |
|---|---|---|---|---|---|---|
| प्रक्षेपित जनसङ्ख्या | २१६११ | २१२८६ | २०९६७ | २०६५३ | २०३४३ | १९१४९ |

गाउँपालिकामा रहेको जनसङ्ख्यामध्ये विद्यालय उमेर समूहका जनसङ्ख्या तपसिलअनुसार रहेको देखिन्छ।

| उमेर समूह | ०-९ | १०-१४ | १५-१९ |
|---|---|---|---|
| जनसङ्ख्या | ३५४२ | १९७९ | १९१९ |

### १.१.३. सामाजिक तथा सांस्कृतिक अवस्था

यस गाउँपालिकाको नामाकरणसँग धार्मिक इतिहास मुखरित भएको पाइन्छ। करिब ५००० वर्ष अगाडि कुरुक्षेत्रको महाभारत युद्धमा युद्ध अवलोकन गर्न आएका छत्रमहाराजाको शिर भगवान श्री कृष्णबाट छेदन भएपछि पहाडी खण्डको यस क्षेत्रमा आफू बस्ने चाहना गरेबमोजिम भगवान श्री कृष्णले उलुक छत्रमहाराजको मन्दिर यहाँ स्थापना गरेको जनश्रुति छ। उक्त मन्दिरमा परम्परादेखि हालसम्म दसैंमा ठुलो मेला लाग्ने गरेको छ। छत्रमहाराजको मन्दिर र छत्रमहाराज बसेको स्थान भएकाले यसको नाम छत्रदेव गाउँपालिका राखिएको हो।

यस गाउँपालिकामा हिन्दु धर्मावलम्बीको बाहुल्यता रहेपनि मुस्लिम धर्म मान्ने समुदाय पनि उल्लेख्य मात्रामा रहेका छन् । ब्राह्मण, क्षेत्री, जनजाति, दलित साथै अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूको साझा बासस्थानको रूपमा यो गाउँपालिका रहेको छ। विभिन्न जातजातिहरूका आ-आफ्नै संस्कारहरू परम्परागत रूपमा चल्दै आइरहेका छन् ।

ब्राह्मण, क्षेत्रीले दसैँ, तिहार, रक्षाबन्धन, तीज जस्ता चाडपर्वहरू मनाउँदै आइरहेका छन् भने जनजाति वर्गमा रहेको नेवार समुदायको गाईजात्रा, कालिका नाच, भैरव नाच, लाखे नाचहरूलाई निरन्तरता दिँदै आएका छन् । कुमाल जातिहरूको माटोको भाँडा बनाउने, खोलाको छेउछाउमा बसोबास गर्ने र माछा मार्ने जस्ता मौलिक पेसा तथा संस्कारहरू पनि यस छत्रदेव गाउँपालिकामा रहेको पाइन्छ । त्यस्तै दलित समुदायले पनि आफ्नो संस्कार अनुसाका चाडपर्वहरू मनाउने र बाँसका काम, फलामका हातहतियार र कृषि औजार बनाउने, सुन र तामाको काम जस्ता आफ्ना पुर्ख्यौली परम्परागत पेसाहरूलाई निरन्तरता दिँदै आएको छ । छत्रदेव गाउँपालिकामा धार्मिक विविधता पनि रहेको छ । यहाँ हिन्दु धर्मालम्बीहरूको साथसाथै इस्लाम धर्मालम्बीहरू पनि रहेका छन् । इस्लाम धर्मालम्बीहरूले ईद तथा बकर ईद मनाउँदै आइरहेका छन् ।

छत्रदेव गाउँपालिका भौगोलिक बनावटमा सानो रहेता पनि यहाँ सामाजिक विविधता रहेको पाइन्छ। नेवार, मगर र कुमाल जातिहरूको समुदायमा आ-आफ्नै मातृभाषाहरू प्रयोग गरेको पाइन्छ। स्थानीय समुदायमा आ-आफ्नै रैथाने ज्ञान, सिप र प्रविधिको पनि प्रयोग गरेको पाइन्छ।

### १.१.४. आर्थिक अवस्था

यस गाउँपालिकाको मुख्य आर्थिक स्रोत कृषि हो । यस गाउँपालिकाको समग्र क्षेत्रफलको ३१.१२ वर्ग कि.मि. क्षेत्रफल खेतीयोग्य रहेको छ । गाउँपालिकाको बेंसी क्षेत्रका समथर भु-भागमा बालुवा र पाँगो मिश्रित उर्वर माटो पाइन्छ । गाउँपालिकाको सबै क्षेत्र पशुपालनका लागि उपयुक्त रहेको र व्यावसायिक रूपमा पशुपालन पनि हुँदै आएको छ । यहाँको प्रमुख खाद्यवालीहरूमा मकै, धान, गहुँ, कोदो आदि रहेका छन् । त्यस्तै तरकारी बालीहरूमा मध्यपहाडी क्षेत्रमा पाइने सबै प्रकारका तरकारी बालीहरू, फलफूल बालीहरूमा सुन्तला, अम्बा, केरा र नगदे बालीमा कफि खेती हुने गर्दछ।

यो गाउँपालिका पर्यटनको समेत प्रचुर सम्भावना भएको गाउँपालिका हो । यहाँका पर्यटकीय स्थलहरूमा छत्रदेवालय मन्दिर, बल्कोट पौवा, अर्वुण मस्जिद, म्यालटुप्पा मस्जिद, केरुङ्गा कालिका मन्दिर, धैरेनी दरबार, माझकोट कालिका मन्दिर, आकाशेदेवी मन्दिर, मालिका देवालय र मडेलचौरको छहरालगायतका रहेका छन् । यस गाउँपालिकामा उद्योग, व्यापार र व्यवसायलगायतका क्रियाकलापको समेत सम्भावना रहेको छ । गाउँपालिकामा ठुला उद्योगहरू सञ्चालनमा आउन नसकेता पनि स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु र कृषिजन्य उद्योगहरू रहेका छन् । गाउँपालिकाको विभिन्न स्थानमा कमेरो खानी र रातो माटोका खानीहरू रहेका छन् । यहाँको केही जनसङ्ख्या होटल, रेष्टुरेन्ट, पर्यटन र सेवा जस्ता क्षेत्रमा निर्भर रहेको देखिन्छ। यसका अलावा केही जनसङ्ख्या नोकरी र वैदेशिक रोजगारीमा संलग्न रहेको देखिन्छ । यहाँ विभिन्न बैङ्क, वित्तीय संस्था तथा सहकारी समूहहरू समेत सञ्चालनमा रहेका छन् ।

### १.१.५ शैक्षिक अवस्थाको विश्लेषण

राष्ट्रिय जनगणनाका अनुसार यस गाउँपालिकामा कुल जनसङ्ख्या २१,६११ मध्ये साक्षर जनसङ्ख्या १६,०२० रहेको छ। यो सङ्ख्या गाउँपालिकाको कुल जनसङ्ख्याको ७८.८० प्रतिशत रहेको छ भने महिलाको साक्षरता दर ७२.४० प्रतिशत र पुरुषको साक्षरता दर ८७.२० प्रतिशत रहेको छ।

छत्रदेव गाउँपालिकामा रहेका सामुदायिक तथा संस्थागत विद्यालय तहगत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं १.२

विद्यालय विवरण

| कक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | आधारभूत तह | | | माध्यमिक तह | | प्राविधिक धार | उच्च शिक्षा |
|---|---|---|---|---|---|---|---|---|
| | | कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | | |
| सामुदायिक | ४५ | ८ | ८ | ८ | ३ | ५ | २ | १ |
| संस्थागत | ५ | ० | १ | ० | ४ | ० | ० | ० |
| जम्मा | ५० | ८ | ९ | ८ | ७ | ५ | २ | १ |

माथि उल्लिखित तथ्याङ्कअनुसार छत्रदेव गाउँपालिकाका सामुदायिक विद्यालयहरूमध्ये प्रारम्भिक बालविकास तथा शिक्षा ४५,कक्षा १-३ सम्म सञ्चालित ८, आधारभूत तह १-५ सञ्चालित ८, आधारभूत तह १-८ सञ्चालित ८, माध्यमिक तह १-१० सञ्चालित ३ तथा माध्यमिक तह १-१२ सञ्चालित ५ रहेका छन् । संस्थागत विद्यालयहरूमध्ये प्रारम्भिक बालविकास तथा शिक्षा ५, आधारभूत तह १-५ सञ्चालित १, माध्यमिक तह १-१० सञ्चालित ४ संस्थागत विद्यालयहरू रहेका छन् । सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयको जम्मा सङ्ख्या ५० रहेको छ । प्राविधिक धारतर्फ एउटा विद्यालय सञ्चालित छ ।

तालिका नं. १.२ अनुसारका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा तपसिलमा उल्लेख गरिएअनुसारको शिक्षक दरबन्दी रहेको छ ।

**तालिका नं. १.३**

**तहगत शिक्षक दरबन्दी विवरण**

| क्र.स. | तह | दरबन्दी | राहत | अनुदान (स्थानीय तह) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | ४५ | - | - | ४५ | |
| २ | आधारभूत तह (कक्षा १-५) | १०९ | २३ | | १३२ | |
| ३ | आधारभूत तह (कक्षा ६-८) | ३३ | १४ | १० | ५७ | |
| ४ | माध्यमिक तह (९-१०) | ३१ | ९ | ४ | ४४ | |
| ५ | माध्यमिक तह (११-१२) | ४ | ६ | - | १० | |
| | **कुल जम्मा** | **२२२** | **५२** | **१४** | **२८८** | |
| ६ | सामुदायिक सिकाइ केन्द्र | २ | | | २ | |
| ७ | शिशु स्याहार केन्द्र | - | - | - | - | |
| ८ | मदरसा धार्मिक | २ | | | २ | |
| ९ | स्रोतकक्षा सञ्चालित विद्यालय | १ | | | १ | |

माथि उल्लिखित तथ्याङ्कअनुसार यस छत्रदेव गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा १२ सम्म कुल २७४ स्वीकृत दरबन्दी, ५२ राहत दरबन्दी र तहगत र विषयगत आधारमा शिक्षक दरबन्दी अपुग भएका विद्यालयहरूका लागि गाउँपालिकाले १४ जना स्वयंसेवक शिक्षक राखि कुल जम्मा २८८ शिक्षकहरू कार्यरत रहेका छन् । बढ्दो बसाईंसराइ र ऋणात्मक जनसङ्ख्या वृद्धिदरका कारण दिनप्रति दिन विद्यार्थी सङ्ख्या घट्दै जाँदा विद्यालयमा पनि त्यसको प्रभाव देखिँदै गएको छ । छत्रदेव गाउँपालिकाका सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरूको तहगत र लिङ्गगत विवरण तपसिलअनुसार रहेको छ ।

**तालिका नं. १.४**

**विगत तीन वर्षको घट्दो विद्यार्थी सङ्ख्या देखाउने तालिका**

| क्र.सं. | शैक्षिक सत्र | विद्यार्थी सङ्ख्या सामुदायिक | घटेको सङ्ख्या | घटाइ दर(%) |
|---|---|---|---|---|
| १ | २०७८ | ४८६४ | | |
| २ | २०७९ | ४५९४ | २७० | ५.५५ |
| ३ | २०८० | ४३१२ | २८२ | ६.१४ |
| ४ | २०८१ | ३६४७ | ६६५ | १५.४२ |

माथि उल्लिखित शैक्षिक तथ्याङ्कहरूले छत्रदेव गाउँपालिकाको शैक्षिक अवस्थालाई छर्लङ्ग पारेका छन् ।

## १.२ मुख्य समस्या तथा चुनौतीहरूको विश्लेषण

यस गाउँपालिकाका शिक्षा क्षेत्रका प्रमुख समस्याहरू निम्नानुसार रहेका छन् :

- सिकाइ उपलब्धि न्यून रहनु,
- विद्यार्थीहरूको कक्षा छाड्ने दर बढी हुनु,
- कक्षा १-५ सञ्चालित विद्यालयहरूमा विद्यार्थी सङ्ख्या न्यून हुनु,
- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुँदा प्रविधिको प्रयोग गरी शिक्षण गर्न कठिन हुनु,
- शिक्षाका लागि पर्याप्त बजेट व्यवस्थापन नहुनु,
- निजी लगानीबाट सञ्चालित विद्यालयहरूको उचित व्यवस्थापन नहुनु,

- विद्यार्थीहरू नियमित नहुनु,
- सूचना प्रविधिमैत्री पूर्वाधारको अपर्याप्तता,
- अङ्ग्रेजी, गणित र विज्ञान विषयको औसत सिकाइ उपलब्धि अन्य विषयको तुलनामा कमजोर हुनु,
- कतिपय भौतिक पूर्वाधार कच्ची र जीर्ण हुनु,
- लक्षित निरक्षर तथा सीमान्तकृत वर्गका लागि विशेष शिक्षाको व्यवस्था नहुनु,
- विद्यालयहरूमा पुस्तकालय र प्रयोगशालाको पर्याप्तता नहुनु,
- अभिभावक शिक्षा कार्यक्रमको प्रबन्ध नहुनु,
- शैक्षिक ऋण तथा छात्रवृत्तिको व्यवस्था नहुनु,
- चुस्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था नहुनु,
- परिवर्तित सन्दर्भअनुसार शिक्षक तालिमको पर्याप्तता नहुनु,
- विद्यालयहरूमा प्रयोगात्मक कक्षाहरू व्यवस्थित नहुनु,
- विद्यार्थीको सिकाइप्रति अभिभावकको चासो कमी हुनु,
- कक्षा ११-१२ सञ्चालित विद्यालयहरू व्यवस्थित तथा सुविधा सम्पन्न नहुनु

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

गुणस्तर र सान्दर्भिकता प्रमुख चुनौती रहेको यो गाउँपालिका अर्घाखाँची र गुल्मी जिल्लाका सदरमुकामहरूका बिचमा रहेकाले यहाँका विद्यार्थीहरू उक्त ठाउँका विद्यालयहरूमा जानका लागि सहज मान्ने तथा बसाइँसराइ गरी बजार तर्फ जाने सङ्ख्यासमेत बढी भएकाले विद्यार्थी यहीँ रोक्नुपर्ने; केही समुदायका बालबालिकाहरू अझैपनि विद्यालय बाहिर रहेकोमा उनीहरूलाई विद्यालयसम्म ल्याउनुपर्ने; कक्षा १-५ सञ्चालित विद्यालयहरूमा विद्यार्थी सङ्ख्या पर्याप्त नहुदाँ हाल रहेका दरबन्दी सङ्ख्यामा समेत कटौती हुन सक्ने तथा कक्षागत दरबन्दी अभाव हुनु, सार्वजनिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण कम हुनु, हरेक विद्यालयमा दक्ष जनशक्तिको अभावले सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी युग सुहाउँदो शिक्षा दिने विषय असहज हुनु,गाउँपालिकाको आन्तरिक आय स्रोत नगण्य मात्रामा भएकाले सीमित स्रोतले असीमित आवश्यकताहरू पूरा गर्न गाह्रो पर्नु, विद्यालयहरूमा शैक्षिक सामग्री, प्रयोगशालालगायत संरचना अपर्याप्तता हुनुका साथै सो संरचना प्रयोगका लागि दक्ष जनशक्ति तयार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नुपर्ने जस्ता चुनौतीहरू रहेका छन् ।

शिक्षा योजना कार्यान्वयनमा आइपर्न सक्ने चुनौतीहरू निम्नानुसार पहिचान गरिएको छ।

- लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन,
- जनसाङ्खिकीय प्रवृत्ति (विशेषतः जन्म र बसाइँसराई), बनोट र बसोबास साथै भौगोलिक विकटताका कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिन,
- स्थानीय परिवेशका कारण भइरहेको विद्यालय शिक्षक दरबन्दीलाई न्यायोचित वितरण गर्न कठिन,
- विद्यालयमा थप आर्थिक व्यवस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न कठिन,
- दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार र शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न कठिन,
- विपद्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर प्रदान गर्न आपतकालीन स्रोतसाधनको कमी,
- जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्न कठिन,
- सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत सङ्कलनमा चुनौती,
- जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अवलम्बन गर्न सिमित जनशक्ति र स्रोतका कारण अपेक्षित उपलब्धि प्राप्त गर्न कठिन।

## १.४ अवसर

भौगोलिक सुगमता तथा विद्यालय भवनको मात्र भौतिक व्यवस्थापन सन्तोषजनक हुनु;भौतिक व्यवस्थापनमा खर्च गर्नुपर्ने रकम कम गरी गुणस्तर तथा क्षमता विकासका काम गर्न सकिने अवस्था रहनु; केही विद्यालयहरू व्यवस्थित रूपमा सञ्चालित भइरहेकोले सो कार्य अन्यमा समेत अनुकरण गराउन सकिने अवस्था हुनु; धेरैजसो विद्यालयहरूमा शैक्षिक सामग्री, प्रयोगशालालगायत संरचना केही मात्रामा भएपनि स्थापित हुनु;गाउँपालिका पूर्ण साक्षर घोषणा भएको तथा बालमैत्री गाउँपालिका घोषणाको चरणमा रहनु; शिक्षासँग सम्बन्धित केही कानुन तथा कार्यविधिहरू तयारी अवस्थामा हुनु; हरेक प्रकारका विद्यालयहरू बालबालिकाको पहुँचमा हुनु जस्ता विषयहरू यस गाउँपालिकाको शिक्षा क्षेत्रको अवसरको रूपमा रहेका छन् ।

शिक्षा क्षेत्रकाअन्य सम्भावित अवसरहरूको निम्नानुसार रहेका छन् ।

- संवैधानिक तथा कानुनी आधारहरू प्राप्त हुनु,
- शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु,
- स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु,
- तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,
- स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु,
- स्थानीय तहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु,
- वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु ।
- शिक्षामा राज्य बाहिरका संयन्त्रको लगानी भित्र्नु,
- शिक्षा क्षेत्रमा क्रमशः बजेट बढाउँदै लगिनु,

## परिच्छेद २ :

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिइएका आधारहरू

गाउँ शिक्षा योजना स्थानीय तहको शैक्षिक योजनाको मेरुदण्ड हो । स्थानीय तहको यस महत्त्वपूर्ण कार्यमा विभिन्न ऐन, नियम, नीति तथा निर्देशिकाहरूमा भएका नीतिगत व्यवस्थाहरूलाई आधार लिइ यो योजना निर्माण निर्माण गरिएको छ। ति आधारहरूलाई निम्नानुसार उल्लेख गरिएको छ।

२.१.१ **संवैधानिक प्रावधान**

**धारा ३१**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।

३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।

४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

**धारा ५१ राज्यका नीतिः (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः**

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने ।

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन रव्यवस्थापन गरी सेवामूलक बनाउने ।

३.  उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाइ क्रमशः निःशुल्क बनाउँदै लैजाने ।

४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने ।

यसैगरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समूहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ।

२.१.२ **स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

**दफा ११ (२) ज (स्थानीय तहको शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन

५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

**दफा २४ योजना बनाइ कार्यान्वयन गर्ने**:

क) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागु गर्नुपर्ने छ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागतकम लाग्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्धन गर्न सघाउ पुऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ।

ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ।

२.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमा सम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्नेछ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्न सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्नेछ।

**२.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७**

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले ४ वर्ष पूरा भइ १३ वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्नेछ।

२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ।

३. दफा १४अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने।

४. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने।

५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने

६. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था

७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा

८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने

९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था

१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार क) सामुदायिक सिकाइ केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम। (नियम ३)

११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकुलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधासहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ। (नियम४)

१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाइ शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तकबापतको रकम। (नियम ५)

१३. छात्रवृत्ति तथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक, साङ्केतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुविधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि)। (नियम ६)

१४. जनआन्दोलन, सशस्त्र सङ्घर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनरीवापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्नेछ।

## २.२. दूरदृष्टि

राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानवस्रोत विकासका लागि गुणस्तरीय शिक्षा

## २.३ लक्ष्य

शिक्षा क्षेत्रको क्षमता विकास गरी गुणस्तरीय तथा आधुनिक शिक्षामार्फत् सिपयुक्त, प्रतिस्पर्धी मानव स्रोतको विकास गर्ने ।

## २.४ उद्देश्य

यस योजनाको लक्ष्यलाई पूरा गर्न देहायबमोजिमका विशिष्ट उद्देश्यहरू राखेको छ।

१. विद्यालय तहका सबै कक्षाहरूमा सबै बालबालिकाको पहुँच सुनिश्चित गरी अनिवार्य र निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा पूरा गर्ने वातावरण सिर्जना गर्नु,

२. सबै नागरिकका लागि साक्षरता र निरन्तर शिक्षाको अवसर उपलब्ध गराउनु,

३. गुणस्तरीय शिक्षाका लागि सबै विद्यालयमा सूचना प्रविधिसँग सम्बन्धित पूर्वाधार विकास गरी प्रविधिमैत्री तथा तालिमप्राप्त जनशक्ति व्यवस्थापन गर्नु,

४. व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षाको व्यवस्थापन गर्नु,

५. सबै विद्यालयमा शैक्षिक सामग्री,सूचना तथा सञ्चार प्रविधिको पर्याप्ततासहित बालमैत्री वातावरण कायम गर्नु,

६. हरेक विद्यालयमा विपद् जोखिम न्यूनिकरणसहित सङ्कटपूर्ण परिस्थितिमा समेत बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु,

७. विद्यालयहरूमा सुशासन प्रवर्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु,

## २.५ रणनीति

उल्लिखित उद्देश्यहरू प्राप्त गर्न योजनाको कार्यान्वयनका लागि निम्नलिखित रणनीतिहरू तय गरिएकोछ।

१.१ नक्साङ्कनका आधारमा विद्यालयहरू समायोजन तथा थप गर्ने ।

१.२ विपन्न परिवारका विद्यार्थीहरूलाई शिक्षाका लागि पर्याप्त हुनेगरी छात्रवृत्ति व्यवस्थापन गर्ने ।

१.३ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन गर्ने र समुदायलाई समेत जिम्मेवार बनाउने,

२.१ ६० वर्षभित्रका निरक्षर रहेका व्यक्तिहरूका लागि साक्षरता शिक्षाको व्यवस्था गर्ने ।

२.२ निरन्तर शिक्षा र विशेष शिक्षाको व्यवस्था मिलाउने ।

३.१ सबै विद्यालयमा सूचना प्रविधिसँग सम्बन्धित पूर्वाधारहरू (कम्प्युटर र इन्टरनेट) व्यवस्थापन गर्ने ।

३.२ सबै शिक्षकहरूलाई सूचना प्रविधिसँग सम्बन्धित आधारभूत सिप विकासका लागि कार्यक्रम गर्ने ।

३.३. शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने ।

३.४ शिक्षक दरबन्दी अभाव नगराउनका लागि स्वयंसेवक शिक्षक व्यवस्थापन गर्ने ।

४.१ प्राविधिक शिक्षामा आकर्षण वृद्धिका लागि कार्यक्रम गर्ने ।

४.२ स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने तथा स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक विकास गर्ने ।

४.३ विद्यालय शिक्षामा नैतिक शिक्षा तथा जीवनोपयोगी शिक्षाका विषयहरू समावेश गरी शिक्षण गर्ने ।

५.१ सबै विद्यालयमा आवश्यक पर्ने सबै शैक्षिक सामग्रीको व्यवस्था गर्ने ।

५.२ विद्यालयमा बालमैत्री वातावरण कायम गर्ने ।

५.३ हरेक विद्यालयमा सरसफाइ, फूलबारी निर्माण, पर्याप्त शौचालय र शुद्ध खानेपानीको व्यवस्था गर्ने ।

६.१ विभिन्न किसिमका विपद्बाट सुरक्षित रहन सक्ने गरी आवश्यक विद्यालयका भौतिक पूर्वाधार पुनःनिर्माण गर्ने ।

६.२ हरेक विद्यालयमा विपद्को समयमा सुरक्षित रहनसक्ने क्षेत्र निर्धारण गर्ने र विपद्मा सुरक्षित रहने उपायहरूबारे सचेत गराउने ।

६.३ विपद्को अवस्थामा समेत शिक्षा प्राप्त गर्ने आवश्यक पूर्वाधार विकास गर्ने ।

७.१ विद्यालयमा सुशासन प्रवर्धन गर्ने ।

७.२ विद्यार्थीहरूलाई सिकाइका लागि उत्तरदायी बनाउने।
७.३ अभिभावक, विद्यार्थी र शिक्षकको त्रिपक्षीय सम्बन्ध मजबुत बनाउने।
७.४ विद्यालय-समुदाय सम्बन्ध मजबुत बनाउने।

## २.६ कार्यनीति

हरेक योजनामा लिइएका रणनीतिहरूलाई पूरा गर्न कार्यनीतिहरू आवश्यक पर्ने हुँदा यस गाउँ शिक्षा योजनाका रणनीतिहरूलाई हासिल गर्न तपसिलबमोजिमका कार्यनीतिहरू तयार पारिएको छ। यी कार्यनीतिले यस योजनालाई कार्यान्वयनमा लैजान सहजता ल्याउनेछ।

- गाउँपालिकाभित्रका विद्यालयहरूको पुनः नक्साङ्कन गरी आवश्यकताका आधारमा नयाँ विद्यालयको स्थापना तथा पुराना विद्यालयको निश्चित मापदण्डका आधारमा विद्यालय समायोजन गरिनेछ।
- विपन्न तथा आर्थिक अवस्था कमजोर भएका परिवारका विद्यार्थीलाई पाठ्यपुस्तक तथा पठन-लेखन सामग्रीहरू, विद्यालय पोसाक तथा शिक्षण सिकाइका लागि अति आवश्यक सामग्री उपलब्ध गराउन छात्रवृत्तिको व्यवस्थापन गरिनेछ।
- छत्रदेव गाउँपालिकाभित्रका विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँच, आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क रूपमा उपलब्ध गराउनका लागि आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन गरिनेछ।
- ६० वर्षभित्रका निरक्षरहररूको पहिचान गरी आवश्यकतानुसार  साक्षरता शिक्षाका कक्षा सञ्चालन गरिनेछ।
- निरन्तर तथा विशेष शिक्षाको व्यवस्थापनका लागि आवश्यक आर्थिक स्रोत तथा मानव संशाधनको व्यवस्थापन गरिनेछ।
- गाउँपालिका भित्रका सबै विद्यालयहरूलाई सूचना तथा प्रविधिको पहुँचमा पुर्‍याउनका लागि आवश्यकतानुसार कम्प्युटर तथा इन्टरनेटको व्यवस्थापन गरी शिक्षकलाई सूचना तथा सञ्चार प्रविधि सम्बन्धी तालिमको व्यवस्थापन गरिनेछ।
- शिक्षण सिकाइ क्रियाकलापलाई सूचना तथा सञ्चार प्रविधिसँग जोडी कक्षाहरू सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ।
- शिक्षक विद्यार्थी सङ्ख्या र भौगोलिक बनावटका आधारमा शिक्षकको दरबन्दी मिलान गरिनेछ। शिक्षक दरबन्दी अपुग भएका विद्यालयमा तहगत र विषयगत आधारमा स्वयंसेवक शिक्षकको व्यवस्थापन गरिनेछ।
- प्राविधिक शिक्षामा विद्यार्थीको आकर्षण वृद्धि गर्नका लागि विद्यार्थीलाई आवश्यक छात्रवृत्तिको व्यवस्थापन गरिनेछ।
- स्थानीय पाठ्यक्रम समयसापेक्ष परिमार्जन तथा पाठ्यपुस्तकको  विकास गरिनेछ।
- विद्यालय शिक्षामा बालबालिकाहरूमा नैतिक शिक्षा र जीवनोपयोगी शिक्षा विकास गर्नका लागि आवश्यक विषयहरू समावेश गरी शिक्षण कार्य अगाडि बढाइनेछ।
- सबै विद्यालयमा आवश्यकतानुसार शिक्षण सामग्रीको व्यवस्थापन गरिनेछ।
- विद्यालयमा बालमैत्री वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- विद्यालयलाई हरित विद्यालयमा रुपान्तरण गर्नका लागि सरसफाइ, फूलबारी निर्माण, पर्याप्त शौचालय र शुद्ध खानेपानीको व्यवस्थापन गरिनेछ।
- जोखिममा रहेका विद्यालय भवनहरूको मर्मत तथा पुनःनिर्माण गरिनेछ।
- विद्यालयमा विपद्को समयमा सुरक्षित रहनका लागि विपद् जोखिम नक्साङ्कन गर्न तथा विपद्मा सुरक्षित रहन विद्यार्थीहरूमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयहरूमा सुशासन प्रवर्धन गर्नका लागि गाउँपालिका-प्रधानाध्यापक करार सम्झौता, प्रधानाध्यापक- शिक्षक करार सम्झौता गरी कार्य सम्पादन मूल्याङ्कन गरिनेछ।
- विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिवृद्धि गराउनका लागि उत्कृष्ट विद्यार्थी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।
- अभिभावक, विद्यार्थी र शिक्षकको त्रिपक्षीय सम्बन्धलाई मजबुत बनाउनका लागि विद्यालयमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

- विद्यालय समुदाय सम्बन्धलाई मजबुत बनाउनका लागि विद्यालयमा अभिभावक भेला नियमित गराउन विद्यालयहरूलाई प्रेरित गरिनेछ।

## २.७ अपेक्षित उपलब्धि

यस योजनाको अन्त्यमा छत्रदेव गाउँपालिकामा निम्नानुसारका उपलब्धिहरू हासिल हुनेछन्।

- विद्यालय तहका सबै कक्षाहरूमा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित हुनेछ।
- निरक्षर नागरिकका लागि साक्षरता शिक्षाका कक्षाहरू सञ्चालन हुनेछन्।
- शिक्षाको मूलधारमा समावेश हुन नसकेका नागरिकका लागि निरन्तर शिक्षाको अवसर प्राप्त हुनेछ।
- सबै विद्यालयमा सूचना प्रविधिका पूर्वाधार तयार भएका हुनेछन्।
- सबै शिक्षकहरूले आधारभूत प्राविधिक ज्ञान (कम्प्युटर र इन्टरनेट) प्राप्त गरेका हुनेछन्।
- विद्यालय शिक्षणमा नैतिक मूल्यमा आधारित प्राविधिक र जीवनोपयोगी शिक्षा समावेश भएको हुनेछ।
- सबै विद्यालयमा शैक्षिक सामग्रीको पर्याप्तता हुनेछ।
- सबै विद्यालयमा बालमैत्री वातावरण कायम हुनेछ।
- हरेक विद्यालयमा विपद् जोखिम न्यूनीकरणका लागि भौतिक पूर्वाधार विकास भएको हुनेछ।
- विद्यालयमा सुशासन प्रवर्धन भएको हुनेछ।
- बालबालिकाहरू आफ्नो सिकाइप्रति जिम्मेवार भएका हुनेछन्।
- विद्यालय समुदाय सम्बन्ध मजबुत भएको हुनेछ।
- विद्यार्थी, शिक्षक र अभिभावकबिचको त्रिपक्षीय सम्बन्ध मजबुत भएको हुनेछ।

## २.८ मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य निर्धारण

यो शिक्षा योजनाको अवधिमा हासिल हुने मुख्य मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य तलको तालिकामा उल्लेख गरिएको छ :

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ७४.१ | ८०.०० | ८५.०० | ९५.०० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिइ कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका प्रतिशत | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ९४.७ | ९६.०० | ९८.०० | १००.०० | | |
| **२. आधारभूत शिक्षा १ देखि ८** | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ९३.३ | ९५.०० | ९७.०० | ९९.०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ११६.० | ११०.०० | १०५.०० | १००.०० | | |
| २.३ | कक्षा १ देखि ५को खुद भर्ना दर | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १००.० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ९७.८ | ९८.०० | ९९.०० | १००.०० | | |
| २.४ | कक्षा १ देखि ५को कुल भर्ना दर | राष्ट्रिय | ११९.२ | ११५.० | ११०.० | १०५.० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ११७.० | ११०.०० | १०५.०० | १००.०० | | |

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहकोसूचक | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.५ | कक्षा ५ को खुद प्रवेश दर | राष्ट्रिय | ९८.३० | | | | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ९३.०० | ९५.०० | ९७.०० | ९९.०० | | |
| २.६ | कक्षा ५ को कुल प्रवेश दर | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५ | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ११२.०० | १०८.०० | १०४.०० | १००.०० | | |
| २.७ | कक्षा ५ सम्मको टिकाउ दर | राष्ट्रिय | ९३.० | | | | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ८९.०० | ९२.०० | ९४.०० | ९९.०० | | |
| २.८ | कक्षा ५ पूरागर्ने दर | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ८०.४ | ८५.०० | ९०.०० | ९९.०० | | |
| २.९ | कक्षा १-५ मा भर्ना भएका ५ देखि ९ वर्ष उमेर भन्दा माथिका बालबालिका | राष्ट्रिय | २२.२ | २० | १५ | १० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | १४ | १२.०० | १०.०० | ८.०० | | |
| २.१० | कक्षा १ देखि ५को कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | १.०६ | १.०४ | १.०२ | १.०१ | | |
| २.११ | कक्षा १ देखि ८ को खुद भर्ना दर | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ९५.९ | ९६.०० | ९७.०० | ९८.०० | | |
| २.१२ | कक्षा १ देखि ८ को कुल भर्ना दर | राष्ट्रिय | ११०.४ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ११०.६ | १०८.०० | १०४.०० | १०२.०० | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ८०.०० | ८५.०० | ९०.०० | ९५.०० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भइ कक्षा ८ पूरा गर्ने दर | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ७३.२ | ८३.०० | ९०.०० | ९५.०० | | |
| २.१५ | आधारभूत तहको कक्षा १ देखि ८ को कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | राष्ट्रिय | १.०१ | | | १.०१ | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | १.०१ | १.०१ | १.०१ | १.०१ | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिकाको सङ्ख्याको प्रतिशत | नेपाली | राष्ट्रिय | | | | | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | ७५.०० | ८०.०० | ८५.०० | ९०.०० | |
| | | गणित | राष्ट्रिय | | | | | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | ६०.०० | ७०.०० | ८०.०० | ९०.०० | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिकाको सङ्ख्याको प्रतिशत | नेपाली | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | ७८.६७ | ८०.०० | ८५.०० | ९०.०० | |
| | | गणित | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | ४२.६७ | ५०.०० | ६०.०० | ८०.०० | |
| | | अङ्ग्रेजी | राष्ट्रिय | | | | | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | ५८.६७ | ६०.०० | ७०.०० | ८०.०० | |

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहकोसूचक | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल भएका बालबालिकाको सङ्ख्या | नेपाली | राष्ट्रिय | ६८.५ | ७०.० | ७२. | ७५.० | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | ७०.४ | ७५.०० | ८०.०० | ८५.०० | |
| | | गणित | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.७० | | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | ५९.३ | ६५.०० | ७०.०० | ८०.०० | |
| | | विज्ञान | राष्ट्रिय | ४३.५ | ५०.० | ६०.० | ७०.० | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | ५८.८ | ६५.०० | ७०.०० | ८०.०० | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका प्रतिशत | कक्षा १-५ | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | ०.७ | ०.५ | ०.३ | ०.१ | |
| | | कक्षा १-८ | राष्ट्रिय | ६.६ | | १.० | ० | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | १.३ | १.० | ०.५ | ०.१ | |
| २.२० | कक्षा १-८ अध्यापनरत कुल शिक्षकहरूमध्ये महिला शिक्षकको सङ्ख्या प्रतिशत | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ४८.७ | ५०.० | ५०.० | ५०.० | | |
| | | **३. माध्यमिक शिक्षा कक्षा ९ देखि १२** | | | | | | |
| ३.१ | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | राष्ट्रिय | ४७.६ | | ६५.० | | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ५१.४ | ५५.०० | ६२.०० | ७०.०० | | |
| ३.२ | माध्यमिक तह कक्षा ९ देखि १२ को कुल भर्ना दर | राष्ट्रिय | ७१.४ | | | ९९.० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ७२.० | ७५.०० | ८०.०० | ८५.०० | | |
| ३.३ | माध्यमिक तह कक्षा ९ देखि १२ को कुल भर्ना दरमा लैङ्गिक समता सूचक | राष्ट्रिय | १.०२ | १.० | १.० | १.० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | १.०२ | १.० | १.० | १.० | | |
| ३.४ | आधारभूत तहको कक्षा ८ बाट कक्षा ९ मा जाने विद्यार्थी दर | राष्ट्रिय | ९७.५ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ८४.०० | ८८.०० | ९२.०० | ९६.०० | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | राष्ट्रिय | ६०.३ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ६०.०० | ६५.०० | ७०.०० | ८०.०० | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | राष्ट्रिय | २४.० | | | | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | २३.०० | २५.०० | २७.०० | ३०.०० | | |
| ३.७ | माध्यमिक तह ९-१२ मा कार्यरत महिला शिक्षक सङ्ख्या प्रतिशत | राष्ट्रिय | २०.६ | २२.० | २७.० | ३३.० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | १२.३८ | १५.०० | १८.०० | २०.०० | | |
| ३.८ | माध्यमिक तह कक्षा ९-१२ मा अध्यनरत विद्यार्थीहरू मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या | राष्ट्रिय | विज्ञान | | | १५.० | | |
| | | | प्राविधिक | १० | १७ | ३० | | |
| | | प्रदेश | विज्ञान | | | | | |
| | | | प्राविधिक | | | | | |
| | | स्थानीय | विज्ञान | | | | | |
| | | | प्राविधिक | ८५ | ९० | १०० | १२० | |

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहकोसूचक | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ३.९ | कक्षा १० का विद्यार्थीहरूको सिकाइ उपलब्धि | नेपाली | राष्ट्रिय | | | | | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | २.८ | २.९ | ३.० | ३.२ | |
| | | अङ्ग्रेजी | राष्ट्रिय | | | | | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | २.२ | २.४ | २.६ | २.८ | |
| | | गणित | राष्ट्रिय | | | | | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | १.६ | १.८. | २.० | २.२ | |
| | | विज्ञान | राष्ट्रिय | | | | | |
| | | | प्रदेश | | | | | |
| | | | स्थानीय | २.४ | २.६ | २.८ | ३.० | |
| **४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | पाँचवर्ष भन्दा माथिको साक्षरता दर | राष्ट्रिय | ५८.० | | ९५.० | | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ७५.०० | ८०.०० | ८५.०० | ९०.०० | | |
| ४.२ | ६ वर्षभन्दा माथिको साक्षरता दर | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ७८.०० | ८५.०० | ९५.०० | १००.०० | | |
| ४.३ | १४-२४ वर्ष उमेर समूहको साक्षरता दर | राष्ट्रिय | ९२.० | | ९९.० | | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ९४.०० | ९८.०० | ९९.०० | १००.०० | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (५ वर्षभन्दा माथि) | राष्ट्रिय | ०.६५ | | | ०.८० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ०.७ | ०.७५ | ०.८५ | ०.९० | | |
| **५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रुपले सक्रिय जनशक्ति प्रतिशत | राष्ट्रिय | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ५.०० | १०.०० | १५.०० | २०.०० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह उत्तीर्ण जनशक्ति सङ्ख्या | राष्ट्रिय | छात्रा | | | | | |
| | | | छात्र | | | | | |
| | | प्रदेश | छात्रा | | | | | |
| | | | छात्र | | | | | |
| | | स्थानीय | छात्रा | २० | २५ | ३० | ४० | |
| | | | छात्र | १५ | २५ | ३० | ४० | |
| **६. सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १ देखि ५ मा विद्यार्थी शिक्षक अनुपात | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | १०:१ | ११:१ | १२:१ | १२:१ | | |
| ६.२ | सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ६ देखि ८ मा विद्यार्थी शिक्षक अनुपात | राष्ट्रिय | ३०:१ | ३०:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | १६:१ | १८:१ | १९:१ | २०:१ | | |
| ६.३ | सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १ देखि ८ मा विद्यार्थी शिक्षक अनुपात | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | २०:१ | २१:१ | २२:१ | २३:१ | | |

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहकोसूचक | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ६.४ | सामुदायिक विद्यालयको माध्यमिक तह कक्षा ९ देखि १० मा विद्यार्थी शिक्षक अनुपात | राष्ट्रिय | ४०:१ | ३०:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | २५:१ | २८:१ | ३०:१ | ३०:१ | | |
| ६.५ | सामुदायिक विद्यालयको माध्यमिक तह कक्षा ९ देखि १२ मा विद्यार्थी शिक्षक अनुपात | राष्ट्रिय | | ३५:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ३०:१ | ३०:१ | ३०:१ | ३०:१ | | |
| | **७. शिक्षामा लगानी** | | | | | | | |
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट प्रतिशत | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ६ | ७ | ८ | १० | | |
| ७.२ | कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च हजारमा | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ७ | ८ | ९ | १० | | |
| ७.३ | कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च हजारमा | राष्ट्रिय | ११ | १५ | १७ | | | |
| | | प्रदेश | | | | | | |
| | | स्थानीय | ६.५ | ७ | ८ | ९ | | |

## परिच्छेद ३

# शिक्षाका मुख्य उपक्षेत्र

यस परिच्छेदमा परिच्छेद २ मा निर्धारण गरिएका लक्ष्य, उद्देश्यहरू पूरा गर्नका लागि शिक्षाका विभिन्न उपक्षेत्रहरू जस्तैः प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र अनौपचारिक शिक्षा र आजीवन सिकाइसँग सम्बन्धित उपक्षेत्रहरूको परिचय, वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि, नतिजा, मुख्य क्रियाकलापहरू र लक्ष्य निर्धारण जस्ता उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराइने कार्यक्रम हो। सर्वाङ्गीण विकास अन्तर्गत बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्दछन्। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समय अवधिमा सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा नेपालको निःशुल्क तथा अनिवार्य ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएको र नेपालको सोह्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा एक वर्षे कार्यक्रम समावेश गरिएको छ।

### ३.१.१ **वर्तमान अवस्था**

यस छत्रदेव गाउँपालिकामा हाल ४५ वटा बालविकास केन्द्रहरू सामुदायिक विद्यालयमा सञ्चालनमा रहेका छन्। यसैगरी पाँच वटा संस्थागत विद्यालयमा पनि ५ बालविकास केन्द्र सञ्चालनमा रहेका छन्। संस्थागत विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षाका ३ वर्षे कार्यक्रम सञ्चालनमा छन् भने सामुदायिक विद्यालयमा रहेका प्रारम्भिक बालविकास तथा शिक्षामा १ देखि २ वर्षे कार्यक्रम सञ्चालनमा छ। यस गाउँपालिका बालविकास कक्षामा ८१४ जना बालबालिकाहरू रहेका छन्। बालविकास केन्द्रमा जम्मा ४५ शिक्षकहरूले आधारभूत तालिम प्राप्त गरेका छैनन्। विद्यालयमा सञ्चालित बालविकास केन्द्रको अवस्था सन्तोषजनक देखिए पनि समुदायमा आधारित बालविकास केन्द्रहरूको व्यवस्थापन कमजोर रहेको छ। बालविकास केन्द्रको सहयोगी कार्यकर्ताहरूको सेवा, सुविधा समेत स्पष्ट गर्नुपर्ने अवस्था रहेको छ। यस गाउँपालिकाको बालविकासमा सहजै देखिने भर्नादर ८३.३० प्रतिशत, बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाहरू ९४.७० प्रतिशतरहेको छ।

प्रारम्भिक बालविकास तथा शिक्षाका निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

- प्रारम्भिक बालविकासका सबै बालबालिकालाई उक्त शिक्षाको पहुँचमा पुऱ्याउने।
- सबै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा गर्ने।
- प्रारम्भिक बालविकास केन्द्रका शिक्षकको वृत्ति विकास र क्षमता विकास गर्ने।
- उच्च बसाइँसराई र न्यून जन्मदरको कारणले विद्यार्थी सङ्ख्या बढाउने।

### ३.१.२ **उद्देश्य**

यसः योजनाको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको समग्र उद्देश्य सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ। यसका लागि योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरू राखेको छ।

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच पुऱ्याउनु,
२. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
३. सबै बालविकास केन्द्रहरूलाई आवश्यक न्यूनतम सुविधाहरू उपलब्ध गराउनु,
४. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु।

### ३.१.३ **रणनीति**

योजनाका उद्देश्यहरू पूरा गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डबमोजिम बालविकास केन्द्रहरूको व्यवस्थापन गर्ने,

२. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन, पुनःवितरण तथा आवश्यकताको आधारमा नयाँ केन्द्रहरूको स्थापना गर्ने,

३. प्रभावकारी सिकाइको लागि बालविकासको पाठ्यक्रम अनुसार सिकाइ कुनामा आधारित सिकाइ सुनिश्चित गर्ने,

४. प्रारम्भिक बालविकासका कक्षाहरूमा सुरक्षित बसाइ व्यवस्थापन तथा आकर्षक, मनोरञ्जनात्मक र बालमैत्री बालविकास कक्षाको व्यवस्थापन गर्ने,

५. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूना कार्यमक्रमहरू सञ्चालन गरी पहुँच सुनिश्चित गर्ने,

६. प्रारम्भिक बालविकास सहजकर्ताहरूलाई आवश्यक तालिम प्रदान गर्ने,

७. बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारीताका लागि परिवार, समुदाय, सङ्घसंस्था निजी क्षेत्र र विद्यालयलाई जिम्मेवारी बनाइने,

**३.१.४ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुनेछ।
- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन्।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट तलको तालिकामा उल्लिखित नतिजा तथा परिमाणात्मक लक्ष्य प्राप्त हुनेछन्।

| क्र. सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | प्रारम्भिक बाल विकासमा कुल भर्ना सङ्ख्या | ८२७ | ८२७ | ८०० | ७६० | ७३५ | ७०० | विद्यार्थी सङ्ख्या |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकासको सङ्ख्या | ५ | १० | २० | ३० | ४० | ४५ | बालविकास सङ्ख्या |
| ३ | तालिम प्राप्त बालविकास सहजकर्ता सङ्ख्या | २० | १० | २० | ३० | ४० | ४५ | सहजकर्ता सङ्ख्या |
| ४ | प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने प्रतिशत | ९४.७० | ९६.०० | ९८.०० | १००.०० | १००.०० | १००.०० | प्रतिशत |

**३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन, समायोजन, पुनःसंरचना र वितरण | पटक | - | १ | - | १ | - | २ | |
| २ | बाल शिक्षामा सहकार्य तथा सहयोगका लागि अन्य निकायहरूलाई प्रोत्साहन | निकाय | ५ | ५ | ५ | ५ | ५ | २५ | |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ३ | न्यूनतम मापदण्ड अनुसार बालविकास केन्द्रका लागि कम्तीमा २ कोठा र शौचालयसहितको पूर्वाधार निर्माण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ४ | बालविकास शिक्षकलाई आधारभूत तालिम | जना | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | |
| ५ | बालविकास केन्द्रमा सूचना प्रविधिको व्यवस्था | वटा | २ | २ | २ | २ | २ | १० | |
| ६ | बाल उद्यान तथा शैक्षिक, खेलकुद सामग्री निर्माण तथा सजावट | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | अनुगमन, समन्वय, सम्परीक्षण र सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ८ | बालविकास केन्द्रको अभिलेखीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | बालविकास सहजकर्तासँग कार्य सम्पादन करार सम्झौता | वार्षिक एक पटक | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | |

## ३.२ आधारभूत शिक्षा

आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा ८ सम्म दिइने शिक्षा भनेर चिनिन्छ। हाल पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तहलाई तीन तहमा विभाजन गरेको छ। आधारभूत तहको पहिलो तहमा कक्षा १-३, दोस्रो तहमा कक्षा ४-५ र तेस्रो तहमा कक्षा ६-८ रहने व्यवस्था गरेको छ। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ। यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइमा मार्गप्रशस्त गरी मुलुको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुने  अवसर प्रदान गर्दछ। नेपालको संविधानले आधारभूत शिक्षामा समतामूलक पहुँच पुऱ्याइ गुणस्तर सुनिश्चितता गर्नु राज्यको दायित्त्वको रूपमा लिएको छ। नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच र आधारभूत शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुने व्यवस्था मौलिक हकमा गरेको छ। सोहीबमोजिम यस योजनामा गाउँपालिकाभित्रका विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँच पुऱ्याइ अनिवार्य तथा निःशुल्क शिक्षा दिने उद्देश्य राखिएको छ। यस खण्डमा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच गुणस्तर सुनिश्चित तथा कुशल व्यवस्थापकीय प्रबन्धको वर्तमान चुनौती पहिचान गरी आगामी ५ वर्षका लागि यस तहको शिक्षाको विकासका लक्ष्य, उद्देश्य, रणनीति, नतिजा तथा प्रमुख क्रियाकलापहरू उल्लेख गरिएको छ।

### ३.२.१ वर्तमान अवस्था

यस छत्रदेव गाउँपालिकामा हाल तीन तहका आधारभूत विद्यालयहरू रहेका छन्। जसमध्ये सामुदायिक तर्फ आधारभूत शिक्षा पहिलो तह (कक्षा १-३) का ८ वटा, दोस्रो तह (कक्षा १-५) का ८ वटा र तेस्रो तह (कक्षा १-८) का ८ वटा विद्यालयहरू रहेका छन्। त्यसैगरी संस्थागत विद्यालयतर्फ कक्षा १-५ सञ्चालित १ ओटा र कक्षा १-१० सञ्चालित ४ ओटा विद्यालयहरू रहेका छन्। सामुदायिक विद्यालयतर्फ आधारभूत तह (प्राथमिक तह) कक्षा १-५ का १०९ स्वीकृत दरबन्दी र २३ वटा राहत दरबन्दी गरी जम्मा १३६ शिक्षक दरबन्दी रहेको अवस्था छ। त्यसै गरी सामुदायिक विद्यालयतर्फ आधारभूत तह (निम्न माध्यमिक तह) कक्षा ६-८ का ३३ स्वीकृत

दरबन्दी र १४ वटा राहत दरबन्दी गरी जम्मा ४७ शिक्षक दरबन्दी रहेको अवस्था छ। जसमध्ये सबै शिक्षकहरू तालिम प्राप्त रहेका छन् । तर अहिलेको विज्ञान र प्रविधिको विकाससँग नेपाल पनि प्रविधिको क्षेत्रमा अगाडि बढिरहेका परिप्रेक्ष्यमा शिक्षकहरूलाई सूचना तथा प्रविधि सम्बन्धी तालिम दिई कक्षाकोठालाई पनि सूचना तथा सञ्चार प्रविधिसँग जोड्नुपर्ने अपरिहार्यता सिर्जना भएको छ।

आधारभूत तहको नतिजा हेर्दा कक्षा ५ र कक्षा ८ को सिकाइ उपलब्धि न्यूनस्तरको देखिन्छ। शैक्षिकसत्र २०८० को आधारभूत तह (कक्षा ८) को परीक्षाको नतिजा विश्लेषण अनुसार औसत सिकाइ उपलब्धि न्यून रहेको छ। यसमा पनि गणित, अङ्ग्रेजी र विज्ञान विषयको सिकाइ उपलब्धि अन्य विषयको तुलनामा न्यून रहेको छ। त्यसैगरी कक्षा ५ को २०८० सालमा सञ्चालित उपलब्धि परीक्षामा समेत न्यून उपलब्धि हासिल भएको छ। यस तहमा विद्यार्थीको कक्षा छाड्ने दर र आधाभूत तह पूरा गर्ने दरमा समेत चुनौती देखिन्छ।

जनसांख्यिक परिवर्तन, बढ्दो बसाइँसराइ तथा बस्तिको स्वरूपको कारण आधारभूत तहका कतिपय विद्यालयहरू पुनःवितरण र समायोजन गर्नुपर्ने अवस्था रहेको छ। यो तहमा अनिवार्य र निःशुल्क शिक्षालाई पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्नेछ। धेरै विद्यालयको भौतिक वातावरण सन्तोषजनक भएतापनि सूचना प्रविधिका पूर्वाधार, शैक्षिक सामग्री, प्रयोगशाला, पुस्तकालय, बुक कर्नरलगायतका कुराहरू थप व्यवस्थित गर्नुपर्नेछ। बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाइका क्षेत्रका सेवाहरू सुधार गर्नुपर्नेछ। शैक्षिकसत्र २०८० को नतिजा अनुसार कक्षा ८ मा विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने दरसमेत उच्च रहेको छ।

आधारभूत तह (कक्षा १-३) मा पूर्ण रूपमा निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्नुपर्नेछ। आधार कक्षाहरूमा हासिल गर्नुपर्ने उपलब्धि हासिल हुन नसक्दा विद्यार्थीको सिकाइले गति लिन सकेको छैन। विभिन्न प्रकोप तथा महामारीको समयमा वैकल्पिक शिक्षा प्रणालीका लागि व्यवस्थापन मिलाउनु आवश्यक छ। त्यसैगरी अभिभावक र समुदायको समेत विद्यालयमा सहभागिता वृद्धि गर्नुपर्नेछ। हाल कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक विकास गरी स्थानीय आवश्यकतामा आधारित विषयवस्तुहरू शिक्षणमा समायोजन गर्नुपर्नेछ। आर्थिक अभावले कक्षा छाड्ने तथा विद्यालयमा भर्ना नै नहुने अवस्थामा सुधार ल्याउन सक्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ।शिक्षक तयारी तथा विकासका कार्यक्रमहरू सञ्चालन गर्न, सुपरिवेक्षण तथा अनुगमन गर्न र संस्थागत विकासका कार्यक्रमहरू सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

माथिको विश्लेषणका आधारमा आधारभूत शिक्षामा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने।
- अनिवार्य तथा निःशुल्क शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने,
- आधारभूत तहको सिकाइ उपलब्धि वृद्धि गरी गुणस्तर कायम गर्ने।
- विद्यालय, अभिभावक र समुदायबिच सुमधुर सम्बन्ध कायम गर्ने।
- विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत पूर्वाधार विकास गरी सबै शिक्षकमा सो विषयमा आधारभूत ज्ञान तथा सिप विकास गर्ने।
- विद्यालय समायोजन तथा पुनःवितरण गरी पहुँच सहज बनाउने।
- विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने।
- आधारभूत तह (कक्षा ६-८) मा विषय शिक्षकको सुनिश्चितता गर्ने।
- बालबालिकाको स्वास्थ्य, पोषण तथा सरसफाइका क्षेत्रमा सुधार ल्याउने।
- नियमित विद्यालयमा उपस्थित हुन नसकेका विद्यार्थीका लागि विशेष कक्षाहरू सञ्चालन गर्ने।
- सुपरिवेक्षण र अनुगमन प्रणालीलाई व्यवस्थित गर्ने।
- शिक्षकको पेसागत विकासका लागि आवश्यक व्यवस्थापन मिलाउने।
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने।
- विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने।

### ३.२.२ **उद्देश्य**

यस योजनालेआधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु,
२. आधारभूत तहको शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्नु,
३. आधारभूत तहको न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गरी समग्र सिकाइ उपलब्धि वृद्धि गर्नु,
४. कक्षा १ मा भर्ना भएका सबै विद्यार्थीलाई कक्षा ८ सम्मको शिक्षा अनिवार्य रूपमा पूरा गराउनु,
५. आधारभूत तहका विद्यालयहरूको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
६. आधारभूत तहका सबै विद्यालयमा सूचना प्रविधिका आधारभूत पूर्वाधार विकास गरी सबै शिक्षकहरूलाई सूचना प्रविधि सम्बन्धी आधारभूत तालिम प्रदान गर्नु,
७. नक्साङ्कका आधारमा विद्यालहरूलाई समायोजन तथा पुनःवितरण गर्नु,
८. कक्षा ६-८ मा विषयगत शिक्षकको सुनिश्चितता गर्नु,
९. विद्यालयको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु,
१०. विद्यालय-समुदाय सम्बन्ध सुमधुर बनाउनु,
११. सुपरिवेक्षण तथा सहायता प्रणालीलाई व्यवस्थित गर्नु,

### ३.२.३ **रणनीति**

योजनाका उद्देश्यहरू पूरा गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक स्रोत व्यवस्थापन गरिनेछ।
२. आर्थिक अभावका कारणले आधारभूत शिक्षाबाट बञ्चित बालबालिकाका लागि सिकाइ सामग्री, पोसाक तथा अन्य व्यवस्थापन मिलाइनेछ।
३. नक्साङ्कनको आधारमा आधारभूत तहका विद्यालयहरू समायोजन तथा पुनःवितरण गरी पहुँच सुनिश्चित गरिनेछ।
४. आधारभूत तहमा पढाइ तथा सिकाइ सिप विकासका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
५. आधारभूत तहको न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्नका लागि विशेष कक्षाहरू सञ्चालन गरिनेछ।
६. विद्यालय र समुदाय सम्बन्ध विकासका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
७. आधारभूत तहका सबै विद्यालयहरूमा सूचना प्रविधिसम्बन्धी आधारभूत पूर्वाधार विकास गरिनेछ।
८. सबै विद्यालयको भौतिक पूर्वाधार सुनिश्चित तथा बालमैत्री बनाइनेछ।
९. आधारभूत तहका सबै शिक्षकहरूका लागि सूचना प्रविधिसम्बन्धी आधारभूत तालिम प्रदान गरिनेछ।
१०. कक्षा ६-८ मा विषयगत शिक्षक सुनिश्चितताका लागि आवश्यकताका आधारमा व्यवस्था गरिनेछ।
११. आधारभूत तह कक्षा १-३ को मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनका लागि शिक्षक तालिम तथा स्रोत सामग्री विकास गरिनेछ।
१२. आधारभूत तह कक्षा १-८ को मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
१३. विद्यालय सरसफाइ तथा विद्यालयमा हरियाली वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
१४. विद्यालयमा आवश्यक शैक्षिक सामग्रीको व्यवस्थापन गरिनेछ।
१५. सबै विद्यालयहरूमा पुस्तकालय/बुक कर्नरको व्यवस्थापन गरी विद्यार्थीमा पठन सिप विकास गरिनेछ।
१६. आधारभूत तह कक्षा ६-८ सञ्चालित विद्यालयहरूमा गणित र विज्ञान प्रयोगशालाका आधारभूत सामग्रीहरू व्यवस्थापन गरिनेछ।
१७. शिक्षकको पेसागत विकासका लागि सुपरिवेक्षण तथा सहायता प्रणालीको विकास गरिनेछ।
१८. विद्यालय प्रधानाध्यापकको करार सम्झौता गर्ने तथा सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गरिनेछ।
१९. विद्यालय बाहिर रहेका बालबालिकाहरूका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
२०. निजि विद्यालयहरू सामुदायिक विद्यालयमा समायोजन हुन चाहेमा प्रोत्साहन गरिनेछ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ।
- आधारभूत तहको न्यूनतम  सिकाइ उपलब्धि सुनिश्चित भइ गुणस्तर अभिवृद्धि भएको हुनेछ।
- सबै विद्यालयको भौतिक पूर्वाधार सुरक्षित र बालमैत्री भएको हुनेछ।
- सबै विद्यालयमा पुस्तकालय/बुक कर्नर, आधारभूत विज्ञान तथा गणित प्रयोगशाला व्यवस्थापन भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट तलको तालिकामा उल्लिखित नतिजा तथा परिमाणात्मक लक्ष्य प्राप्त हुनेछन्।

| क्र.सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | बालविकासको अनुभवसहित कक्षा १ मा भर्नादर | | ९४.७ | ९६ | ९८ | १०० | १०० | | |
| २ | कक्षा ५ मा भर्ना भएका कुन विद्यार्थीको सङ्ख्या | | ३०८ | ३१५ | ३३५ | ३५० | ३७० | | |
| ३ | कक्षा ८ मा भर्ना भएका विद्यार्थीको कुल सङ्ख्या | | ३२० | ३२९ | ३४० | ३५५ | ३६५ | | |
| ४ | कक्षा ३ को समग्र सिकाइ उपलब्धि प्रतिशत | | - | ७५ | ८० | ८५ | ८८ | | |
| ५ | कक्षा ५ को समग्र सिकाइ उपलब्धि प्रतिशत | | - | ५५ | ६७ | ७५ | ८० | | |
| ६ | कक्षा ८ को समग्र सिकाइ उपलब्धि प्रतिशत | | - | ६० | ६५ | ७० | ७५ | | |
| ७ | कक्षा ३ को न्यूनतम सिकाइ उपलब्धि प्रतिशत | | नेपाली | ७५ | ८० | ८५ | ९० | | |
| | | | अङ्ग्रेजी | ७५ | ७८ | ८५ | ९० | | |
| | | | गणित | ७५ | ७८ | ८५ | ९० | | |
| ८ | कक्षा ५ को न्यूनतम सिकाइ उपलब्धि प्रतिशत | | नेपाली | ७८.६७ | ८० | ८२ | ८५ | | |
| | | | अङ्ग्रेजी | ५८.६७ | ६५ | ७० | ७५ | | |
| | | | गणित | ४२.६७ | ५० | ५५ | ६० | | |
| ९ | कक्षा ८ को न्यूनतम सिकाइ उपलब्धि प्रतिशत | | नेपाली | - | ६० | ६५ | ७० | | |
| | | | अङ्ग्रेजी | - | ५५ | ६० | ६५ | | |
| | | | गणित | - | ५० | ५५ | ६० | | |
| १० | आधारभूत तह कक्षा १-८ मा सूचना प्रविधिको आधारभूत तालिम प्राप्त हुने शिक्षक | | २० | ४० | ६० | ८० | १०० | | |
| ११ | बुक कर्नर, गणित र विज्ञानका आधारभूत सामग्री भएको विद्यालय सङ्ख्या | | ५ | १० | १५ | २० | २५ | | |
| १२ | स्थानीय तहले लगानी गरेका विपन्न बालबालिकाको सङ्ख्या | | ५० | १०० | १५० | २०० | २५० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | आधारभूत तहमा पढाइ तथा सिकाइ सिप विकासका लागि शिक्षक तालिम तथा कार्यशालामा सहभागी शिक्षक सङ्ख्या | | ५० | १०० | १५० | २०० | २५० | | |
| १४ | विद्यालयमा हरियाली वातावरण कायम गर्नका लागि अनुदान प्राप्त विद्यालयको सङ्ख्या | | ५ | १० | १५ | २० | २५ | | |
| १५ | स्थानीय पाठ्यपुस्तक विकास सङ्ख्या | | ५ | ८ | | | | | |

### ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | विद्यालय नसाङ्कन, समायोजन र पुनःवितरण | पटक | - | १ | - | - | १ | २ | |
| २ | कक्षा ६-८ मा विषयगत शिक्षक व्यवस्थापन | जना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३ | कक्षा ३ र ५ को सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | आधारभूत तहका शिक्षकका लागि सूचना प्रविधिसम्बन्धी तालिम | सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ | १२५ | |
| ५ | आधारभूत तह (कक्षा १-३) का सबै विद्यालयमा पुस्तकालय/बुक कर्नर स्थापना | सङ्ख्या | १० | १० | १० | १० | - | ४० | |
| ६ | कक्षा ६- ८ सञ्चालित विद्यालयहरूका लागि गणित र विज्ञान प्रयोगशालाका न्यूनतम सामग्री व्यवस्थापन | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ७ | आर्थिक रूपमा विपन्न विद्यार्थीका लागि आर्थिक सहयोग | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ८ | स्थानीय पाठ्यक्रममा आधारित शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | आधारभूत तहमा पढाइ तथा सिकाइ सिप विकाससम्बन्धी तालिम | पटक | २ | २ | २ | २ | २ | १० | |
| १० | अभिभावक शिक्षक कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | अङ्ग्रेजी, नेपाली र गणित विषयको सिकाइ उपलब्धि अभिवृद्धिका लागि थप सामग्री विकास | पटक | १ | - | - | - | - | १ | | |
| १२ | विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

## ३.३ माध्यमिक शिक्षा

कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर बुझिन्छ। हाल नेपालमा साधारण, परम्परागत र प्राविधिक गरी ३ धारमा माध्यमिक शिक्षाका कार्यक्रमहरू सञ्चालित छन्। माध्यमिक शिक्षाले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधिको क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ। यो तह उच्च शिक्षाका लागि आधार तहसमेत हो।

हाल माध्यमिक तहमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले मार्गनिर्देशन गरेको पाठ्यक्रम कार्यान्वयनमा छ। नेपालको संविधानमा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने हक उल्लेख गरिएको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐनले नागरिकलाई शिक्षा प्रदान गर्ने दायित्त्व राज्यको हुने कुरा उल्लेख भएको छ। शिक्षा नीति, २०७६ ले माध्यमिक तहमा प्राविधिक धारलाई समेत विशेष महत्त्व दिएको छ। माध्यमिक तहमा पहुँच तथा गुणस्तर सुनिश्चित गर्नु आवश्यक छ।

### ३.३.१ वर्तमान अवस्था

छत्रदेव गाउँपालिकामा हाल सामुदायिकतर्फ ८ वटा र संस्थागततर्फ ४ वटा माध्यमिक विद्यालय सञ्चालनमा रहेका छन्। सामुदायिक तर्फका ३ वटा विद्यालयहरू कक्षा १० सम्म र ५ वटा विद्यालयहरू कक्षा १२ सम्म सञ्चालित छन्। माध्यमिक तहका ८ वटा विद्यालयमा ३१ वटा स्वीकृत दरबन्दी, ९ वटा राहत दरबन्दी र ४ वटा स्थानीय तहबाट अनुदान प्राप्त स्वयंसेवक शिक्षक गरी जम्मा ४४ दरबन्दी रहेका छन्। माध्यमिक तहको शैक्षिक सत्र २०८० को कक्षा १० को समग्र उत्तीर्ण प्रतिशत ४२ र कक्षा १२ को उत्तीर्ण प्रतिशत ६३ रहेको छ।

हाल माध्यमिक तह कक्षा ९-१० मा ५८१ विद्यार्थी र कक्षा ११-१२ मा ४३१ विद्यार्थी अध्ययनरत छन्। माध्यमिक तह कक्षा ९-१२ मा एउटा प्राविधिक विद्यालय समेत सञ्चालनमा रहेको छ। प्राविधिक विद्यालय सञ्चालनमा रहेतापनि उक्त विद्यालयमा विद्यार्थी सङ्ख्याको पर्याप्तता छैन। संस्थागत मध्ये २ वटा विद्यालयहरूले मात्र कक्षा ९-१० सञ्चालन गरेका छन्। यस गाउँपालिकामा माध्यमिक तहमा परम्परागत विद्यालयहरू सञ्चालनमा रहेका छैनन्। यहाँ कक्षा ११-१२ सञ्चालित ५ वटा विद्यालयहरूमा शिक्षाशास्त्र, व्यवस्थापन संकाय सम्बन्धित विषयहरूका साथै एउटा विद्यालयमा सिभिल इन्जिनियरिङ धार सञ्चालन भइरहेको छ। संविधानले माध्यमिक शिक्षालाई निःशुल्क भनेपनि कक्षा ११-१२ सञ्चालित विद्यालयहरू निःशुल्क रूपमा सञ्चालन हुन सकिरहेका छैनन्। विद्यालयको आन्तरिक स्रोत अभाव तथा कक्षा ११-१२ मा पर्याप्त दरबन्दीको अभाव रहेको छ। हाल गाउँपालिका भर आन्तरिक परीक्षामा एकरूपता ल्याउनका लागि कार्यक्रम सञ्चालन गरिएको छ। विद्यार्थीको प्रतिभा प्रस्फुटनका लागि केही क्रियाकलापहरू सञ्चालनमा रहेका छन्। आधारभूत तह पूरा गरेर विद्यार्थीहरू बसाइँसराइ तथा अन्य कारणले माध्यमिक तहमा प्रवेश गर्ने दर कम रहेको छ। माध्यमिक तह कक्षा १० पूरा गर्ने दर र कक्षा ११-१२ मा प्रवेश गर्ने दर पनि कम रहेको छ। माध्यमिक तहमा विद्यालय बाहिर रहेका बालबालिकाहरूका लागि वैकल्पिक शिक्षाको व्यवस्थापन गर्नुपर्ने देखिन्छ। माध्यमिक तहको शिक्षण सिकाइ क्रियाकलाप समेत परम्परागत ढङ्गले चलेको छ। माध्यमिक तहका सम्पूर्ण विद्यालयहरूमा सूचना प्रविधिका आधारभूत पूर्वाधारहरू विकास भएका छन्। तर सम्पूर्ण शिक्षकहरूलाई सूचना प्रविधिको प्रयोग गरी शिक्षण गर्न सक्षम बनाउन सकिएको छैन। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ का आधारमा विकास भएका पाठ्यक्रमको प्रभावकारी प्रबोधिकरण गर्नुपर्ने आवश्यकता छ।

स्थानीय तहको शिक्षामा बजेट अनुपात कम हुँदा शिक्षको पेसागत विकास तथा शिक्षक सहायता प्रणालीलाई व्यवस्थित बनाउन सकिएको छैन। माध्यमिक तहमा सिकाइ गुणस्तर कमजोर रहेको छ। विद्यालय र समुदाय सम्बन्ध सुमधुर बन्न सकेको छैन। समुदायलाई विद्यालयप्रति अपनत्व कायम गराउन आवश्यक छ। शिक्षा क्षेत्रका विभिन्न योजनाहरूले शिक्षकको दक्षता विकासमा जोड दिएता पनि कार्यक्रमहरू प्रभावकारी तथा पहुँचयोग्य हुन सकेको छैन। प्रधानाध्यापकको छुट्टै पद सिर्जना गरी प्रोत्साहन गर्नुपर्ने

आवश्यकता रहेको छ।

माध्यमिक विद्यालयहरूमा कम्प्युटर, गणित र विज्ञान प्रयोगशाला तथा पुस्तकालयहरूको प्रभावकारी कार्यान्वयन तथा व्यवस्थापन हुन सकेको छैन। सङ्घीयतासँगै स्थापना भएको स्थानीय तहको शिक्षा हेर्ने शाखामा कर्मचारीको अभावका कारणले प्रभावकारी सुपरिवेक्षण र सहायता प्रणालीको विकास गर्न कठिनाइ भएको छ।

माथिको विश्लेषणका आधारमा माध्यमिकतहमा देहायबमोजिमका चुनौतीहरू पहिचान गरिएको छः

- निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्ने,
- माध्यमिक शिक्षाको पहुँचबाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा समाहित गर्ने,
- माध्यमिक तहको शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने,
- माध्यमिक तह कक्षा ११-१२ सञ्चालित विद्यालयका लागि दरबन्दी व्यवस्थापन गर्ने तथा माध्यमिक तहमा आवश्यक विद्यालय जनशक्ति व्यवस्थापन गर्ने,
- विद्यालयमा रहेका प्रयोगशाला तथा पुस्तकालयहरूको प्रभावकारी व्यवस्थापन गर्ने,
- प्राविधिक धारतर्फ विद्यार्थीको आकर्षण बढाउने,
- माध्यमिक तहको प्रवेश दर र टिकाउ दर वृद्धि गर्ने,
- विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास गरी बालमैत्री वातावरण कायम गर्ने,
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी गायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउने,
- शिक्षकको वृत्ति विकास कार्यक्रमलाई व्यवस्थित गर्ने,
- प्रधानाध्यापकको करार सम्झौता गर्ने र प्रोत्साहन प्रदान गर्ने,
- स्थानीय तहको शिक्षा शाखाको क्षमता विकास गरी सुपरिवेक्षण र सहायता प्रणालीलाई व्यवस्थित गर्ने,

### ३.३.२ **उद्देश्य**

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. माध्यमिक शिक्षालाई निःशुल्क गर्ने र सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,
२. माध्यमिक तहमा खुद भर्ना दर र टिकाउ दर बढाउनु,
३. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
४. प्राविधिक धारतर्फ विद्यार्थीको आकर्षण वृद्धि गर्नु,
५. सबै विद्यालयमा आवश्यक दरबन्दी व्यवस्थापन गर्नु,
६. विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु,
७. विद्यालयको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु,
८. सुपरिवेक्षण र सहायता प्रणालीलाई व्यवस्थित गर्नु,

### ३.३.३ **रणनीति**

योजनाका उद्देश्यहरू पूरा गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. माध्यमिक तहमा पहुँच सुनिश्चित गर्न आवश्यकतानुसार विद्यालय समायोजन तथा पुनःवितरण गरिनेछ।
२. विद्यालय बाहिर रहेका विद्यार्थीहरूका लागि वैकल्पिक व्यवस्था गरिनेछ।
३. माध्यमिक तह कक्षा ११-१२ मा आवश्यक थप दरबन्दी व्यवस्थापन गर्न पहल गरिनेछ।
४. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गरिनेछ।
५. माध्यमिक तह कक्षा ११ मा खुद भर्ना दर बढाउन आवश्यक प्रोत्साहन गरिनेछ।
६. विपन्न परिवारका विद्यार्थीहरूलाई माध्यमिक तह पूरा गर्नका लागि थप आर्थिक सहायता प्रदान गरिनेछ।

७. हरेक विद्यालयमा सूचना प्रविधिका पूर्वाधार थप गरी शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग गरिनेछ।

८. माध्यमिक तहका सम्पूर्ण शिक्षकहरूका लागि सूचना प्रविधि सम्बन्धी आधारभूत तालिमको व्यवस्था गरिनेछ।

९. विद्यार्थीको प्रतिभा प्रस्फुटनका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

१०. सबै विद्यालयहरूमा पुस्तकालय र प्रयोगशाला स्थापना गरी प्रभावकारी रूपमा प्रयोग गरिनेछ।

११. अभिभावक, वि.व्य.स. र शि.अ.सं. अभिमुखीकरण कार्यक्रम गरिनेछ।

१२. शिक्षक निरन्तर अद्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरिनेछ।

१३. किशोरावस्था तथा विद्यार्थीको स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४. विद्यालयको भौतिक वातावरण सुरक्षित र बालमैत्री बनाइनेछ।

१५. प्राविधिक धारतर्फ विद्यार्थीको आकर्षण वृद्धि गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

१६. आन्तरिक मूल्याङ्कनका लागि गाउँपालिकाको सहयोगमा निरन्तरता दिइनेछ।

१७. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा आधारित मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनका लागि आवश्यक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१८. माध्यमिक तहका प्रधानाध्यापकको करार सम्झौता गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रधानाध्यापकलाई उत्तरदायी बनाइनेछ।

१९. विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहीता सुनिश्चित गरिनेछ।

२०. माध्यमिक तहका शिक्षा विषय अध्ययन गरेका विद्यार्थीहरूको लागि परियोजना कार्य अन्तर्गत केही समय आधारभूत तहका विद्यार्थीहरूमा स्वयंसेवकको रुपमा कार्य गराइने छ।

२१. माध्यमिक तहका लागि career counseling कार्यक्रम सञ्चालन गरिनेछ।

२२. विद्यालयका असल अभ्यासहरू अन्य विद्यालयहरूमा अनुसरण गराइने छ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ।
- माध्यमिक शिक्षाको गुणस्तरमा सुधार भएको हुनेछ।
- माध्यमिक तहको भर्ना दर र टिकाउ दर वृद्धि भएको हुनेछ।
- सुपरिवेक्षण र सहायता प्रणाली व्यवस्थित भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट तलको तालिकामा उल्लिखित नतिजा तथा परिमाणात्मक लक्ष्य प्राप्त हुनेछन्।

| क्र.सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/२०८६ | |
| १ | माध्यमिक तह कक्षा ९-१० मा भर्ना भएका विद्यार्थी सङ्ख्या | | ५८१ | ६०० | ६२५ | ६३० | ६३५ | |
| २ | माध्यमिक तह कक्षा ११-१२ मा भर्ना भएका विद्यार्थी सङ्ख्या | | ४३१ | ४४० | ४५५ | ४७० | ४९५ | |
| ३ | प्राविधिक धारमा अध्ययनरत विद्यार्थी सङ्ख्या (कक्षा ९-१२) | | ८५ | ९० | १०० | १२० | १२० | |
| ४ | शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेका विद्यालयको सङ्ख्या | | १० | १५ | २० | २५ | ३५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | विज्ञान/गणित प्रयोगशाला र पुस्तकालय भएका विद्यालयको सङ्ख्या | | १० | १२ | १४ | १६ | २० | |
| ६ | स्थानीय स्रोतबाट व्यवस्थापन गरिएका माध्यमिक तहका शिक्षक सङ्ख्या | | ४ | ४ | ४ | ४ | ४ | |
| ७ | विद्यालय बाहिर रहेका बालबालिकाका लागि वैकल्पिक शिक्षा | | १ | २ | ३ | ४ | ५ | |
| ८ | विपन्न परिवारका आर्थिक सहायता प्राप्त विद्यार्थी सङ्ख्या | | ५० | १०० | १५० | २०० | २५० | |
| ९ | किशोरकिशोरी लक्षित कार्यक्रमहरूको सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | |

**३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | विद्यालयको नक्साङ्कन, समायोजन र पुनःवितरण | पटक | - | १ | - | - | १ | २ | |
| २ | मापदण्ड बमोजिम आवश्यक थप शिक्षक व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३ | विद्यार्थी प्रतिभा प्रस्फुटनका लागि अतिरिक्त क्रियाकलाप (गाउँपालिकास्तरीय) | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | किशोर अवस्थाका बालबालिका लक्षित कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विपन्न विद्यार्थीका लागि आर्थिक सहायता | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ६ | वि.व्य.स. तथा शि.अ.सं. अभिमुखीकरण कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ७ | विद्यालयमा बाल क्लब, रेडक्रम, स्काउट आदिको गठन र कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ८ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | विद्यालय अनुगमन र सुपरीवेक्षण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १० | उत्कृष्ट विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

राष्ट्रले लिएको 'समृद्ध नेपाल, सुखी नेपाली' को सङ्कल्प पूरा गर्न शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारीमूलक एवम् जनमुखी बनाइ सक्षम, प्रतिस्पर्धी, नैतिकवान् एवम् राष्ट्रप्रति समर्पित जनशक्ति तयार गर्नु आजको आवश्यकता हो। यसका लागि गुणस्तरयुक्त प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम अपरिहार्य हुन्छ। सोही आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा, रोजगारी र अवसरहरूको सिर्जना गर्नु गाउँपालिकाको विकास तथा समृद्धिको आधार हो। यस क्षेत्रका विकास र विस्तारको लागि हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सञ्चालित कार्यक्रमहरू र नेपाल सरकार विज्ञान तथा प्रविधि मन्त्रालयबाट सञ्चालित विद्यालय तहको कक्षा ९ देखि १२ सम्मको प्राविधिक धारमा आधारित माध्यमिक शिक्षा र

विविध क्षेत्रमा व्यावसायिक तथा सिप विकासमा आधारित तालिमहरू सञ्चालनमा रहेका छन्। प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमको विकास र विस्तारको क्रममा सङ्घीय व्यवस्थाबमोजिम संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को व्यवस्था गरिएको छ। अहिलेको विश्व परिवेश नै प्रविधिउन्मुख भइरहेको अवस्थामा हरेक स्थानीय तहले प्रविधि उन्मुख कार्यक्रमहरू सञ्चालन गर्नु अनिवार्य भएको छ।

### ३.४.१ वर्तमान अवस्था

यस छत्रदेव गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यायवसायिक तालिम परिषद् अन्तर्गत एउटा प्राविधिक शिक्षालय सञ्चालनमा रहेको छ। जुन शिक्षालयमा बाली विज्ञान तथा पशु विज्ञानका कक्षा सञ्चालन भएका छन्। त्यसैगरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत माध्यमिक तह (कक्षा ९-१२) मा एउटा विद्यालयमा सिभिल इन्जिनियरिङका कक्षाहरू सञ्चालनमा रहेका छन्। छत्रदेव गाउँपालिकाभित्र सञ्चालित प्राविधिक शिक्षाका कक्षाहरूलाई निरन्तरता दिन केही समस्याहरू देखिएका छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत माध्यमिक शिक्षा (कक्षा ९-१२) मा सञ्चालित प्राविधिक शिक्षामा नेपाल सरकारले नियमानुसारको दरबन्दी सिर्जना गरेपनि ती दरबन्दीमा प्राविधिक प्रशिक्षकको नियुक्ति नै समस्याको रूपमा देखिएको छ। ग्रामीण क्षेत्रमा शिक्षणका अलावा अन्य अवसर नहुनुले प्रशिक्षकको आकर्षण कम भएको देखिन्छ। जेनतेन प्रशिक्षकको नियुक्ति गरेतापनि ति प्रशिक्षकहरूलाई टिकाइ राख्न समस्या परेको छ। जसले गर्दा प्राविधिक शिक्षा तर्फको सिकाइ उपलब्धि खासै राम्रो देखिएको छैन। त्यसैगरी प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद् अन्तर्गत सञ्चालित प्राविधिक शिक्षालयमा सञ्चालित दुई धारका विषयहरू पशु विज्ञान र बाली विज्ञानमा प्रत्येक वर्ष ४०/४० जनाका दरले विद्यार्थीहरूलाई प्रशिक्षित गर्ने कोटा कायम गरेतापनि यस गाउँपालिका भित्रका विद्यार्थीहरूको उपस्थिति न्यून रहेको छ। गाउँपालिकाले विद्यार्थीहरूको सहभागीता वृद्धि गर्न ४/४ जना विद्यार्थीहरूलाई बालि विज्ञान र पशु विज्ञान विषयमा वार्षिक रूपमा पूर्ण छात्रवृत्तिमा पढ्न पाउने व्यवस्था गरेको छ। विद्यार्थीहरूलाई प्रविधिक शिक्षातर्फ आकर्षिक गर्न र गाउँपालिकाको लागि आवश्यक जनशक्ति आफै तयार गर्ने उद्देश्यका साथ शैक्षिक सत्र २०७६ मा गाउँपलिकाको पहलमा ४० जना विद्यार्थीलाई बाली विज्ञान र पशु विज्ञान पढ्न पूर्ण छात्रवृत्ति व्यवस्था गरी पढ्ने अवसर सिर्जना गरेको थियो। यसबाट पनि गाउँपालिका प्राविधिक शिक्षातर्फ कति चिन्तित छ भन्ने कुराको पुष्टि हुन्छ। छत्रदेव गाउँपालिकाका अधिकांश मानिसहरू पशुपालन र कृषिमा आधारित पशुविज्ञान र बाली विज्ञानका कक्षाहरू यस गाउँपालिकाभित्र सञ्चालन हुँदा यहाँका बासिन्दालाई केही हदसम्म फाइदा पुगेको छ।

माथिको विश्लेषणका आधारमा प्राविधिक तथा व्यावसायिक तालिममा देहायबमोजिमका चुनौतीहरू पहिचान गरिएको छः

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा विद्यार्थीको आकर्षण वृद्धि गर्ने,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा गाउँपालिका भित्रका सबै नागरिकको पहुँच सुनिश्चित गर्ने,
- आर्थिक अवस्था कमजोर भएका तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्थापन गर्ने,
- विषयगत प्राविधिक प्रशिक्षकको सुनिश्चितता गर्ने,
- शिक्षकको पेसागत विकासका लागि आवश्यक व्यवस्था मिलाउने,
- प्राविधिक प्रशिक्षकलाई टिकाइ राख्ने वातावरण सिर्जना गर्ने,
- नतिजा सुधारका लागि मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्ने,
- सैद्धान्तिक सिकाइका साथसाथै प्रयोगात्मक सिकाइका लागि वातावरण सिर्जना गर्ने,
- प्राविधिक जनशक्तिलाई गाउँपालिकाबाट पलायन हुनबाट रोक्ने,
- उत्पादित जनशक्तिलाई रोजगारीको अवसर सिर्जना गर्ने,
- सुपरिवेक्षण र अनुगमन प्रणालीलाई व्यवस्थित गर्ने,

### ३.४.२ उद्देश्य

यस योजनाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा विद्यार्थीको आकर्षण वृद्धि गर्नु,

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा गाउँपालिका भित्रका सबै नागरिकको पहुँच वृद्धि गर्नु,

३. आर्थिक अवस्थाको कारणले प्राविधिक शिक्षा लिन बञ्चित जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था गर्नु,

४. विषयगत प्राविधिक प्रशिक्षकको सुनिश्चितता गरी टिकाइ राख्ने वातावरण सुनिश्चित गर्नु,

५. प्रयोगात्मक सिकाइलाई जोड दिँदै नतिजा सुधार गर्नु,

६. प्राविधिक जनशक्तिलाई गाउँपालिकाबाट पलायन हुनबाट रोक्ने उत्पादित जनशक्तिलाई रोजगारीको सिर्जना गर्नु,

७. सुपरिवेक्षण र अनुगमन प्रणालीलाई व्यवस्थित गर्नु,

८. पढ्दै, सिक्दै, कमाउँदै कार्यक्रमलाई अगाडि बढाउनु,

### ३.४.३ रणनीति

योजनाका उद्देश्यहरू पूरा गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा विद्यार्थीको आकर्षण वृद्धि गर्न विद्यार्थीहरूलाई प्राविधिक शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२. प्राविधिक शिक्षाको वर्तमान परिप्रेक्ष्यमा बजारको मागबारे विद्यार्थीहरूलाई जानकारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा गाउँपालिका भित्रका सबै नागरिकको पहुँच वृद्धि गर्नका लागि पढ्न इच्छुक विद्यार्थीहरूका लागि आवासीय छात्रवृत्ति तथा जीवनयापन खर्चको व्यवस्था गरिनेछ।

४. कमजोर आर्थिक अवस्थाको कारणले प्राविधिक शिक्षा लिन बञ्चित जेहेन्दार विद्यार्थीहरूका लागि पूर्ण छात्रवृत्तिमा पढ्ने अवसर दिइनेछ। त्यस्ता अवसर प्राप्त विद्यार्थीले तोकिएको शिक्षा पूरा गरेपछि गाउँपालिकामा नै स्वयंसेवकको रूपमा निश्चित समयावधिसम्म काम गर्नुपर्ने व्यवस्था मिलाइने छ।

५. विषयगत प्राविधिक प्रशिक्षकको सुनिश्चितता गरी टिकाइ राख्न थप प्रोत्साहनका कार्यक्रमहरूको व्यवस्था मिलाइने छ।

६. विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न प्रयोगात्मक कार्यमा जोड दिन प्रशिक्षक तथा विद्यार्थीहरूलाई फिल्डमा खटिएको दिनका लागि खाजा खर्चको व्यवस्था मिलाइने छ। प्रयोगात्मक कार्यका लागि फिल्ड तथा जग्गाको व्यवस्थापन गरिनेछ।

७. प्राविधिक जनशक्तिलाई गाउँपालिकाबाट पलायन हुनबाट रोक्ने र उत्पादित जनशक्तिलाई गाउँपालिकाभित्रका सम्बन्धित दरबन्दीमा रोजगारीका लागि प्राथमिकता दिइनेछ।

८. प्राविधिक शिक्षाको विकासका लागि उक्त धारमा कार्यरत शिक्षक तथा प्रशिक्षकका लागि क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम कार्यक्रमको व्यवस्था गरिनेछ।

९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा विद्यार्थीहरूको पहुँच वृद्धि गर्नका लागि 'पढ्दै, सिक्दै, कमाउँदै' कार्यक्रमलाई सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- प्रविधिक शिक्षामा बालबालिकाको आकर्षण बढ्नुका साथै पहुँचमा वृद्धि हुनेछ।
- प्राविधिक विषयगत शिक्षक/प्रशिक्षकको व्यवस्थापन हुनेछ।
- माध्यमिक तहका जम्मा विद्यार्थीहरूमध्ये २५ प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका हुनेछन्।
- प्राविधिक शिक्षाको नतिजामा सुधार आएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट तलको तालिकामा उल्लिखित नतिजा तथा परिमाणात्मक लक्ष्य प्राप्त हुनेछन्।

| क्र. सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने शिक्षालय/विद्यालय | | २ | २ | २ | २ | २ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | माध्यमिक तह प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | | ८५ | ९० | १०० | १२० | १२० | |
| ३ | प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालयको नतिजा प्रतिशत | | ६० | ७० | ७५ | ८० | ८५ | |
| ४ | प्राविधिक शिक्षक तथा प्रशिक्षकको सङ्ख्या | तोकिएको दरबन्दी अनुसार | ८ | ८ | ८ | ८ | ८ | (विद्यालय तर्फ) |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | (१० वर्ष) |
| १ | प्राविधिक शिक्षामा भर्ना हुन चाहने विद्यार्थीका लागि प्रोत्साहन कार्यक्रम | सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | |
| २ | छोटो अवधिका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ४ | प्राविधिक शिक्षक तथा प्रशिक्षकलाई क्षमता विकास तालिम | सङ्ख्या | १ | १ | - | १ | १ | ४ | |
| ५ | प्रयोगात्मक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यालयमा व्यावसायिक तथा सिपमूलक विषयमा प्रयोगशाला स्थापना | वटा | १ | १ | १ | - | - | ३ | |
| ७ | पढ्दै, सिक्दै कमाउँदै कार्यक्रम सञ्चालन र व्यवस्थापन | वटा | ३ | - | १ | १ | १ | ६ | |
| ८ | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपभोग सम्बन्धी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| | | | | | | | | | |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

औपचारिक शिक्षाको संरचनाभन्दा बाहिर मानव जीवनका लगि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्ने शिक्षा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ हो । नेपालको संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा सँगसँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ। गाउँ शिक्षा योजना (२०८१/०८२- ०८५/८६) मा अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रावधानलाई विगतका आधारमा अनुभवी सरोकारवालाहरूको सल्लाह र सुझावको आधारमा समय सापेक्ष सुधार गर्ने लक्ष्य लिइएको छ। अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई आगामी ५ वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एवम् सिकाइ संस्कृतिको प्रवर्धन गर्नुपर्ने देखिन्छ।

### ३.५.१ वर्तमान अवस्था

शैक्षिक इतिहासलाई अध्ययन गर्दा नेपालको शैक्षिक विकासमा अनौपचारिक तथा आजीवन सिकाइको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। आजीवन सिकाइलाई संस्थागत गर्न नसकिए पनि नेपालमा अनौपचारिक शिक्षाको विकासका लागि विभिन्न प्रयासहरू भइरहेका छन्। यसै सन्दर्भमा छत्रदेव गाउँपालिकामा पनि गाउँपालिकालाई साक्षर गराउनका लागि प्रौढ शिक्षा कार्यक्रम र निरन्तर शिक्षाका कार्यक्रमहरू तत्कालीन स्रोत केन्द्रहरूमा स्थापित सामुदायिक सिकाइ केन्द्र (साविकका सामुदायिक अध्ययन केन्द्र)हरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। राज्य पुनःसंरचना हुनु पूर्व ३ वटा र पुनःसंरचना पश्चात् २ वडा सामुदायिक सिकाइ केन्द्रहरू अनौपचारिक शिक्षा तथा सिप विकासका कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्।

छत्रदेव गाउँपालिकाको साक्षरता प्रतिशतलाई हेर्दा यहाँको कुल साक्षरता दर ७८.८० प्रतिशत रहेको छ। जसमध्ये महिला साक्षरता दर ७२.४० प्रतिशत र पुरुष साक्षरता दर ८७.२० प्रतिशत रहेको छ। पढ्न मात्र सक्ने २७२ जना र लेखपढ दुवै गर्न नसक्ने ३९६६ जना रहेका छन्। छत्रदेव गाउँपालिकामा जम्मा ४५ वटा प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन भएका बालविकास केन्द्रहरू, ३७ वटा सामुदायिक विद्यालयहरू र ५ वटा संस्थागत विद्यालय रहेका छन्। त्यसैगरी २ वटा धार्मिक विद्यालय मदरसा, २ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहँदा पनि ३९६६ जना निरक्षर रहनु समस्याको रूपमा देखिएको छ। केही समुदायका विद्यार्थीहरू अझै पनि विद्यालयमा भर्ना नहुनु, विद्यालय भर्ना भए पनि बिचमा नै छाड्नु, पढाइ छाडेर मजदुरीमा लाग्नु, घरायसी काममा भुल्नु, पढेर के हुन्छ भनेर भन्ने सोचबाट ग्रसित हुनु जस्ता समस्याले गर्दा पनि सबै मानिसहरूलाई शिक्षाको मूल धारमा ल्याउन सकिएको छैन। सामुदायिक सिकाइ केन्द्रका परिचालकहरूलाई तालिमको व्यवस्थापन गर्न नसक्दा परिचालकहरूको कार्यसम्पादनमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। सामुदायिक सिकाइ केन्द्रका परिचालकहरूलाई गाउँपालिकाले साक्षरताका कार्यक्रमहरू सञ्चालनका लागि जिम्मेवारी दिन नसक्दा पनि ती समुदायका मानिसलाई अनौपचारिक शिक्षा तथा आजीवन शिक्षामा जोड्न सकिएको छैन।ग्रामीण क्षेत्रमा पडाडि परेका जाति-जनजातिहरूलाई शिक्षाको महत्त्व बुझाउन नसक्दा वा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न नसक्दा पनि शिक्षाको मूलधारमा ल्याउन सकिएको छैन। अनौपचारिक शिक्षा र वैकल्पिक शिक्षासँग जोड्न नसक्दा पनि साक्षरता दर कम देखिएको छ।

माथिको विश्लेषणका आधारमा अनौपचारिक शिक्षा तथा आजीवन शिक्षाका क्षेत्रमा देहायबमोजिमका चुनौतीहरू पहिचान गरिएको छः

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्ने,
- अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीको रूपमा संस्थागत विकास गर्ने,
- सिकाइका आवश्यकताअनुसारका समकक्षतामा आधारित कार्यक्रम विकास र कार्यान्वयन गर्ने,
- पिछडिएका जाति-जनजातिहरूलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउने,
- अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धमा विश्वसनीय तथा खण्डीकृत तथ्याङ्क तयार गर्ने,
- आवश्यकतामा आधारित आजीवन सिकाइसँग सम्बन्धित मोड्युलर सिकाइ सामग्री विकास र कार्यान्वयन गर्ने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका क्षेत्रमा प्राप्त उपलब्धिको गुणस्तरको लेखाजोखा गर्ने,
- नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र, पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध गर्ने,
- निरक्षर व्यक्तिहरूको पहिचान गर्ने,
- संस्थागत क्षमता विकासका लागि पर्याप्त स्रोतको व्यवस्थापन गर्ने,
- सामुदायिक पुस्तकालयको स्थापना गर्ने,

### ३.५.२ **उद्देश्य**

यस योजनालेअनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु,

२. निरक्षर व्यक्तिहरूको पहिचान गरी साक्षरता कक्षा, निरन्तर शिक्षाका माध्यमबाट गाउँपालिकाको साक्षरता दरमा वृद्धि गर्नु,

३. शिक्षाप्रति सबै नागरिकलाई आकर्षित गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु,
४. सामुदायिक सिकाइ केन्द्रलाई थप व्यवस्थित गर्नु,
५. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्नु,
६. संस्थागत क्षमता विकासका लागि पर्याप्त स्रोतको व्यवस्थापन गर्नु,
७. सामुदायिक सिकाइ केन्द्रमार्फत् समुदायमा विभिन्न सिप विकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्नु,
८. सामुदायिक पुस्तकालयको स्थापना तथा व्यवस्थापन गर्नु,

### ३.५.३ रणनीति

योजनाका उद्देश्यहरू पूरा गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चितताका लागि सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछ।
२. साक्षरता दर वृद्धिका लागि प्रौढ शिक्षा, साक्षरता शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
३. पछाडि परेका जाति-जनजातिलाई शिक्षाप्रति आकर्षित गर्नका लागि टोलटोलमा पुगी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
४. सामुदायिक सिकाइ केन्द्रका परिचालकहरूलाई आवश्यकताअनुसार क्षमता विकाससम्बन्धी तालिम सञ्चालन गरिनेछ।
५. अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रम तय गरी सामुदायिक सिकाइ केन्द्रहरूलाई परिचालन गरिनेछ।
६. सामुदायिक सिकाइ केन्द्रलाई थप जिम्मेवारी र आवश्यक स्रोतको व्यवस्थापन गरी थप क्रियाशील बनाइनेछ।
७. मौलिक परम्परागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण र पुस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।
८. संस्थागत क्षमता विकासका लागि आवश्यकतानुसार स्रोत व्यवस्थापन गरिनेछ।
९. सामुदायिक सिकाइ केन्द्र मार्फत् विभिन्न सिप विकास र आयमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
१०. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्थाबमोजिम प्रमाणको व्यवस्था मिलाइनेछ।
११. सामुदायिक पुस्तकालय स्थापना तथा व्यवस्थापनका लागि आवश्यक स्रोतको व्यवस्थापन गरिनेछ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- सबै निरक्षर नागरिकका लागि साक्षरता कक्षा, निरन्तरत शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुनेछ।
- सामुदायिक सिकाइ केन्द्रको कार्यसम्पादनमा वृद्धि हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वियनबाट तलको तालिकामा उल्लिखित नतिजा तथा परिमाणात्मक लक्ष्य प्राप्त हुनेछन् ।

| क्र. सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | |
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्ष भन्दा माथि) प्रतिशत | | ९४ | ९८ | ९९ | १०० | १०० | |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्ष भन्दा माथिका महिला) | | ८२ | ८५ | ९० | ९५ | ९९ | |
| ३ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | | १ | २ | - | - | - | |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | | १ | २ | - | - | - | |
| ५ | सामुदायिक सिकाइ केन्द्रका तालिम प्राप्त परिचालकको सङ्ख्या | | २ | - | - | - | - | |
| ६ | सिकाइ प्रक्रियामा ICT को प्रयोग | | २ | - | - | - | - | |

**३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | | |
| १ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन | पटक | १ | - | - | - | - | १ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | सामुदायिक सिकाइ केन्द्रहरूको सुदृढीकरण | पटक | १ | - | - | १ | - | २ | |
| ४ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धित उपकरणको व्यवस्था | पटक | १ | १ | - | - | - | २ | |
| ५ | समुदायमा आधारित संस्थासँग सहकार्य गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ६ | आजीवन सिकाइका लागि मोड्युल तथा सामग्री विकास | पटक | - | १ | - | - | - | १ | |
| ७ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ८ | अनौपचारिक, प्रौढ विद्यालय, खुला विद्यालय, धार्मिक प्रकृतिका विद्यालय लगायतका संस्थाहरू संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलब्ध गराउने | सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | सामुदायिक सिकाइ केन्द्रमार्फत् आजीवन सिकाइ कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | सिप विकास र आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद ४

# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

शिक्षा क्षेत्रका विभिन्न अन्तरसम्बन्धित विषय तथा क्षेत्रले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रूपमा काम गरेका हुन्छन् । परिच्छेद ३ मा शिक्षाक्षेत्रका मुख्य उपक्षेत्रको योजनाको खाकाहरूमा पनि अन्तरसम्बन्धित विषयहरूका केही पक्षहरू उल्लेख भइसकेका छन् । यस परिच्छेदमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शैक्षिक समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता, विद्यालय भौतिक पूर्वाधार विकास र विद्यालयमा सूचना तथा सञ्चार प्रविधि जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा, वर्तमान अवस्था र चुनौती, उद्देश्य, रणनीति, प्रमुख उपलब्धि तथा नतिजा र प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य उल्लेख गरिएको छ ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने प्रमुख आधार पाठ्यक्रम हो । पाठ्यक्रममा कुन कक्षा वा तहमा कुन विषयवस्तु पढाउने भन्ने मात्र कुरासँग सम्बन्धित नभइ विद्यार्थीमा के-कस्ता सिप विकास गराउने, शिक्षण सिकाइ प्रक्रिया के कसरी सञ्चालन गर्ने तथा मूल्याङ्कन प्रक्रिया के-कस्तो हुने भन्ने कुरा समावेश गरिएको हुन्छ ।

हाल विद्यालय तहमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को आधारमा निर्माण भएको पाठ्यक्रम कार्यान्वयन भइरहेको छ । हालको पाठ्यक्रममा कक्षा १-३ पूर्ण रूपमा एकीकृत ढाँचामा तयार गरिएको छ भने माध्यमिक तहको पाठ्यक्रम एकलपथीय ढाँचामा रहेको छ । आधारभूत तह (कक्षा १-८) मा स्थानीय पाठ्यक्रमको प्रावधानसमेत रहेको छ । कक्षा १ देखि १२ सम्मका पाठ्यपुस्तकहरू पाठ्यक्रम विकास केन्द्रबाट विकास भइ देशभर लागू भएका छन् । पाठ्यक्रमको आधारमा विकास भएका पाठ्यपुस्तकहरू शिक्षण सिकाइ क्रियाकलापको क्रममा मुख्य सामग्रीको रूपमा प्रयोग हुँदै आएका छन् ।

हाल विद्यालय तहको कक्षा १-३ मा पूर्ण रूपमा निरन्तर मूल्याङ्कन, कक्षा ४-८ मा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत बाह्य मूल्याङ्कनको प्रावधान रहेको छ । त्यसै गरी आधारभूत तहको अन्त्यमा कक्षा ८ मा स्थानीय तहस्तरमा, माध्यमिक तहको कक्षा १० मा प्रदेशस्तरमा र माध्यमिक तह कक्षा १२ को राष्ट्रियस्तरमा परीक्षा तथा मूल्याङ्कन गर्ने प्रावधान रहेको छ ।

### ४.१.१ वर्तमान अवस्था

छत्रदेव गाउँपालिकामा पनि पाठ्यक्रम विकास केन्द्रले तयार गरेको राष्ट्रिय पाठ्यक्रम कक्षा बालविकास देखि कक्षा १२ सम्म लागू भएको छ । यसका अतिरिक्त राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ का आधार कक्षा १ देखि ८ सम्मका लागि छत्रदेव गाउँपालिकाको स्थानीय पाठ्यक्रम समेत वि.सं. २०७९मै तयार भइ सोही वर्षबाट स्थानीय तहभर लागू भएको छ । पाठ्यपुस्तकको सन्दर्भमा सबै कक्षा र विषयका पाठ्यपुस्तक शैक्षिक सत्रको सुरू मै प्राप्त गरी विद्यार्थीहरूलाई प्रदान गरिएको छ । स्थानीय पाठ्यक्रममा आधारित कक्षा १-३ को पाठ्यपुस्तक तयार गरिएको छ भने कक्षा ४-८ का पाठ्यपुस्तक तयार गर्नुपर्ने छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कक्षा १-३ मा अध्यापन गर्ने शिक्षकहरूका लागि पाठ्यक्रम प्रबोधिकरण तथा मूल्याङ्कनका सन्दर्भमा तालिम कार्यशालाहरू सम्पन्न गरिएको छ भने माध्यमिक तह तथा आधारभूत तह कक्षा ४-८ का शिक्षकहरूका लागि कार्यक्रम आवश्यक रहेको छ ।

विद्यार्थी मूल्याङ्कनका लागि एकरूपता ल्याउने उद्देश्यसहित वि.सं. २०७६ देखि गाउँपालिकास्तरीय समिति गठन गरी वार्षिक कार्यतालिका निर्माण तथा आन्तरिक परीक्षाका लागि प्रश्नपत्र तयारी गरिएको छ । कक्षा १-३ को निरन्तर मूल्याङ्कनका लागि सामग्री विकास गरी कार्यान्वयन गरिएको छ । स्थानीय तहले निर्माण गरेको पाठ्यक्रममा स्थानीय कला, संस्कृति, विविधतासहित वातावरणीय दिगोपन, सरसफाइ, खेलकुद तथा नैतिक शिक्षा जस्ता विषयहरूलाई समावेश गरिएको छ । स्थानीय प्रविधि, पेसा, व्यवसाय जस्ता विषयवस्तुहरूलाई समेत महत्त्वका साथ पाठ्यक्रममा समावेश गरिएको छ । स्थानीय विषयवस्तुका साथै वित्तीय

साक्षरता, प्रविधि जस्ता विषयवस्तुहरू पनि पाठ्यक्रममा समावेश गरिएको छ।

विद्यालय तहको पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनमा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

- नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी विकास र पेसागत सहयोग पद्धति स्थापना गर्ने,
- स्थानीय पाठ्यक्रमको आधारमा पाठ्यपुस्तकको विकास गर्ने,
- विभिन्न कक्षाका लागि आवश्यक सन्दर्भ सामग्रीको विकास तथा छनोट गर्ने,
- विद्यालय तहको शिक्षणमा विभिन्न भाषामध्ये उपयुक्त भाषा छनोट गर्ने,
- पाठ्यक्रम, शिक्षक निर्देशिकालगायतका सामग्रीको पर्याप्त उपलब्धता तथा प्रबोधीकरण गर्ने,
- मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइ प्रक्रियासँग जोड्ने,
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग गर्ने,
- आन्तरिक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने,

### ४.१.२ **उद्देश्यः**

यस योजनाले पाठ्यक्रम, पमठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारूमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
२. स्थानीय पाठ्यक्रमको प्रभावकाकरी कार्यान्वयन गर्नु,
३. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक विकास गर्नु,
४. निरन्तर र आवधिक मूल्याङ्कन प्रणाली प्रभावकारी कार्यान्वयन गर्ने,
५. पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाको सही प्रयोगका लागि अभिमुखीकरण गर्नु,

### ४.१.३ **रणनीति**

यस योजनामा उल्लिखित उद्देश्यहरू प्राप्तिका लागि निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिनेछः

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गरिनेछ।
२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रबोधीकरण गरिनेछ।
३. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक विकास गरिनेछ।
४. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा विकास गरिनेछ।
५. कक्षा ४-१२ का आवधिक परीक्षाहरूमा एकरूपता ल्याउनका लागि गाउँपालिकास्तरमा एक परीक्षा समिति गठन गरिनेछ।
६. कक्षा ४-८ र कक्षा ९-१२ को आन्तरिक मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउनका लागि सामग्री विकास तथा पेसागत सहयोग गरिनेछ।
७. माध्यम भाषाका रूपमा आवश्यकतानुसार मातृभाषा तथा बहुभाषा प्रयोग गरिनेछ।
८. हरेक विद्यालयमा नयाँ पाठ्यक्रम, शिक्षक निर्देशिकालगायतका अन्य सन्दर्भ सामग्रीहरूको व्यवस्थापन गरिनेछ।
९. आधारभूत तह (कक्षा १-३) का लागि सन्दर्भ/स्रोत सामग्री प्रदान गरिनेछ।

### ४.१.४ **प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारूमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ।
- आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक विकास भएको हुनेछ।
- निरन्तर र आवधिक मूल्याङ्कन पद्धतिको पूर्ण रूपमा कार्यान्वयन भएको हुनेछ।

**ख) नतिजा तथापरिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट तलको तालिकामा उल्लिखित नतिजा तथा परिमाणात्मक लक्ष्य प्राप्त हुनेछन् ।

| क्र. सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | एकीकृत पाठ्यक्रम लागू भएका विद्यालय सङ्ख्या | | सबै | | | | | |
| २ | परीक्षामा स्तरीकृत प्रश्नपत्र प्रयोग भएका विद्यालय सङ्ख्या | | सबै | | | | | |
| ३ | स्थानीय पाठ्यपुस्तक तयार भएका कक्षा | १-३ | ४-६ | ७-८ | | | | |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय सङ्ख्या | | सबै | | | | | |
| ५ | कक्षा १-३ मा थप सन्दर्भ सामग्रीसहित बुक कर्नर भएका विद्यालय सङ्ख्या | | सबै | | | | | |
| ६ | कक्षा ४-८ को आन्तरिक मूल्याङ्कनको बारेमा तालिम प्राप्त शिक्षक सङ्ख्या | ० | २५ | ५० | ७५ | १०० | १२५ | |

**४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | (१० वर्ष) |
| १ | पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक विकास | कक्षा | ४-६ | ७-८ | - | - | - | | |
| ३ | कक्षा १-३ सञ्चालित विद्यालयका लागि सन्दर्भ सामग्रीसहितका बुक कर्नरको व्यवस्था | विद्यालय सङ्ख्या | १० | १० | १० | ५ | - | ३५ | |
| ४ | कक्षा १-३ को निरन्तर विद्यार्थी मूल्याङ्कन साधन छपाइ | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | कक्षा ४-८ र कक्षा ९-१२ को आन्तरिक मूल्याङ्कनका लागि साधन विकास | पटक | १ | - | - | - | - | १ | |
| ६ | कक्षा १-१२ का निरन्तर र आवधिक परीक्षा सञ्चालनका लागि समिति गठन तथा प्रश्नपत्र, उत्तरपुस्तिका र वार्षिक कार्यतालिका निर्माण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | कक्षा १-३ को निरन्तर मूल्याङ्कन कार्यक्रमका लागि शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | पाठ्यक्रम, शिक्षक निर्देशिका तथा अन्य सन्दर्भ सामग्री वितरण | सबै विद्यालय | १ | - | - | - | - | १ | |
| ९ | कक्षा ४-१२ आन्तरिक मूल्याङ्कन तालिम | पटक | १ | - | - | - | - | १ | |
| १० | शैक्षिक सामग्री निर्माण तालिम | जना | - | ५० | - | - | - | ५० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

गुणस्तरीय शिक्षाको प्रमुख आधार दक्ष शिक्षक हो। शिक्षाका विभिन्न उद्देश्यहरू पूरा गराउनका लागि सबैभन्दा महत्त्वपूर्ण भूमिका शिक्षकको रहन्छ। हरेक तहमा योग्य, तालिम प्राप्त, पेसाप्रति जवाफदेही शिक्षक व्यवस्थापन हुनु जरुरी छ। परिवर्तित परिवेशमा डिजिटल विश्वसँग परिचित शिक्षक व्यवस्थापन तथा विकास गर्न सकेमा मात्र विद्यार्थीका आवश्यकताहरू सम्बोधन हुन सक्छन्। विद्यालयहरूमा पर्याप्त मात्रामा शिक्षकको व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धि गराउन सकेमा मात्र गुणस्तरीय शिक्षा प्राप्त गर्न सकिन्छ। अतः यस योजनामा हरेक विद्यालयमा आवश्यक शिक्षकको व्यवस्थापन, शिक्षकको पेसागत दक्षता अभिवृद्धि र शिक्षकलाई प्रविधिमैत्री बनाउने विषयहरूलाई प्राथमिकता दिइने छ।

### ४.२.१ वर्तमान अवस्था

१६ औं योजना तथा शिक्षा क्षेत्रका अन्य योजनाहरूले शिक्षक व्यवस्थापनमा जोड दिएका छन्। विभिन्न निकायहरूले समय समयमा तालिम तथा कार्यशालाहरू सञ्चालन गर्ने गरेका छन्। विभिन्न योजनाका बाबजुद युगानुकुल शिक्षक तयारी अहिलेको चुनौतीका रूपमा रहेको छ। विद्यालय तहको पाठ्यक्रमले शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउने कुरामा जोड दिएको परिप्रेक्षमा सबैभन्दा पहिले शिक्षकलाई प्रविधिमैत्री बनाउनु जरुरी छ।

छत्रदेव गाउँपालिकामा हाल प्राथमिक तहमा १३४, निम्न माध्यमिक तहमा ४७ र माध्यमिक तह (कक्षा९-१२) मा ५० शिक्षक दरबन्दी रहेको छ। तहगत र विषयगत आधारमा दरबन्दीको समस्या अर्को मूल विषय रहेको छ। आन्तरिक मिलान हुन नसक्दा दरबन्दी वितरण असमानुपातिक रहेको छ। दरबन्दी कम भएका विद्यालयहरूमा थप सहायता आवश्यक छ। दरबन्दीमा कार्यरत शिक्षकहरूमध्ये सीमित शिक्षकमात्र प्रविधिमैत्री भएकाले अन्यमा समेत सो क्षमता विकास गराउनु तथा पेसागत क्षमता अभिवृद्धि गराउनु जरुरी छ।

आधारभूत तहका कक्षाहरूमा महिला शिक्षकको भूमिका महत्त्वपूर्ण हुने हुँदा हालको महिला शिक्षक अनुपात कम्तीमा ५० प्रतिशत शिक्षक महिला शिक्षक हुनेगरी व्यवस्थापन गर्नुपर्ने छ। यसका लागि शिक्षक पदस्थापनको समयमा स्थानीय सरकारले सङ्घीय सरकारसमक्ष आवश्यक पहल गर्नुपर्ने छ।

समग्र शिक्षण पेसामा आकर्षण घटिरहेको हालको परिप्रेक्षमा शिक्षकको पेसागत विकास तथा पेसागत सुरक्षाका कार्यक्रमहरू आवश्यक देखिएका छन्। नियमानुसार सम्पूर्ण शिक्षकहरू तालिम प्राप्त भएतापनि समयानुकुल निरन्तर अद्यावधिक हुन सकिरहेका छैनन्। छत्रदेव गाउँपालिकाले शिक्षकको पेसागत विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। आधारभूत तह (कक्षा १-३) को निरन्तर मूल्याङ्कन, आधारभूत कम्प्युटर तालिमलगायतका विषयमा विभिन्न समयमा तालिमहरू सम्पन्न भएका छन्। गाउँपालिकाको सीमित साधन र स्रोतले शिक्षकको क्षमता विकास, पेसागत दक्षता, सुपरिवेक्षण र सहायता पर्याप्त हुन सकेको छैन। शिक्षक व्यवस्थापन र विकासमा निम्नानुसारका चुनौतीहरू पहिचान गरिएको छ :

१. कक्षागत र विषयगत आधारमा शिक्षक व्यवस्थापन गर्नु,
२. विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्नु,
३. दरबन्दी अपुग भएका विद्यालयहरूमा गाउँपालिकाको आन्तरिक स्रोतबाट शिक्षक व्यवस्थापन गर्नु,
४. सबै शिक्षकहरूलाई समयानुकुल तालिम प्रदान गरी अद्यावधिक गर्नु,
५. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु,
६. विद्यालयको निजीस्रोत तथा गाउँपालिकाको स्रोतमा नियुक्त शिक्षक तथा कर्मचारीहरूको पेसागत सुरक्षा तथा उपदानको व्यवस्था मिलाउनु,

### ४.२.२ उद्देश्य

यस योजनामा शिक्षक व्यवस्थापन तथा विकासका देहायबमोजिमका उद्देश्यहरू राखिएको छ।

- हरेक कक्षा र तहमा तहगत र विषयगत शिक्षक व्यवस्था गर्ने,
- आवश्यकताअनुसार शिक्षक दरबन्दी समायोजन गर्ने,

- आवश्यक विद्यालयहरूमा गाउँपालिकाको आन्तरिक स्रोतबाट समेत शिक्षक व्यवस्थापन गर्ने,
- सूचना प्रविधिको क्षेत्रमा सबै शिक्षकहरूलाई दक्ष बनाउने,
- सबै शिक्षकहरूलाई युगानुकूल तालिम प्रदान गर्ने,
- उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्थापन गर्ने र पेसाप्रति जवाफदेही बनाउने,

### ४.२.३ **रणनीतिहरू**

योजनामा उल्लिखित उपलब्धिहरू हासिल गर्नका लागि निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिनेछः

- विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी वितरण तथा समायोजन गरिनेछ।
- कम दरबन्दी हुने विद्यालयहरूमा आवश्यक अनुदानको व्यवस्था गरिनेछ।
- सबै शिक्षकलाई सूचना प्रविधिको आधारभूत तालिम प्रदान गरी दक्षता विकास अनिवार्य गरिनेछ।
- माथिल्लो निकायबाट प्राप्त नसमेटिएका विभिन्न प्रकृतिका तालिम कार्यशाला गरिनेछ।
- सबै शिक्षकलाई एक वर्षमा कम्तीमा एउटा तालिम कार्यशालामा समावेश गरिनेछ।
- सिकाइ उपलब्धिको आधारमा शिक्षकको मूल्याङ्कन गरी पुरस्कृत गरिनेछ।
- विद्यालयको निजीस्रोत तथा गाउँपालिकाको स्रोतबाट नियुक्ति गरिएका शिक्षक तथा कर्मचारीहरूका लागि उपदानको व्यवस्था मिलाउन आवश्यक प्रक्रिया सुरू गरिनेछ।
- शिक्षकको पेसागत विकासका लागि निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ।
- शिक्षकहरूको पेसागत सहायता प्रणाली लागू गरिनेछ।
- माध्यमिक तहका विद्यालयहरूमा कम्तीमा २ जना कार्यालय सहयोगी व्यवस्थापन हुदै जानेछ।

### ४.२.४ **प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

- दरबन्दी मिलान भइ विषयगत र तहगत शिक्षक व्यवस्थापन भएको हुनेछ।
- शिक्षकहरूका लागि निरन्तर पेसागत विकास र तालिमको अवसर प्राप्त भएको हुनेछ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट तलको तालिकामा उल्लिखित नतिजाहरू हासिल हुनेछन्ः

| क्र. सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षामा तोकिएको योग्यता प्राप्त शिक्षक सङ्ख्या | ४५ | सबै | सबै | सबै | सबै | सबै | |
| २ | आधारभूत तहमा कार्यरत शिक्षकहरूको सूचना प्रविधिसम्बन्धी तालिम प्राप्त गरेको सङ्ख्या | | ३२ | ४८ | ६४ | ८० | ९६ | |
| ३ | शिक्षकको पेसागत सहायता प्रणाली लागू भएका विद्यालयहरू | | १० | २० | ३० | ३६ | ३६ | |
| ४ | शिक्षकको पेसागत विकास तालिम प्राप्त शिक्षक सङ्ख्या | | २५ | ५० | ७५ | १०० | १२५ | |
| ५ | निजीस्रोत तथा गाउँपालिका स्रोतबाट नियुक्ति भइ उपदान प्राप्त गरी अवकास प्राप्त गर्ने शिक्षक सङ्ख्या | शिक्षक सङ्ख्या | | | | | १० | |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयन पश्चात् निम्नलिखित लक्ष्यहरू हासिल हुनेछन्ः

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | (५ वर्ष) |
| १ | अपुग दरबन्दीमा गाउँपालिकाको स्रोतबाट शिक्षक व्यवस्थापन | निरन्तर | १२ | १२ | १२ | १२ | १२ | ६० | |
| २ | असल अभ्यासका लागि भ्रमण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | शिक्षकको विषयगत, पेसागत सञ्जाल विकास गर्ने | विषय | ५ | - | - | - | - | ५ | |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग कार्यक्रम | विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ५ | शिक्षकका विषयगत सञ्जालहरूलाई सहयोग कार्यक्रम गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | गाउँपालिकास्तरमा शिक्षक छनोटका लागि प्रश्न बैङ्क बनाउने | पटक | १ | - | - | - | - | १ | |
| ७ | सिकाइ उपलब्धिका आधारमा उत्कृष्ट शिक्षक सम्मान | जना | २ | २ | २ | २ | २ | १० | |
| ८ | निजीस्रोत र गाउँपालिका स्रोतबाट नियुक्त शिक्षकका लागि उपदान व्यवस्थापन गर्ने कार्यविधि निर्माण | पटक | १ | - | - | - | - | १ | |
| ९ | माध्यमिक तहमा अपुग शिक्षक व्यवस्थापन | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० | |

## ४.३ शैक्षिक समता तथा समावेशीकरण

नेपाल सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो। यस छत्रदेव गाउँपालिकामा पनि सामाजिक-सांस्कृतिक विविधता पाइन्छ। यस विविधतालाई पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतर्फ ऐतिहासिक रूपमा पनि यही विविधताका आधारमा सामाजिक विभेद र वञ्चितीकरणमा परेका समुदाय पनि छन्। उदाहरणका लागि दलित, जनजाति, अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू, आर्थिक तथा शारीरिक रूपमा, भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक विविधताको प्रभाव शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ। त्यसैगरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याइ सहभागी बनाउन थप प्रयास आवश्यक छ।

उल्लिखित विविधता भएको हाम्रो समाजमा विविधतालाई पहिचान दिनु, सम्मान गर्नु, सेलिब्रेसन गर्नु र व्यक्तिगत विभिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ। बालबालिकाहरूमा रहेका उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक पर्ने अवस्था सिर्जना गरी समता कायम गर्नु आवश्यक छ। शिक्षामा विविधता, समता र समावेशीकरण प्रवर्धन गर्नु आवश्यक छ। यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्त्वपूर्ण र अत्यावश्यक छ। विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुऱ्याइ अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू निराकरण गर्नुपर्छ। यस्ता बाधाहरू भौतिक तथा स्रोत सामग्रीसँग सम्बन्धित हुन सक्छन् भने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुन सक्छन्। कतिपय बाधाहरू संरचनागत पनि हुन्छन्।

समता तथा समावेशिता सम्बन्धी केही समिति तथा क्रियाकलापहरू, प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा लगायत अन्य सम्बन्धित विषयगत खण्डमा समावेश गरिएको भए तापनि उल्लिखित उपक्षेत्रसँग अन्तरसम्बन्धित महत्त्वपूर्ण विषयका रूपमा यसलाई अलग्गै प्रस्तुत गरी योजनाको समग्र खाकामा समावेश गरिएको छ।

#### ४.३.१ **वर्तमान अवस्था**

नेपालको संविधानको प्रस्तावनामा नेपाललाई समावेशी बनाउने व्यवस्था उल्लेख गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकका रूपमा लिँदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा आधारभूत तहसम्मको शिक्षा पाउने हक हुने कुरा व्यवस्था गरेको छ । अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ ले पनि समावेशितालाई समेट्ने प्रयास गरेको छ। यस गाउँपालिकामा पनि संविधान, ऐन तथा नियम अनुसार शैक्षिक समता तथा समावेशीकरणका विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ।

अपाङ्गता भएका बालबालिकाहरू यस गाउँपालिकाभित्र ३९ जना रहेका छन् । ती बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याउने उद्देश्यका साथ एउटा विशेष विद्यालय सञ्चालनमा रहेको छ। आर्थिक रूपले विपन्न बालबालिकाहरूलाई छात्रवृत्तिको रूपमा नेपाल सरकारबाट आउने नियमित छात्रवृत्ति उपलब्ध हुँदै आएको छ । अहिलेको महङ्गीको समयमा नेपाल सरकारले व्यवस्था गरेको नियमित छात्रवृत्तिले खास प्रभाव पार्न सकेको छैन। शिक्षालाई समता तथा समावेशीकरण गर्नका लागि आवश्यकतानुसार पाठ्यक्रम, पाठ्यपुस्तकको व्यवस्था गर्नुका साथै स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकका विषयवस्तुमा समेत समावेशीकरणलाई अवलम्बन गरी विकास गरिएको छ। विभिन्न कठिन परिस्थिति सिर्जना हुँदासमेत यस गाउँपालिका भित्रका बालबालिकाहरू शिक्षाबाट वञ्चित भएका छैनन् । कोभिडको महामारीको समयमा विद्यार्थीहरूको पढाइलाई निरन्तरता दिनका लागि यस गाउँपालिकाले स्थानीय टेलिभिजन मार्फत् शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेको थियो भने स्थानीय तह भित्रका सबै सामुदायिक विद्यालयहरूलाई टेलिफोनबाट शिक्षा, टोल शिक्षा, अनलाइन कक्षा सञ्चालन समेत गरेको थियो। खेलकुद तथा अतिरिक्त क्रियाकलापहरू गाउँपालिकाभित्र नियमित सञ्चालन भइरहेका छन् । खेलकुद क्षेत्रमा हेर्दा विद्यालयस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता प्रत्येक वर्ष सञ्चालन हुँदै आइरहेको छ। खेलकुद क्षेत्रलाई प्रवर्धन गर्नका लागि वडास्तरीय अध्यक्ष कप भलिबल प्रतियोगिता, वडास्तरीय क्रिकेट प्रतियोगिता जस्ता खेलकुदका कार्यक्रमहरू निरन्तर सञ्चालन भइरहेका छन् । विद्यालयमा प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप सञ्चालन हुँदै आइरहेका छन् । बालबालिकाहरूलाई व्यवहारिक र जीवनोपयोगी शिक्षा प्रदान गर्ने उद्देश्यका साथ प्रत्येक महिनाको अन्तिम शुक्रबार 'बुक फ्री फ्राइडे' को रूपमा अध्यापन कार्य सञ्चालन नगरी अतिरिक्त क्रियाकलाप तथा परम्परागत सिपहरूलाई पुस्तान्तरण गर्नका लागि सिप विकासका कार्यक्रमहरू शैक्षिक सत्र २०८० बाट सञ्चालन हुँदै आइरहेका छन्। पाठ्यक्रममा तोकिएका उद्देश्यहरू पूरा गर्नका लागि समय समयमा स्थानीय धार्मिक सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको क्षेत्र भ्रमण साथै वार्षिक रूपमा जिल्लाभित्र वा बाहिरका अन्य स्थलहरूको समेत भ्रमण गरी विषयवस्तुलाई टेवा पुऱ्याउने खालका गतिविधिहरू सञ्चालन हुँदै आइरहेका छन्। यद्यपि आर्थिक अवस्था कमजोर भएका विद्यालय तथा समुदाय रहेका क्षेत्रबाट टाढा-टाढा र लामा भ्रमणहरू हुन सकिरहेका छैनन्। यस गाउँपालिकामा शिक्षक नियुक्ति तथा व्यवस्थापनमा समावेशीतालाई कार्यान्वयन गर्न प्रयास भइरहेको छ। अस्थायी तथा करार र स्वयंसेवक शिक्षकको खुला प्रतियोगितात्मक परीक्षाबाट छनोट गरी व्यवस्थापन हुँदै आइरहेको छ।

माथिको अवस्थालाई विश्लेषण गर्दा शैक्षिक क्षमता तथा समावेशीकरणमा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ।

१. दलित, जनजाति, अन्य मातृभाषी समुदाय, अल्पसंख्यक सांस्कृतिक समुदाय, आर्थिक तथा शैक्षिक रूपमा पछाडि परेका समुदायका नागरिकहरूको शिक्षामा समतामूलक पहुँच पुऱ्याउने,

२. सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच सुनिश्चित गर्ने,

३. अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका र सामाजिक रूपले पछि परेका बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्ने,

४. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री शैक्षिक वातावरण निर्माण गर्ने,

५. पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलाप लगायत सम्पूर्ण शैक्षिक प्रणालीमा विविधता, क्षमता तथा समावेशिता अभिवृद्धि गर्ने,

६. विद्यालयमा कुनै पनि प्रकारका भेदभाव, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री बनाउने,

### ४.३.२ उद्देश्य

यस योजनामा शैक्षिक समता र समावेशीताका देहायबमोजिमका उद्देश्यहरू राखिएको छ।

- दलित, जनजाति, अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदाय, आर्थिक तथा शैक्षिक रूपमा पछाडि परेका समुदायका नागरिकहरूको शिक्षामा सहभागितामूलक पहुँच पुर्‍याउनु,
- सबै किसिमका अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चित गर्नु,
- दलित, जनजाति, अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदाय, आर्थिक तथा शैक्षिक रूपमा पछाडि परेका समुदायका नागरिकहरूको सिकाइ सहभागितामा वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
- अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ सहभागितामा वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु र विद्यालयमा टिकाउनु,
- विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री शैक्षिक वातावरण निर्माण गर्नु,
- पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया लगायत सम्पूर्ण शैक्षिक प्रणालीमा शैक्षिक समता तथा समावेशिता अभिवृद्धि गर्नु,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु,

### ४.३.३ रणनीतिहरू

योजनामा उल्लिखित उपलब्धिहरू हासिल गर्नका लागि निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिनेछः

- स्थानीय तहमार्फत् घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइनेछ।
- सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्ग मैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गरिनेछ।
- अपाङ्गताको प्रारम्भिक लेखाजोखा गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको आवश्यकतानुसार प्रबन्ध मिलाइनेछ।
- आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूका लागि छात्रवृत्तिको प्रबन्ध मिलाइनेछ।
- कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिनेछ।
- दलित, जनजाति, अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदाय, आर्थिक तथा शैक्षिक रूपमा पछाडि परेका व्यक्तिहरूको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधारका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिनेछ।
- पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री शिक्षण सिकाइ क्रियाकलाप लगायत समग्र शैक्षिक प्रणालीमा शैक्षिक समता तथा समावेशिता अभिवृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ।
- विद्यालयमा अभिभावकको संलग्नता बढाइनेछ।
- शिक्षा सम्बन्धी योजना निर्माणमा समावेशितालाई प्राथमिकतामा राखिनेछ।
- अस्थायी, करार तथा स्वयंसेवक शिक्षक व्यवस्थापनमा समावेशितालाई प्राथमिकतामा राखिनेछ।
- स्रोत कक्षा सञ्चालन भएका विद्यालयहरूको लागि आवश्यक व्यवस्थापन मिलाइने छ।
- फरक क्षमता भएका बालवालिकाहरूको लागि आवश्यक सिकाइ सामाग्री व्यवस्थापन गरिनेछ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

यस योजनाको कार्यान्वयन पश्चात् निम्नानुसारका प्रमुख उपलब्धि तथा नतिजा हासिल हुनेछन् ः

- लक्षित समूहका बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भइ सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ।

### ख) नतिजा तथापरिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट तलको तालिकामा उल्लिखित नतिजाहरू हासिल हुनेछन्ः

| क्र.सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | | १% | ०.५% | ०% | ०% | ०% | |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १:१.०१ | १:१.०१ | १:१.०१ | १:१.०१ | १:१.०१ | १:१.०१ | |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १:१.०२ | १:१.० | १:१.० | १:१.० | १:१.० | १:१.० | |
| ४ | अपाङ्गता भएका बालबालिकाको सङ्ख्या | ३९ | | | | | | |
| ५ | दलित विद्यार्थीहरूको सङ्ख्या | ११६२ | | | | | | |
| ६ | जनजाति विद्यार्थीहरूको सङ्ख्या | १२५७ | | | | | | |
| ७ | अल्पसङ्ख्यक सांस्कृतिक समुदायका विद्यार्थीहरूको सङ्ख्या | २७७ | | | | | | |
| ८ | विद्यालयमा अभिभावकको संलग्नताको अवस्था (प्रतिशत) | २० | ४० | ६० | ८० | ९० | १०० | |
| ९ | योजना निर्माणमा समावेशिताको अवस्था | भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | शिक्षक व्यवस्थापनमा समावेशिताको अवस्था | भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयन पश्चात् निम्नलिखित लक्ष्यहरू हासिल हुनेछन्ः

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | स्थानीय तहका व्यक्तिको अवस्था/सिकाइ आवश्यकता पहिचान गर्ने संयन्त्र विकास गर्ने | पटक | १ | - | - | - | - | १ | |
| २ | शिक्षाको अवसरबाट वञ्चित हुने कारणको पहिचान गर्ने | निरन्तर | - | - | - | - | - | - | |
| ३ | विद्यालय बाहिर भएका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन जनसहभागितासहितको कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीका आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यालयमा कुनै प्रकारको भेदभाव, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चिता गर्न संयन्त्र स्थापना गर्ने | निरन्तर | - | - | - | - | - | | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री तथा सिकाइ क्रियाकलापमा समता र समावेशिताका दृष्टिले परीक्षण तथा सुधार गर्ने | निरन्तर | - | - | - | - | - | | |
| ७ | लक्षित समूहका विद्यार्थीहरूको विद्यालयमा भएको निरन्तरताको अवलोकन गर्ने | निरन्तर | - | - | - | - | - | | |
| ८ | विद्यालयमा अभिभावकको संलग्नताको अवलोकन गर्ने | निरन्तर | - | - | - | - | - | | |
| ९ | अस्थायी, करार तथा स्वयंसेवक शिक्षक व्यवस्थापनमा समावेशीकरण सिद्धान्त अवलम्बन गर्ने | निरन्तर | - | - | - | - | - | | |
| १० | विभेद अन्त्यका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

विद्यार्थीको पोषण र स्वास्थ्यले उनीहरूको शिक्षा प्राप्त गर्ने विषयमा प्रभाव पार्दछ। गुणस्तरीय जीवनयापन तथा समाजका विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउनका लागि पोषण र विद्यालय स्वास्थ्य कार्यक्रम महत्त्वपूर्ण हुने हुँदा विद्यार्थीको स्वास्थ्य र पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। बालबालिकाको राम्रो शिक्षाका लागि राम्रो स्वास्थ्य आवश्यक हुन्छ। बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरूको प्राप्ति सहज हुनुपर्दछ। विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण कार्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न, विद्यार्थीको भर्ना र टिकाउ दर बढाउन तथा अनुपस्थित हुने दर र बिचमा छोड्ने दर घटाउन सहयोग गर्दछ। शारीरिक रूपमा स्वस्थ र तन्दुरुस्तहुँदै गर्दा यसले प्रत्यक्ष रूपमा मानसिक र भौतिक उपलब्धिहरू हासिल गर्न सहयोग गर्ने हुँदा विद्यालयमा पोषण तथा स्वास्थ्यका कार्यक्रम सान्दर्भिक छन्।

#### ४.४.१ वर्तमान अवस्था

विद्यालय पोषण कार्यक्रम अन्तर्गत नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको अनुदानमा दिवा खाजा कार्यक्रम सुरु भएको थियो। नेपाल सरकारले हाल सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था गरेको छ। दिवा खाजा कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थीहरूमा पोषणको अवस्था सुधार गर्नु रहेको छ।विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत हाल वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधी वितरण, आवश्यकतानुसार प्राथमिक उपचार सामग्रीको बाकस, आइरन चक्की वितरण, छात्राहरूका लागि सेनिटरी प्याड वितरण, किशोर किशोरी  कार्यक्रम लगायतका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।

छत्रदेव गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम सञ्चालित छ। दिवा खाजाका लागि विद्यालयहरूमा विद्यालयमै खाजा तयार गर्ने वा क्याटरिङ मार्फत् खाजा खुवाउने गरिएको छ। न्यून खाजा खर्चका बाबजुद विद्यालय दिवा खाजामा पोषणको मात्रा पर्याप्त गराउन प्रयास गरिए पनि यो प्रभावकारी हुन सकिरहेको छैन। विभिन्न स्वास्थ्य संस्था तथा गाउँपालिकाको स्वास्थ्य शाखा मार्फत् विद्यार्थीहरूका लागि जुकाको औषधी, आइरन चक्की, सेनिटरी प्याड वितरण भएका छन्। विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था प्रभावकारी हुन सकेको छैन। केही विद्यालयहरूमा हरित विद्यालयको अवधारणामा कामहरू सुरु भएका छन्। यी कामहरू पर्याप्त छैनन्।विद्यालयमा त्यो भएको हो कि शौचालय तथा शुद्ध खानेपानीको प्रभावकारी व्यवस्थापन समेत हुनसकेको छैन। विद्यालय परिसर सामान्यतया सफा रहेका छन्। माथिको अवस्थालाई विश्लेषण गर्दा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम अन्तर्गत निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छः

१. दिवा खाजाका लागि पर्याप्त बजेटको व्यवस्थापन गर्ने,
२. विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने,
३. दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उपजसँग जोड्ने,
४. दिवा खाजा कार्यक्रमको लागि उपयुक्त मेनु विकास गर्ने,
५. हरेक विद्यालयमा सफा शौचालय र शुद्ध पिउने पानीको व्यवस्थापन गर्ने,
६. जुकाको औषधी, आइरन चक्की लगायतको वितरण प्रणालीलाई प्रभावकारी बनाउने,
७. बालबालिकाको पोषण र स्वास्थ्यको विषयमा अभिभावकलाई सचेत बनाउने,

#### ४.४.२ उद्देश्य

यस योजनामा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम अन्तर्गत देहायबमोजिमका उद्देश्यहरू राखिएको छ।

१. दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्नु,
२. सबै विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउनु,
३. विद्यालयको भौतिक वातावरण सफा र स्वच्छ बनाउनु,
४. बालबालिकाको पोषण र स्वास्थ्यको विषयमा अभिभावकलाई सचेत बनाउनु,
५. सबै विद्यालयमा WASH सहितको शौचालय र सुरक्षित खानेपानीको व्यवस्था मिलाउनु,
६. विद्यार्थीको स्वास्थ्य स्थिति सुदृढ गर्नु,

### ४.४.३ रणनीतिहरू

योजनामा उल्लिखित उपलब्धिहरू हासिल गर्नका लागि निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिनेछः

- दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादन प्रयोग गर्न प्रोत्साहन गरिनेछ।
- दिवा खाजा कार्यक्रमका लागि गाउँपालिकास्तरमा मेनु तयार गरी कार्यान्वयन गरिनेछ।
- विद्यालय परिसर हरियाली कायम गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ।
- अभिभावक शिक्षा कार्यक्रममार्फत् स्वास्थ्य र पोषणको बारेमा अभिभावकलाई सचेतीकरण गरिनेछ।
- सबै विद्यालयमा WASH सहितको शौचालयको व्यवस्था गरिनेछ।
- विद्यालय नर्स कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।
- सबै विद्यालयमा सुरक्षित खानेपानीको व्यवस्था गरिनेछ।
- हरेक विद्यालयमा सामग्री सहितको प्राथमिक उपचार बाकस वितरण गरिनेछ।
- जुकाको औषधी, आइरन चक्की र सेनिटरी प्याड वितरण कार्यलाई प्रभावकारी बनाइनेछ।
- आधारभूत तहका सबै कक्षामा दिवा खाजाका लागि पहल गरिनेछ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

यस योजनाको कार्यान्वयन पश्चात् निम्नानुसारका प्रमुख उपलब्धि तथा नतिजा हासिल हुनेछन् ः

- विद्यालयमा अध्ययनरत सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको हुनेछ।
- विद्यालयको वातावरण सफा, स्वस्थ र हराभरा हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट तलको तालिकामा उल्लिखित नतिजाहरू हासिल हुनेछन्ः

| क्र.सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | दिवा खाजा प्राप्त गर्ने कक्षा | बा.वि. देखि कक्षा ५ सम्म | | | | | | |
| २ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण भएका विद्यार्थी सङ्ख्या | नभएको | सबै | सबै | सबै | सबै | सबै | |
| ३ | सुरक्षित खानेपानी सुविधा पुगेका विद्यालय सङ्ख्या | ४ | १० | १५ | २० | ३० | ३५ | |
| ४ | आवश्यक स्वच्छतासहित शौचालयको सुविधा भएका विद्यालय सङ्ख्या | १८ | २२ | २५ | ३० | ३३ | ३५ | |
| ५ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | १५ | ३० | ३५ | ४५ | - | - | |
| ६ | नर्सिङ सेवा पुगेका विद्यालय सङ्ख्या | ० | २ | ४ | ६ | ८ | - | |
| ७ | विद्यालय परिसरमा फूलबारीसहितका हरित विद्यालय सङ्ख्या | ० | ५ | १० | २० | ३० | ४५ | |
| ८ | स्वास्थ्य र पोषणको विषयमा अभिभावक शिक्षा कार्यक्रम | निरन्तर | - | - | - | - | - | |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसारका क्रियाकलापहरू सञ्चालन गरिनेछः

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | दिवा खाजा मेनु तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | दिवा खाजा कार्यक्रममा स्वच्छता कायम गर्नका लागि शिक्षक प्रशिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा सरसफाइ सामग्री वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यालयहरूमा सुरक्षित खानेपीको व्यवस्थापन | वटा | ६ | ५ | ५ | १० | ५ | ३१ | |
| ६ | विद्यालयहरूमा स्वच्छता सहितको शौचालयको व्यवस्था | वटा | ४ | ३ | ५ | ३ | २ | १७ | |
| ७ | छात्राहरूका लागि सेनिटरी प्याड र आइरन चक्कीको व्यवस्था | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ८ | जुकाको औषधी र सूक्ष्म पोषक तत्त्व वितरण | निरन्तर | - | - | - | - | - | - | |
| ९ | विद्यालयका लागि सामग्रीसहितको प्राथमिक उपचार बाकस प्रदान तथा विद्यालयमा प्राथमिक उपचार भएको अवस्था | वटा | ४५ | - | - | - | - | ४५ | |
| १० | विद्यालयमा नर्स व्यवस्था | जना | २ | २ | २ | २ | - | ८ | |
| ११ | स्वास्थ्य र पोषणको विषयमा अभिभावक सचेतीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | विद्यालय फूलबारी निर्माणका लागि अनुदान व्यवस्था | सङ्ख्या | ५ | ५ | १० | १० | १५ | ४५ | |
| १३ | सेनिटरी प्याड र फोहोर व्यवस्थापनका लागि उपकरण जडान सङ्ख्या | जना | ४ | ४ | ४ | ४ | २ | १८ | |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

विद्यालयको भौतिक संरचना विभिन्न किसिमका विपद्बाट जोगिन सक्ने खालको हुनु आवश्यक हुन्छ। विद्यालय सुरक्षाको अवधारणा अन्तर्गत सम्बन्धित जोखिमको पूर्व तयारी, आपतकालिन अवस्थामा क्षति कम हुनेगरी व्यवस्थापन गर्ने र विपद्को क्षतिको आवरण गर्ने विषयहरू समेटिन्छन्।

भौगोलिक तथा अन्य कारणले हाम्रो विद्यालयहरू विभिन्न प्रकारका विपद् जोखिममा रहेका छन्। विभिन्न प्रकारका विपद्को जोखिम न्यूनीकरण गरी शिक्षण सिकाइ प्रक्रिया सुचारु गर्नु आवश्यक हुन्छ। प्राकृतिक विपद् तथा विभिन्न महामारीहरू समेतमा विद्यालयमा सकेसम्म धेरै सुरक्षित वातावरण कायम गर्न आवश्यक छ। कुनै पनि विपद् आए पनि उक्त विपद् समाधान गर्ने तथा जोखिम न्यूनीकरण गरी हाम्रा संरचना निर्माण हुनु आवश्यक हुन्छ। अर्कोतर्फ विपद् पश्चात विपद्बाट भएको क्षति तथा अप्ठ्यारोपन छोटो समयमै पार गरी विद्यालयहरू पूर्ववत् रुपमा फर्काउन सकिने गरी व्यवस्थापन गर्नुपर्ने हुन्छ। हाम्रा विद्यालयहरू विपद् तथा महामारीबाहेक अन्य जोखिमबाट समेत सुरक्षित रहनु आवश्यक छ। बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले तय गरेका नौ ओटा क्षेत्रमध्ये एउटा क्षेत्र सुरक्षा भन्ने राखिएको छ। त्यसैगरी विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका, २०७८ ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्नुपर्ने व्यवस्था गरेको छ। विद्यालयलाई भेदभाव,दुर्व्यवहारर शोषणसमेतबाट मुक्त राखी सिकाइ निरन्तरता गर्नुपर्ने आवश्यक छ।

### ४.५.१ **वर्तमान अवस्था**

वि.स. २०७२ सालको भूकम्पबाट प्रभावित सम्पूर्ण विद्यालयको पुनःनिर्माण कार्य सम्पन्न भएको छ। कोभिड-१९ को महामारीको समयमा वैकल्पिक सिकाइको लागि गाउँपालिकाले अङ्ग्रेजी, गणित र विज्ञान विषयका रेकर्ड गरिएका अन्तरक्रियात्मक कक्षाहरू स्थानीय टेलिभिजनबाट प्रसारण गरिएको थियो। उक्त कार्यक्रम अत्यन्त प्रभावकारी भएको थियो। विपद्को जोखिम न्यूनीकरण र सुरक्षाको विवरण तथा प्रतिकार्य योजना हरेक विद्यालयले वार्षिक रूपमा विद्यालय सुधार योजनामा समावेश गर्ने गरिएको छ। स्थानीय साधन स्रोतबाट निर्माण गरिएका विद्यालय संरचनाहरू विपद्बाट सुरक्षित रहन सक्ने गरी निर्माण गरिएको छ। विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताका लागि अन्य संस्थाहरूले समेत विद्यालयसँग सहकार्य गरेका छन्।

विद्यालयको वातावरण बालमैत्री बनाउनका लागि विविध कार्यक्रमहरू सञ्चालन भएका छन्। बालबालिकाहरूलाई विद्यालयमा भेदभाव, दुर्व्यवहार, हेपाई तथा शोषण नहुनेगरी व्यवस्थापन भएको छ। विभिन्न विपद् तथा आपतकालीन अवस्थामा गर्नुपर्ने विभिन्न तयारीहरू स्थानीय तह र विद्यालयले गर्नुपर्नेछ। विद्यालयका हरेक संरचनाहरू सुरक्षित बनाउन तथा विपत्तिपछिको उत्थानशीलताका लागि आवश्यक व्यवस्थापन गर्नु आवश्यक देखिन्छ। विपद्को अवस्थामा सिकाइ प्रक्रिया निरन्तर गर्न वैकल्पिक माध्यमको प्रयोग गर्न सक्ने जनशक्ति विकास गर्नु आवश्यक देखिन्छ।

विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलताका सन्दर्भमा निम्नानुसार चुनौतीहरू पहिचान गरिएको छः

१. विपद् व्यवस्थापन संयन्त्र र कार्यढाँचा विकास गर्ने,
२. विपद् व्यवस्थापन तथा उत्थानशीलताका लागि स्रोत व्यवस्थापन गर्ने,
३. तत्कालीन अवस्थामा वैकल्पिक सिकाइका कार्यक्रमहरू सञ्चालन गरी सिकाइ निरन्तर गर्ने,
४. विभिन्न जोखिम तथा महामारीबाट कम क्षति हुनेगरी भवनहरू निर्माण तथा पुनर्निमाण गर्ने,
५. जोखिमको अवस्थामा सिकाइ निरन्तरताका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने तथा पहुँचमा विस्तार गर्ने,
६. विभिन्न प्राकृतिक प्रकोप तथा महामारीबाट सुरक्षित रहने गरी विद्यालयमा अभ्यास गर्ने,

### ४.५.२ **उद्देश्यहरू**

विद्यालय सुरक्षा ,विपद् न्यूनीकरण तथा उत्थानशीलतासँग सम्बन्धित यस योजनाका उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

१. विपद् व्यवस्थापन संयन्त्र कार्यढाँचा विकास गर्नु,
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणालीको विकासका लागि भौतिक, मानवीय तथा आर्थिक सहयोगको व्यवस्थापन गर्नु,
३. जोखिमको अवस्था सिकाइ निरन्तरताका लागि सूचना तथा सञ्चार प्रविधि र अन्य वैकल्पिक सिकाइका कार्यहरूका लागि संरचना विकास गर्नु,
४. विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्य मापदण्डअनुरूप गर्नु,
५. विद्यालयको वातावरण पूर्णरूपमा सुरक्षित र बालमैत्री बनाउनु,

### ४.५.३ **रणनीति**

उल्लिखित उद्देश्यहरू पूरा गर्नका लागि निम्न अनुसारको रणनीतिहरू अवलम्बन गरिनेछ।

१. शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद् तथा सङ्कटको पूर्वानुमान गरिनेछ।
२. गाउँपालिकास्तरीय विपद् प्रतिकार्यको संयन्त्र निर्माण गरिनेछ।
३. सम्भावित प्रकोप तथा विपद्बाट बँच्ने उपायहरूका बारेमा जानकारी गराइनेछ।
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायको तयारी गरिनेछ।
५. सम्भावित जोखिमयुक्त विद्यालयका भवनको पुनःनिर्माण गरिनेछ।
६. जोखिम न्यूनीकरण तथा उत्थानशीलताका लागि आवश्यक पर्ने सामग्रीको प्रबन्ध गरिनेछ।
७. विपद् व्यवस्थापनको पूर्व तयारी, प्रतिकार्य र पुनःलाभमा अन्य निकायको सहभागिता वृद्धि गरिनेछ।

८. विद्यालय शान्तिक्षेत्र सम्बन्धी अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
९. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरिनेछ।
१०. विपद् व्यवस्थापनका लागि विद्यालयको क्षमता विकास गर्ने गरिनेछ।
११. विभिन्न जोखिम तथा महामारीबाट सुरक्षित रहने उपायहरूको बारेमा विद्यार्थीहरूलाई अभिमुखीकरण गरिनेछ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- विपद् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।
- विद्यालयस्तरीय कार्ययोजना तयार भएको हुनेछ।
- आपतकालीन अवस्थामा प्रयोग गर्नको लागि वैकल्पिक सिकाइ विधि/संरचना तयार भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयन पश्चात निम्न अनुसारका नतिजाहरू प्राप्त हुनेछन्ः

| क्र. सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | विभिन्न जोखिमका समयमा सुरक्षित रहने उपायका बारेमा विद्यार्थीहरूलाई अभिमुखीकरण कार्यक्रम | | १ | २ | ३ | ४ | ५ | |
| २ | जोखिमयुक्त अवस्थामा रहेका भवन पुनःनिर्माण | | २ | ४ | ६ | ८ | १० | |
| ३ | महामारीका समयमा सिकाइ निरन्तरताका लागि तयार गरिएका वैकल्पिक साधनहरू | | १ | - | - | - | - | |
| ४ | विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरिएका विद्यालय | ३५ | ४५ | - | - | - | - | |
| ५ | विपद् प्रतिकार्यका लागि तालिम प्राप्त शिक्षक | ० | १० | २० | ३० | ४० | ५० | |
| ६ | विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक सामग्री प्राप्त विद्यालय | ० | १० | २० | ३० | ४० | ४५ | |
| ७ | विद्यालय संरचनाहरूको सबलीकरण | ० | २ | ४ | ६ | ८ | १० | |
| ८ | निरन्तर र सुरक्षित सिकाइका लागि विद्यार्थी शिक्षक समूह गठन भएका विद्यालयको सङ्ख्या | ० | ४५ | - | - | - | - | |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

यस योजनाका उद्देश्य पूरा गर्नको लागि निम्न अनुसारका क्रियाकलाप गरिनेछः

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | विपद् व्यवस्थापन संयन्त्र र कार्यढाँचा विकास | पटक | १ | - | - | - | - | १ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास सम्बन्धी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | विद्यालय स्तरीय विपद् प्रतिकार्य योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | जोखिमयुक्त अवस्थामा रहेका विद्यालय भवनको पुनःनिर्माण गर्ने | वटा | २ | २ | २ | २ | २ | १० | |
| ५ | विद्यालय संरचनाहरूको सबलीकरण | वटा | २ | २ | २ | २ | २ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | निरन्तर र सुरक्षित सिकाइ क्रियाकलापका लागि विद्यार्थी शिक्षक समूहगठन गर्ने | वटा | ४५ | - | - | - | - | ४५ | |
| ७ | विपद् प्रतिकार्यका लागि शिक्षक तालिम | जना | १० | १० | १० | १० | १० | ५० | |
| ८ | विपद् प्रतिकार्यका लागि विद्यार्थी अभिमुखीकरण | जना | २० | २० | २० | २० | २० | १०० | |
| ९ | जोखिम न्यूनीकरणका लागि अभिभावक/ विद्यालय व्यवस्थापन समितिलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | महामारीका समयमा प्रयोग गर्न सकिने सिकाइका वैकल्पिक साधनको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

बालबालिकालाई विद्यालयमा भर्ना हुनका लागि सुरक्षितविद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसापिसाबका लागि शौचालय र सफा पानी पिउनका लागि खानेपानी व्यवस्था, र भौतिक पूर्वाधार विद्यालयमा आधारभूत संरचना हुन्। विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास कक्षाका लागि प्रतिविद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तथा माध्यमिक तहका लागि प्रतिविद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रको मापदण्ड शिक्षा नियमावली, २०५९ मा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, शुद्ध खानेपानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने; विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिमयुक्त बनाउन सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री हरित विद्यालयका रूपमा विकास गर्ने नीति तथा व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेका सबैका लागि सुरक्षित भौतिक पूर्वाधार एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको उपलब्धिका आधारमा शिक्षाक्षेत्रको योजनामा समेत विद्यालय भौतिक पूर्वाधार विकास प्रस्ताव गरिएको छ। सोही केन्द्रीय नीतिबमोजिम यस गाउँपालिकाले पनि आफ्नो क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयको भौतिक पूर्वाधार विकासको अवस्था विश्लेषण गरी सुधार गर्ने योजना प्रस्ताव गरेको छ।

### ४.६.१ वर्तमान अवस्था

छत्रदेव गाउँपालिकामा हाल ४५ सामुदायिक विद्यालय र ५ संस्थागत विद्यालय रहेका छन्, जसमध्ये सामुदायिक विद्यालयका ३१ वटा कच्ची भवन, ४० वटा पक्की भवन र ४५ट्रस्ट गरी जम्मा ११२ भवनमा ३८६ कक्षा कोठा रहेका छन्। हालसम्म पनि ६ ओटा विद्यालयमा भवन अपुग रहेको अवस्था छ। प्रधानाध्यापकका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था भएका ३ वटा माध्यमिक विद्यालय रहेका छन् । ८ वटा विद्यालयमा अलग्गै कम्प्युटर प्रयोगशाला रहेको छ । यसै गरी ७ वटा माध्यमिक विद्यालयमा छुट्टै कोठामा पुस्तकालय र ८ वटा माध्यमिक विद्यालयमा छुट्टै कोठामा विज्ञान प्रयोगशाला रहेको छ। सबै विद्यालयमा गरी जम्मा शौचालयको सङ्ख्या १२४ वटा रहेको छ। ४ वटा माध्यमिक विद्यालयमा खानेपानीको आपूर्ति प्रभावकारी भएको देखिँदैन। सबै विद्यालयमा शुद्ध खानेपानीको व्यवस्थापन गर्न सकिएको छैन। यस गाउँपालिका भित्रका ४ वटा माध्यमिक विद्यालयमा मात्र शुद्ध खानेपानीको व्यवस्था भएको छ।

२०७५ सालको विनाशकारी भूकम्पबाट ३ वटा विद्यालयका कक्षा कोठामा क्षति पुगेको थियो । जसमध्ये हाल सबै विद्यालयहरूमापुनःनिर्माण कार्य सम्पन्न भइसकेको छ। सबै विद्यालयमा आवश्यकतानुसार विद्यालय भवन निर्माण तथा कक्षाकोठा निर्माणका लागि स्थानीय तहको बजेट मात्र पर्याप्त नभएकाले प्रदेश सरकार र सङ्घीय सरकारसँग समन्वय गरिएको छ । सबै विद्यालयमा अझै पनि शुद्ध खानेपानी, खेलमैदान, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, गणित प्रयोगशाला, बुक कर्नर तथा आइसिटिको व्यवस्थापन गर्न सकिएको छैन। सबै विद्यालयमा प्रशासकीय कक्ष छुट्टै गराउन सकिएको छैन।

माथिको समस्यालाई विश्लेषण गर्दा विद्यालय भौतिक पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेको देखिन्छः

१.विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक स्वरूप तथा यसका लागि आवश्यक भूमिका स्पष्ट पार्ने।

२. पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी एवम् जवाफदेही बनाउने।

३. सुरक्षित विद्यालय बनाउन आवश्यक भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास गर्ने,
४. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि गुरूयोजना विकास गर्ने,
५. आवश्यक स्रोतको व्यवस्थापन गर्ने,
६. पूर्वाधारहरूलाई अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाउने,
७. भवन तथा भौतिक पूर्वाधारपुनःनिर्माणतथा नयाँ निर्माणका लागि निरन्तरता दिने,

### ४.६.२ उद्देश्य

माथि उल्लिखित चुनौतीका आधारमा निम्न अनुसार उद्देश्य तयगरिएको छः

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु,
३. सुरक्षित पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,
४. गुणस्तरीय पूर्वाधार विकासका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु,
५. विद्यालय भवनहरू आवश्यकतानुसार रङरोगन गर्नु,

### ४.६.३ रणनीति

यस योजनामा तोकिएका उद्देश्यहरू पूरा गर्न निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिनेछ ः

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह तथा विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौतिक क्षेत्रको आधारमा मापदण्ड विकास गरिनेछ।
२. विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकैपटक गर्नेगरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गरिनेछ।
३. विद्यालय शिक्षामा सञ्चालित विद्यालयको विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधार पूर्ण परिभाषित गरिनेछ।
४. विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन स्वरूप विकास गरिनेछ।
५. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एवम् मर्मत सम्भार गरिनेछ।
६. पूर्वाधार निर्माणसँग सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थाको क्षमता अभिवृद्धि गरिनेछ।
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैर सरकारी तथा समुदायमा आधारित संस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्न आवश्यक समन्वय गरिनेछ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

यो योजना कार्यान्वयन पश्चात् निम्नानुसारका मुख्य उपलब्धि हासिल हुनेछन् ः

- सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने,
- विद्यालयका भौतिक संरचना बालमैत्री अपाङ्गमैत्री र सुरक्षित हुने,

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयन पश्चात् मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य निम्नानुसार हासिल हुनेछन्।

| क्र.सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | भूकम्प प्रतिरोधी विद्यालय भवन सङ्ख्या | ८५ | ८६ | ८७ | ८८ | ८९ | ९० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | नयाँ निर्माण गर्ने कक्षा कोठाको सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | |
| ३ | घेराबार तथा पर्खाल निर्माण गर्नु पर्ने विद्यालय | ३० | ६ | १२ | १८ | २४ | ३० | |
| ४ | आधारभूत तहमा कम्प्यूटर सामग्री व्यवस्थापन भएका विद्यालय | ० | ५ | १० | १५ | २० | २५ | |
| ५ | खेल मैदान निर्माण | १ | १ | २ | ३ | ४ | ५ | |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसारका क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छः

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | विद्यालय कक्षाकोठा निर्माण | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० | |
| २ | विद्यालयमा बनेका संरचनाको संरक्षण तथा मर्मत सम्भार र फर्निचरको व्यवस्था | विद्यालय सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | |
| ३ | विद्यालय घेराबार तथा पर्खाल निर्माण | विद्यालय सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | |
| ४ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | | |
| ५ | विद्यालयको भौतिक निर्माणमा वातावरणीय सुरक्षा सम्बन्धी विषय समावेश गर्ने कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | ५ | |
| ६ | कम्प्युटर प्रयोगशाला व्यवस्थापन गर्ने | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ७ | आधारभूत तहका विद्यालयमा पुस्तकालय स्थापना | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | |
| ८ | विद्यालय भवन रंङरोगन | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० | |

## ४.७. सूचना तथा सञ्चार प्रविधि

सूचना तथा सञ्चार प्रविधिको कुसल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग गर्दछ। सूचना तथा प्रविधिको प्रयोगले विश्वबजारको माग अनुसारका प्रतिस्पर्धी विद्यार्थी निर्माण गर्न मद्दत गर्दछ। शिक्षामा सूचना तथा सञ्चार तथा प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पर्‍याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनको रुपमा प्रयोग गरी सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतीलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिनु पर्दछ।उल्लिखित चारओटा मार्गदर्शक सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले शिक्षा क्षेत्र सुधार गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ मा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने, Connectivity पुर्‍याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्तिको संरचना तयार गर्ने विषय उल्लेख गरिएको छ। त्यसैगरी विद्यालय क्षेत्र विकास कार्यक्रममा शिक्षणसिकाइमा सूचना प्रविधिको प्रयोगको लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान/गणित/अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षणसिकाइ सामग्री प्रदान गर्ने, नमूना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर (CGAS) कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने मुख्य क्रियाकलापहरू रहेका थिए। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली WEB मा आधारित बनाइए पनि धेरैजसो विद्यालयमा कम्प्युटर लगायत सूचना प्रविधि सम्बन्धी सामग्री वा Internet Connectivity को अभावले

पूर्णरूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन् ।

कोभिड-१९ को महामारीले यसको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपद् तथा महामारीमा पनि शिक्षणसिकाइलाई निरन्तरता दिने कार्यमा यसले महत्त्वपूर्ण सहयोग पुऱ्याउनुका साथै आवश्यकतालाई थप पुष्टि गरेको छ। विभिन्न प्रकारका विपद् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्दछ। अहिलेको परिवेशमा सूचना तथा सञ्चार प्रविधिले अनलाइन कक्षाहरू सञ्चालन गर्न, भौगोलिक कारण शिक्षाको पहुँचबाट टाढा रहेका बालबालिकाहरूलाई खुला तथा दूर सिकाइको लागि सहज बनाएको छ। सूचना तथा सञ्चार प्रविधिले शिक्षा लिनको लागि अनिवार्य उपस्थित हुने पर्ने  बाध्यतालाई हटाएको छ।अहिलेको परिवेशमा डिजिटल स्मार्ट बोर्ड, इ-पुस्तकालय अनिवार्य नै भएको छ। विद्यालयमा हुने शिक्षण सिकाइ क्रियाकलापलाई सहज, सरल र प्रभावकारी गराइ बालबालिकाहरूको दिगो सिकाइलाई समेत सूचना तथा प्रविधिले सहयोग पुऱ्याएको छ।

### ४.६.१ वर्तमान अवस्था

छत्रदेव गाउँपालिकाका सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT in Education) अनुदान उपलब्ध गराइएको छ। छत्रदेव गाउँपालिकामा वर्तमान अवस्थामा सबै सामुदायिक विद्यालयमा इन्टरनेटको व्यवस्था छ। सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा प्रविधि सम्बन्धी संरचना तयार गर्ने, Connectivity पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय योजनामा उल्लेख गरिएको छ। हाल मल्टिमिडियासमेतको सुविधा भएका ८ ओटा माध्यमिक विद्यालय, स्मार्ट बोर्ड भएको ३ वटा विद्यालय छन् । छत्रदेव गाउँपालिकाका अधिकांश विद्यालयमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशाला ८ ओटा, कम्प्युटर प्रयोगशाला ८ ओटा विद्यालयमा छन् । सबै सामुदायिक माध्यमिक विद्यालयमा कम्प्युटर प्रयोगशाला रहेको छ भने आधारभूत विद्यालयमा कम्युटर प्रयोगशाला नभएको अवस्था छ।

कतिपय आधारभूत तथा माध्यमिक विद्यालयहरूले विभिन्न व्यक्ति तथा संघसंस्थामार्फत् यस्ता सामग्री प्राप्त गरेका छन् । एकातिर साधन तथा संरचना बढाउन आवश्यक छ भने अर्कोतिर यसको प्रभावकारी प्रयोगको लागि क्षमता अभिवृद्धि गर्नुपर्नेछ। केही मात्रामा डिजिटल सामग्री निर्माण भए तापनि ती सामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध नहुनु, भएका सामग्रीहरू पनि अन्तरक्रियात्मक नहुनु र सहज रूपमा प्राप्त हुननसक्नु जस्ता समस्याहरू रहेका छन् । सबै विद्यालयबाट प्रतिनिधित्व हुने गरी क्षमता विकास गर्न विभिन्न किसिमका सामग्री विकास गर्ने तथा तालिम सञ्चालन गर्ने कार्यमा चुनौतीहरू सामना गर्नुपरेको छ। धेरै विद्यालयमा विद्युतको पहुँच पुगेको भएता पनि शिक्षणसिकाइमा भन्दा प्रशासनिक कार्यमा कम्प्युटरको प्रयोग भइरहेको, कम्प्युटर भए तापनि प्रयोग नभएको अवस्था पनि विद्यमान छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा विकास गरेका डिजिटल सामग्रीको केही विद्यालयमा बाहेक धेरै विद्यालयमा प्रयोगभएको छैन। डिजिटल स्मार्ट बोर्ड भएका विद्यालयमा पनि बोर्डको प्रयोग कहिले काँही युट्यूब भिडियो बालबालिकालाई देखाउने बाहेक अन्य काममा प्रयोग गरिएको छैन। स्मार्टबोर्ड पनि एउटामात्र हुँदा पालो कुरेर फरक-फरक कक्षाका विद्यार्थीहरूलाई देखाउनु पर्ने बाध्यता छ। स्मार्ट बोर्ड प्रयोग सम्बन्धी तालिम नहुँदा धेरै शिक्षकहरू स्मार्ट बोर्डको कामबारे अनविज्ञ छन्। अझै पनि यस गाउँपालिका भित्रका विद्यालयहरू इ-पुस्तकालयको पहुँचमा नहुनुलाई पनि समस्याको रुपमा रहेको छ। यसरी हेर्दा सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको साधन उपलब्ध गराउनु पर्नेछ भने अर्कोतर्फ साधनहरूको प्रभावकारी प्रयोगको लागि शिक्षकहरूलाई तालिम दिनुपर्ने अवस्था छ। माध्यमिक तह तथा आधारभूत तह (कक्षा ६-८) का शिक्षकहरूलाई सूचना तथा सञ्चार प्रविधि तालिम सञ्चालन गरे तापनि आधारभूत तह (कक्षा १-५) का शिक्षकहरूलाई तालिम सञ्चालन गर्नुपर्ने छ। सम्बन्धित निकायबाट साधनको प्रयोग भए नभएको अनुगमनलाई निरन्तरता दिनु पर्नेछ। सरकारी तथा अन्य संस्थाहरूबाट हाल सञ्चालनमा रहेका प्रविधिमा आधारित विभिन्न विधि तथा पद्धतिलाई अझ समयसापेक्ष बनाउन सके मात्र उपलब्ध सुविधाहरूलाई अधिकतम उपयोग गर्नसकिने देखिन्छ।

उल्लिखित समीक्षाका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत संरचनाको व्यवस्था गर्ने,
- सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरणको व्यवस्था तथा त्यसको सञ्चालन र प्रयोगको लागि क्षमता विकास गर्ने,

- डिजिटल समग्रीको प्रयाप्त विकास र पहुँच पुऱ्याउने,
- विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुने गरी सामग्री विकास र प्रयोग गर्ने,
- सबै सामुदायिक विद्यालयका विद्यार्थीहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुऱ्याउने,
- सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा ल्याउने,
- गाउँपालिका भित्रका दुईवटै सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको व्यवस्था गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अनुगमन तथा मूल्याङ्कन गर्ने,

### ४.७.२ **उद्देश्य**

माथि उल्लिखित चुनौतीका आधारमा निम्नानुसारका उद्देश्य काम गर्न सकिन्छः

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु,
२. सबै सामुदायिक विद्यालयहरूमा आवश्यकताका आधारमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत संरचना विकास गर्नु,
३. सामुदायिक विद्यालयका शिक्षकहरूको सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्षमता विकासका लागि तालिम सञ्चालन गर्नु,
४. सबै सामुदायिक विद्यालयमा डिजिटल सामग्रीहरूको पर्याप्त विकास र पहुँच पुऱ्याउनु,
५. अपाङ्गता भएका विद्यार्थीहरूका लागि अपाङ्गताका आधारमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सामग्रीको व्यवस्था गरी प्रयोगमा जोड दिनु,
६. सबै सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत सुविधाको पहुँचमा विस्तार गर्नु,
७. सामुदायिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सुनिश्चितता गर्नु,
८. गाउँपालिका भित्रका सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको व्यवस्था गरी प्रयोगको सुनिश्चितता गर्नु,
९. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अवस्थाबारे नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु,

### ४.७.३ **रणनीतिहरू**

माथिका उल्लिखित उद्देश्यहरू पूरा गर्नका लागि निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिनेछ :

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको विस्तार गरी सबैको पहुँचमा पुऱ्याइनेछ।
२. सबै सामुदायिक विद्यालयहरूमा आवश्यकतानुसार सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत संरचनाको विकास गरिनेछ।
३. माध्यमिक विद्यालयहरूमा डिजिटल कम्प्युटर प्रयोगशाला तथा इ-पुस्तकालयको व्यवस्था गरिनेछ।
४. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्षमता विकासका लागि शिक्षकहरूको तालिमको व्यवस्था गरिनेछ।
५. सबै सामुदायिक विद्यालयहरूमा डिजिटल सामग्रीहरूको आवश्यकतानुसार व्यवस्था गरिनेछ।
६. अपाङ्गता भएका विद्यार्थीहरूका लागि अपाङ्गताका आधारमा विद्यार्थीहरूलाई आवश्यक शैक्षिक प्रविधिका सामग्रीहरूको व्यवस्था गरिनेछ।
७. सबै सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत सुविधाको पहुँच पुऱ्याउन कम्प्युटर, प्रिन्टर र इन्टरनेटको सुविधालाई निरन्तरता दिइनेछ।
८. सूचना तथा सञ्चार प्रविधिको नियमित प्रयोगको सुनिश्चितता गरिनेछ।
९. सामुदायिक सूचना केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापन गरी प्रयोगलाई निरन्तरता दिइनेछ।
१०. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अवस्थाबारे नियमित अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गरिनेछ।
११. IEMIS को डाटालाई सत्यापन गरिनेछ।
१२. सबै विद्यालयका सबै कक्षाकोठामा प्रविधिको विस्तार गरिनेछ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भई गुणस्तरमा सुधार भएको हुनेछ।
- सामुदायिक विद्यालयका शिक्षकहरूको सूचना प्रविधि सम्बन्धि क्षमता विकास भएको हुनेछ।
- सबै विद्यालयहरूमा सूचना प्रविधिका आधारभूत पूर्वाधार विकास भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

यो योजना कार्यान्वयन पश्चात् निम्नानुसारका नतिजा तथा परिमाणात्मक लक्ष्य हासिल हुनेछन् :

| क्र. सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/२०८६ | |
| १ | इन्टरनेट जडान भएका विद्यालय सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | |
| २ | कम्प्युटरको पहुँच भएका विद्यालय सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | |
| ३ | कम्प्युटर प्रयोगशाला भएका विद्यालय सङ्ख्या | ८ | १० | १२ | १५ | १८ | २० | |
| ४ | डिजिटल स्मार्ट बोर्ड भएका विद्यालय सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ | १० | |
| ५ | सूचना प्रविधि सम्बन्धी तालिम प्राप्त शिक्षकको सङ्ख्या | ७१ | ९१ | १११ | १३१ | १५१ | १७१ | |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयन पश्चात् निम्नलिखित लक्ष्यहरू हासिल हुनेछन्ः

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्ने | निरन्तर | - | - | - | - | - | - | |
| २ | विद्यालयमा डिजिटल बोर्डको व्यवस्थापन गर्ने | सङ्ख्या | १ | १ | १ | १ | २ | ६ | |
| ३ | शिक्षक, कर्मचारीहरूलाई ICT सम्बन्धी तालिमको व्यवस्था गर्ने | २० | २० | २० | २० | २० | २० | १०० | |
| ४ | अपाङ्ग विद्यार्थीहरूको लागि आवश्यक प्रविधियुक्त सामग्रीको व्यवस्था गर्ने | विद्यालय सङ्ख्या | १ | - | - | - | - | १ | |
| ५ | शिक्षक छनोट गर्दा ICT सिप भएकालाई प्राथमिकतामा राख्ने | निरन्तर | - | - | - | - | - | | |
| ६ | सबै कक्षाकोठालाई प्रविधियुक्त कक्षाकोठामा रुपान्तरण गर्ने | वटा | १ | १ | १ | १ | २ | ६ | |
| ७ | IEMIS कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने | निरन्तर | - | - | - | - | - | - | |
| ११. | सबै विद्यालयमा कम्प्युटर प्रयोगशाला स्थापना तथा व्यवस्थापन गर्ने | वटा | २ | २ | ३ | ३ | २ | १२ | |
| १२ | शैक्षिक व्यवस्थापनमा सूचना प्रविधिको तालिम | ० | ४५ | - | - | - | - | ४५ | |
| १३ | इन्टरनेट, विद्युत र खानेपानी महशुल | सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | |
| | | | | | | | | | |

# परिच्छेद ५

# सुशासन तथा व्यवस्थापन

सुशासन भन्नाले असल शासनलाई बुझिन्छ । शिक्षा क्षेत्रको यो योजनाको प्रभावकारी कार्यान्वयनको लागि तथा योजनाको उद्देश्य प्राप्तिका लागि उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारीबोध वा जवाफदेहीता, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गर्नुपर्छ । शिक्षाजस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय गरी कार्यान्वयन गर्ने, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्ने, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्ने, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्ने, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ ।

यस योजना कार्यान्वयनमा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आ-आफ्नो भूमिका अनुसार सुशासन कायम गर्न उल्लिखित सबैको योगदान आवश्यक हुन्छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनगमन तथा मूल्याङ्कन जस्ता क्षेत्रहरू समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरूलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरू, रणनीतिहरू, उपलब्धिहरू, नतिजाहरू र मुख्य क्रियाकलापहरू र लक्ष्य निर्धारण गरि ७ वटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

नेपालको संविधानमा विद्यालय शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी अनुसूची-९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा रूपमा हुनेगरी राखिएको छ भने अनुसूची-८ मा आधारभूत र माध्यमिक तहको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिइएको छ । यसरी हेर्दा विद्यालय शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी हरेक तहका सरकारलाई दिइएको छ ।

यस योजनाको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी छत्रदेव गाउँपालिकाको रहेको छ । योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय, प्रधानाध्यापक, शिक्षक लगायत मुख्य संयन्त्रका रूपमा रहेका छन् ।

यस शिक्षा योजनामा उल्लेख गरिएका उद्देश्य पूरा गर्नको लागि सरोकारवालहरूको क्षमता विकास हुन आवश्यक देखिन्छ ।

### ५.१.१ वर्तमान अवस्था

वर्तमान अवस्थामा यस गाउँपालिकामा शिक्षा क्षेत्र व्यवस्थापन गर्ने गरी शिक्षा, युवा तथा खेलकूद शाखा रहेको छ । शाखामा एक जना शिक्षा अधिकृत र एकजना प्राविधिक सहायक गरी जम्मा २ जना कर्मचारीको दरबन्दी रहेको छ । शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, गाउँपालिकास्तरीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कनका लागि विद्यालय, शिक्षा समिति र गाउँपालिकाबिच समन्वय स्थापित गरी आवश्यक सहजीकरण गर्नु शिक्षा शाखाको प्रमुख दायित्व रहेको छ ।

स्थानीय तहमा शिक्षाका गतिविधिहरू सञ्चालनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले महत्त्वपूर्ण दिशा निर्देश गरेको छ । छत्रदेव गाउँपालिकामा स्थानीय शिक्षा ऐन समेत तयार गरी कार्यान्वयनमा रहेको छ । शिक्षा क्षेत्रका विभिन्न गतिविधिहरू सञ्चालनको लागि गाउँ कार्यपालिकाबाट विभिन्न कार्यविधिहरू स्वीकृत भई लागू भएका छन् । शिक्षाक्षेत्रका गतिविधि व्यवस्थित

गर्नको लागि गाउँ शिक्षा समिति गठन भएको छ। गाउँपालिकाको आवधिक योजना निर्माण भई कार्यान्वयनको चरणमा रहेको छ। यस गाउँपालिकामा हरेक वर्ष समयमै स्थानीय बजेट निर्माण, स्वीकृति र कार्यान्वयन हुने गरेको छ। स्थानीय सरकारको बजेट तथा कार्यक्रममा शिक्षा क्षेत्रको लागि उल्लेख्य बजेट विनियोजन हुने गरेको छ।

यस गाउँपालिकामा सञ्चालित जम्मा ४५ वटा सामुदायिक विद्यालयहरूमा ३०४ शिक्षक, ८ जना कार्यालय सहायक र ३६ जना कार्यालय सहयोगी कार्यरत रहेका छन् । सबै विद्यालयहरूमा प्रधानाध्यापकको व्यवस्था रहेको छ । गाउँपालिकाभर सञ्चालित विद्यालयहरूमध्ये धेरैजसो विद्यालयहरूमा सूचना प्रविधिको कम्तीमा एकजना दक्ष शिक्षकको व्यवस्था रहेको छ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको गठन भएको छ। माध्यमिक तह सञ्चालन भएका सबै विद्यालयहरूमा लेखा हेर्ने कर्मचारीको व्यवस्था रहेको छ। सबै विद्यालयहरूमा सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गरेका छन्। विद्यालयहरूका बालक्लब गठन भएका छन्।

विद्यालयमा गुनासो सुनुवाइ संयन्त्रकोविकास भएको छ भने विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था रहेको छ । विविधताव्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन्।

विद्यालयहरू सञ्चालनको लागि संघ तथा प्रदेश सरकारबाट सशर्त सहितका विभिन्न शीर्षकमा बजेट प्राप्त हुने गरेको छ। यस गाउँपालिकामा सञ्चालित धेरैजसो विद्यालयहरूको आन्तरिक आर्थिक स्रोतको अवस्था कमजोर रहेको छ । गाउँपालिकाको आन्तरिक स्रोतसमेत कमजोर रहेकोले आर्थिक स्रोत व्यवस्थापनमा केही जटिलताहरू देखिएका छन् ।छत्रदेव गाउँपालिकाको शिक्षा शाखामा सिमित कर्मचारी रहेको कारणले सुपरिवेक्षण तथा अनुगमनका कार्यहरू भने अपेक्षाकृत रूपमा प्रभावकारी हुन सकेका छैनन्।

शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासको क्षेत्रमा देखिएका चुनौतीहरू निम्नानुसार रहेका छन्।

- गाउँपालिकाको शिक्षा शाखा र विद्यालयहरूमा आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,
- विद्यालयका प्रधानाध्यापक र शिक्षक तथा कर्मचारीहरूको क्षमता विकास गर्ने
- विद्यालयहरूका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,

### ५.१.२ **उद्देश्य**

यस योजनाले शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकाससँग सम्बन्धित निम्नानुसारका उद्देश्यहरू तय गरिएको छ।

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
२. योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत क्षमता अभिवृद्धि गर्नु,
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु,
४. शिक्षाको क्षेत्रमा संलग्न व्यक्तिहरूलाई कार्यसम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रति जवाफदेही बनाउनु,

### ५.१.३ **रणनीतिहरू**

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,
३. शिक्षा क्षेत्रका विभिन्न निकायमा कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
५. प्रधानाध्यापकको करार सम्झौता गरी थप जिम्मेवार बनाउने,
६. विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गरी थप जिम्मेवार बनाउने,
७. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने।

## ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ।
- शिक्षाक्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास भएको हुनेछ।

ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट प्राप्त हुने मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य तालिकामा उल्लेख गरिएको छ।

| क्र.सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १. | माध्यमिक तहमा नेतृत्व तथा व्यवस्थापन तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | ८ | - | - | - | - | |
| २. | आधारभूत तहमा नेतृत्व तथा व्यवस्थापन तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | २५ | - | - | - | - | |
| ३. | समयमै सामाजिक परिक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | | ४५ | ४५ | ४५ | ४५ | ४५ | |
| ४. | कार्यसम्पादन क्षमता विकास कार्यक्रममा सहभागी विद्यालय व्यवस्थापन समिति सङ्ख्या | | २० | - | - | - | - | |
| ५. | कक्षागत र विषयगत दरबन्दी पूरा भएका विद्यालय सङ्ख्या | | ४५ | ४५ | ४५ | ४५ | ४५ | |
| ६. | व्यवस्थित रूपमा सञ्चालन भएका सामुदायिक सिकाइ केन्द्र सङ्ख्या | | २ | - | २ | २ | २ | |
| ७. | शिक्षक विद्यार्थी र अभिभावकका आचारसंहिता टाँस भएका विद्यालय सङ्ख्या | ० | सबै | सबै | सबै | सबै | सबै | |
| ८. | विद्यालय वडापत्र तयारी गरी टाँस भएका विद्यालय सङ्ख्या | ० | सबै | सबै | सबै | सबै | सबै | |
| ९. | गुनासो सुनुवाई संयन्त्र तथा सूचना अधिकारी तोकिएका विद्यालय सङ्ख्या | ८ | सबै | सबै | सबै | सबै | सबै | |

## ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसारका क्रियाकलापहरू गरिने छ।

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | आधार वर्ष | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १. | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गर्ने | सङ्ख्या | १ | - | - | - | - | १ | | |
| २. | माध्यमिक तहका प्रधानाध्यापकहरूलाई नेतृत्व तथा व्यवस्थापन तालिम सञ्चालन गर्ने | सङ्ख्या | ८ | - | - | - | - | ८ | | |
| ३. | आधारभूत तहका प्रधानाध्यापकहरूलाई नेतृत्व तथा व्यवस्थापन तालिम सञ्चालन गर्ने | सङ्ख्या | २५ | - | - | - | - | २५ | | |
| ४. | विद्यालयहरूले तोकीएको समयमा सामाजिक परीक्षण गरी प्रतिवेदन पेश गर्ने | सबै विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | आधार वर्ष २०८१/८२ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| ५. | विद्यालय व्यवस्थापन समितिको लगि कार्यसम्पादन क्षमता विकास कार्यक्रममा सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ६. | शिक्षक विद्यार्थी र अभिभावकका आचारसंहिता तयार गरी सबै विद्यालयमा टाँस गर्ने | पटक | १ | - | - | - | - | १ | | |
| ७ | विद्यालय वडापत्र तयारी गरी सबै विद्यालयमा टाँस गर्ने | पटक | १ | - | - | - | - | १ | | |
| १०. | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको स्थापना गर्ने | सङ्ख्या | ८ | - | - | - | - | ८ | | |
| ११. | विद्यालयहरूमा सूचना अधिकारी र गुनासो सुन्ने संयन्त्र विकास गर्ने | सङ्ख्या | सबै | | | | | | | |
| १२. | शिक्षा सम्बन्धी वार्षिक बुलेटिन प्रकाशन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

यस योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि कार्यान्वयनको उपयुक्त प्रबन्ध आवश्यक पर्छ। कुनैपनि योजनाका उपलब्धि हासिल गर्न सफल रूपमा कार्यान्वयन हुनु जरुरी हुन्छ। योजनामा उल्लिखित क्रियाकलापहरू तोकिएको समयमा सम्पन्न गर्न, रणनीतिहरू कार्यान्वयन गर्न र लक्ष्य हासिल गर्नका लगि कार्यान्वयन संयन्त्रको समेत योजना बनाउनुपर्ने हुन्छ।

योजनाको कार्यान्वयन प्रबन्ध अन्तर्गत आवश्यक नीति, कानून तथा मापदण्ड विकास, आवश्यक जनशक्ति तयारी, आवश्यक संरचना र संगठन विकास जस्ता कुराहरू पर्दछन्। गाउँपालिकाले निर्माण गरेको शैक्षिक योजना कार्यान्वयनका लागि उपयुक्त प्रबन्ध गर्नु पर्ने हुन्छ। सम्बन्धित संगठनहरू परिचालन, जनशक्तिको व्यवस्थापन, नीतिनियम तथा जिम्मेवारी र उत्तरदायित्व आदिको व्यवस्थापन गरेमा योजना सफल हुन सक्छ। योजना कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तह सबैको भूमिका रहन्छ। योजना स्थानीय तहमा कार्यान्वयन हुने भएकोले यसको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहको नै हुन्छ। योजना कार्यान्वयन गर्दा दिगोपन, प्रभावकारिता र कार्यकुशलतामा ध्यान दिनु पर्छ।

यसै परिच्छेदको अघिल्लो खण्डमा योजनाका लागि आवश्यक संगठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू उल्लेख गरिएको छ। यस खण्डमा योजनाको कार्यान्वयन प्रक्रिया र जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ।

### ५.२.१ वर्तमान अवस्था

नेपालमा सङ्घीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार कृयाशील भइ केही कानूनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण भएका छन्। यसै अनुरूप छत्रदेव गाउँपालिकामा शिक्षा क्षेत्रका गतिविधिहरू सञ्चालन गर्ने मुख्य निकायको रूपमा शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ। शाखामा एकजना अधिकृत र एकजना प्राविधिक सहायक रहने गरी दरबन्दीको व्यवस्था रहेको छ जुन दरबन्दी सङ्ख्या आफैमा अत्यन्त न्यून हो।

यस गाउँपालिकामा सञ्चालित प्राय विद्यालयहरूमा तहगत र विषयगत शिक्षक दरबन्दी पर्याप्त रहेको छ। विद्यालयमा कार्यरत प्रधानाध्यापक र शिक्षकहरूमध्ये धेरैजना योग्य, तालिम प्राप्त र माथिल्लो शैक्षिक योग्यता समेत प्राप्त रहेको अवस्था छ।स्थानीय

सरकार गठन भएदेखि नै स्थानीय सरकारको वार्षिक नीति तथा बजेटमा शिक्षा क्षेत्रलाई छुट्टै शीर्षक अन्तर्गत सम्बोधन भएका छन् । शिक्षा क्षेत्रमा अत्यावश्यक देखिएका कार्यसम्पादन गर्नका लागि बजेट विनियोजन भएका छन् । शिक्षाक्षेत्रमा विनियोजित बजेट कार्यान्वयनमा उल्लेख्य प्रगति देखिएको छ।

गाउँपालिका स्तरमा शिक्षाका गतिविधिहरू सञ्चालनमा सहयोग गर्नका लागि गाउँ शिक्षा समिति गठन भई सक्रिय रूपमा कार्य गरेको छ। गाउँपालिका भरमा परीक्षा, मूल्याङ्कन तथा वार्षिक कार्यतालिका निर्माणको लागि परीक्षा समिति गठन भइ कार्यसम्पादन भएको छ। गाउँपालिकाको शिक्षा क्षेत्रका कार्यक्रमहरूलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि विभिन्न ऐन, नियम तथा कार्यविधिहरू स्वीकृत भएका छन् ।शिक्षा क्षेत्रको यो पाँचवर्षे योजनाको प्रभावकारी कार्यान्वयन गरी उपलब्धि हासिल गर्नको लागि योजना कार्यान्वयन संयन्त्रको व्यवस्था गर्नुपर्ने हुन्छ। योजनामा उल्लिखित क्रियाकलापहरूका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नुपर्ने छ। आवश्यक ऐन, नियम, कार्यविधिको निर्माण तथा योजनका कार्यान्वयन सम्बन्धमा प्रबोधिकरण लगायतका कार्यक्रमको प्रबन्ध गर्नुपर्ने हुन्छ।

यस योजनको कार्यान्वयन प्रबन्ध अन्तर्गत निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छः

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संयन्त्रको विकास गर्ने,
- शिक्षा योजनाको कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको व्यवस्था मिलाउने,
- योजनाको कार्यान्वयनका लागि सहजीकरण तथा सहायता प्रदान गर्ने ।

### ५.२.२ उद्देश्य

यस योजनाको कार्यान्वयनको प्रबन्ध अन्तर्गत निम्नानुसारका उद्देश्यहरू तय गरिएको छ :

१.शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.३ रणनीतिहरू

यस योजनका उद्देश्यहरू पूरा गर्नको लागि निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिनेछ।

१. योजना कार्यान्वयनको लागि आवश्यक कानून, नीति तथा कार्यविधि तर्जुमा गरिनेछ।

२. योजनाको कार्यान्वयनको लागि प्रभावकारी सहयोग/सहायता प्रणाली/संयन्त्र विकास गरिनेछ।

३. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत् प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरिनेछ।

४. कार्यक्रम कार्यान्वयनको अवस्था नियमित रूपमा अनुगमन गरी नतिजाको विवरण तयार पार्ने, समिक्षा गर्ने र आवश्यक थप सुधार गरिनेछ।

५. विद्यालयहरूमा नियमित रूपमा विद्यालय सुधार योजना निर्माण तथा यस योजनाका आधारमा नियमित अध्यावधिक गरिनेछ।

६. निर्धारित कार्यक्रमको सफल कार्यानवयनको लागि विद्यालय प्रधानाध्यापकलाई आवश्यक क्षमता विकास सहित जिम्मेवारी दिइ उत्तरदायी बनाइनेछ।

७. अभिभावक तथा सरोकारवालाहरूसँग आवश्यक अन्तरक्रिया तथा छलफल गरिनेछ।

८. सामुदायीक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

९. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया तथा अन्य आवश्यक स्रोतको व्यवस्थापनको लागि मापदण्ड तयार गरी लागू गरिनेछ।

### ५.२.४ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित भएको हुनेछ।

ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट प्राप्त हुने मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य तालिकामा उल्लेख गरिएको छ।

| क्र.सं. | सूचक | आधार वर्ष | परिमाणात्मक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | योजनाको प्रभावकारी कार्यान्वयन संयन्त्र गठन | | १ | - | - | - | - | |
| २. | योजना कार्यान्वयन स्थिति अनुगमन र समिक्षा कार्यक्रम सङ्ख्या | | २ | ४ | ६ | ८ | १० | |
| ३. | विद्यालय सुधार योजना अद्यावधिक गर्ने विद्यालय सङ्ख्या | | सबै | सबै | सबै | सबै | सबै | |
| ४. | अभिभावक अन्तरक्रिया कार्यक्रम सङ्ख्या | | २ | ४ | ६ | ८ | १० | |
| ५. | सामुदायिक सिकाइ केन्द्रमार्फत् निरन्तर सिकाइ हासिल गर्ने सिकारु सङ्ख्या | | ५० | १०० | १५० | २०० | २५० | |
| ६. | योजना कार्यान्वयन क्षमता विकास तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | २० | ४५ | - | - | - | |

### ५.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रभावकारी कार्यान्वयनको लागि निम्नानुसारका क्रियाकलापहरू गरिने छ।

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | | |
| १. | योजना कार्यान्वयनको लागि आवश्यक कानून, नीति तथा कार्यविधि निर्माण गर्ने | समिति सङ्ख्या | १ | - | - | - | - | १ | | |
| २. | योजना कार्यन्वयन सहायता संयन्त्र गठन गर्ने | पटक | १ | - | - | - | - | १ | | |
| ३. | वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४. | कार्यक्रमको अनुगमन, समिक्षा र सुधार गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | | |
| ५. | विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने | पटक | सबै विद्यालयमा हरेक वर्ष गर्ने | | | | | | | |
| ६. | योजनाको प्रबोधिकरण कार्यक्रम | सङ्ख्या | ६० | - | - | - | - | ६० | | |
| ७. | स्रोत साधन व्यवस्थापन तथा कार्यान्वयनको लागि मापदण्ड विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८. | मसलन्द खर्च | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## परिच्छेद : ६

# लगानी र स्रोत व्यवस्थापन

संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँचसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ। यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था गर्नु आवश्यक छ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ।

उन्नत समाज निर्माणको लागि गुणस्तरीय शिक्षा प्रमुख आधार हो। शिक्षाको गुणस्तर अभिवृद्धिको लागि शिक्षा क्षेत्रको लगानी वृद्धि हुनु आवश्यक हुन्छ। बालबालिकालाई शैक्षिक अवसर र सहभागिता, उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता; र स्रोतको समतामूलक वितरण र उपयोगका लागि योजनाबद्ध कार्यक्रम आवश्यक पर्छन्।

यस परिच्छेदमा परिच्छेद ३, ४ र ५ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापका लागि आवश्यक बजेट अनुमान, प्रक्षेपण, स्रोत पहिचान र व्यवस्थापन गर्नेबारेमा उल्लेख गरिएको छ।

### ६.१ वर्तमान अवस्था

स्थानीय तहको वित्तीय स्रोतका लागि सङ्घीय स्रोतबाट प्राप्त सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ। समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदान सङ्घीय सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित सङ्घीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनका लागि खर्च गर्ने गरी स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ।

स्थानीय तहले सङ्घीय वा प्रदेश सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदान बाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजश्व बाँडफाँटबाट प्राप्त हुने बजेटबाट पनि शिक्षामा बजेट विनियोजन गर्ने गरेका छन्।

गाउँपालिकास्तरमा विभिन्न संघसंस्थाबाट समेत केही मात्रामा शिक्षामा लगानी भएको छ। अन्य संघसंस्थाको लगानीमा वृद्धि गर्न सकेमा शिक्षा क्षेत्रमा अझ बढी प्रगति हुन सक्ने सम्भावना रहेका छन्। स्थानीय तहको साधन स्रोतको सीमितताले गर्दा शिक्षामा उल्लेख्य लगानी हुन सकेको छैन। तथापि विद्यालय शिक्षाका महत्त्वपूर्ण क्षेत्रहरूमा गाउँपालिकाको आफ्नो स्रोतको लगानी वृद्धि गर्नुपर्ने देखिन्छ।

वर्तमान सङ्घीय संरचनामा शिक्षक तलबभत्ता, छात्रवृत्ती, दिवाखाजा, पाठ्यपुस्तक लगायतका क्षेत्रहरूमा खर्च हुनेगरी स्थानीय तहहरूलाई सशर्त बजेट विनियोजन हुने गरेकोछ। स्थानीय तहहरूले आफ्नो स्रोत तथा अन्य अनुदानबाट समेत शिक्षा क्षेत्रमा लगानी गरिरहेको अवस्था छ। शिक्षाको बजेट बढाउनु पर्ने विषयमा सबै सरोकारवाला निकायहरू एकमत रहेको देखिएतापनि व्यवहारमा त्यसो हुन सकेको छैन। हरेक वर्ष शिक्षाक्षेत्रको बजेट आकारमा वृद्धि भएतापनि समग्रमा सो वृद्धि देखिने गरी भएको देखिँदैन। हाम्रो परिवेशमा तल्लो कक्षाहरूमा लगानी न्यून देखिन्छ। शिक्षामा गुणस्तरको कुरा गर्दै गर्दा लगानी बढाउन सकेमा मात्र प्रतिफल सुनिश्चित हुनसक्ने देखिन्छ।

माथिको विश्लेषणका आधारमा लगानी तथा स्रोत व्यवस्थापनका क्षेत्रमा निम्नानुसारका चुनौतीहरू पहिचान गरिएको छ :

- स्थानीय तहको आम्दानीको स्रोत व्यवस्थापन गर्ने,
- योजनाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक स्रोतको पहिचान गर्ने,

### ६.२ उद्देश्य

यस योजनाको लगानी तथा स्रोत व्यवस्थापनका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

- योजनाको लागि आवश्यक बजेटको अनुमान गर्नु,
- योजनाको बजेटका वित्तीय स्रोत पहिचान गर्नु,

- प्राथमिकताका आधारमा कार्यक्रमका लागि बजेट अनुमान गर्नु,
- खर्चको प्रक्रिया स्पष्ट गर्नु ।

### ६.३ रणनीतिहरू

उल्लिखित उद्देश्य हासिल गर्नका लागि निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिनेछ :

- कार्यक्रमगत बजेट स्पष्ट गरिनेछ।
- बजेटका स्रोतहरू पहिचान तथा सुनिश्चित हुनेछन् ।
- स्थानीय स्रोतबाट शिक्षामा गरिने लगानी वृद्धि गरिनेछ।
- अनुमानित बजेट सुनिश्चित गरिनेछ।
- शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन गरिनेछ।
- कार्यक्रमको प्राथमिकताका आधारमा पर्याप्त बजेट व्यवस्थापन गरिनेछ।
- लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।
- बजेट खर्चको कार्यविधि लागू गरिनेछ।

### ६.४ प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट निम्नानुसारका उपलब्धिहरू हासिल हुनेछन्ः

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ।

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।

### ६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटः

| क्र. सं. | सूचक | आर्थिक वर्ष (रकम रू लाखमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ६८.२५ | ७०.०० | ७२.०० | ७४.०० | ७५.०० | ३५९.२५ |
| २ | आधारभूत शिक्षा | १२३५.६८ | १२४०.०० | १२५०.०० | १२६०.०० | १२७५.०० | ६२६०.६८ |
| ३ | माध्यमिक शिक्षा | ३७८.०२ | ३८५.०० | ३९५.०० | ४०५.०० | ४१५.०० | १९७८.०२ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ६७.०० | ६९.०० | ७०.०० | ७१.०० | ७२.०० | ३४९.०० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १२.०० | १२.०० | १२.०० | १३.०० | १३.०० | ६२.०० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ९.०० | ७.०० | ९.०० | ८.०० | ९.०० | ४२.०० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ३.०० | ४.०० | ५.०० | ६.०० | ७.०० | २५.०० |
| ८ | शैक्षिक समता र समावेशीकरण | १.०० | १.०० | १.५० | १.५० | २.०० | ७.०० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ६७.०० | ७०.०० | ७५.०० | ७८.०० | ८०.०० | ३७०.०० |
| १० | विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता | ८.०० | ९.०० | १०.०० | ११.०० | १२.०० | ५०.०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | २७.०० | २७.०० | ३०.०० | ३५.०० | ४०.०० | १५९.०० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १७.०० | १७.०० | २२.०० | २२.०० | १७.०० | ९५.०० |
| १३ | सुशासन तथा व्यवस्थापन | ४.५० | ४.५० | ४.५० | ४.५० | ४.५० | २२.५० |
| १४ | स्थानीय शिक्षा योजना कार्यान्वयन प्रबन्ध | ६.५ | २.०० | २.०० | २.०० | २.०० | १४.५० |
| १५ | अनुगमन तथा मूल्याङ्कन | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | कुल जम्मा | १९०३.९५ | १९१७.५० | १९५८.०० | १९९१.०० | २०२३.५० | ९७९३.९५ |

**ख) प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटः**

| क्र. सं. | सूचक | आर्थिक वर्ष (रकम रू. लाखमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | प्रारम्भिक बालविकास रशिक्षा | | | | | | |
| २ | आधारभूत शिक्षा | | | | | | |
| ३ | माध्यमिक शिक्षा | | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | | | | | | |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | | | | | | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | | | | | | |
| ७ | शिक्षक व्यवस्थापन रविकास | | | | | | |
| ८ | शैक्षिक समता र समावेशीकरण | | | | | | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | | | | | |
| १० | विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता | | | | | | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | | | | | | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | | | | | | |
| १३ | सुशासन तथा व्यवस्थापन | | | | | | |
| १४ | स्थानीय शिक्षा योजना कार्यान्वयन प्रबन्ध | | | | | | |
